समन्यायिक निगरानी २०७१

# नेपालः दलितका लागि न्यायमा पहुँच

**समता फाउण्डेशन**

काठमाडौँ, २०७१

समन्यायिक निगरानी २०७१

# नेपालः दलितका लागि न्यायमा पहुँच

CC BY NC SA समता फाउण्डेशन, २०७१
यो क्रियटिभ कमन्स ३.० अन्तर्गत अनुमति प्राप्त प्रतिवेदन हो ।

**लेखकः**
डा. यामबहादुर किसान
रामबहादुर चर्मकार
प्रकाश नेपाली

**शृङ्खला सम्पादक (अङ्ग्रेजी):** एडवीन, ओपन स्पेस, भारत
**सम्पादन सहयोगी (अङ्ग्रेजी):** डा. जयश्री मङ्गुभाइ
**सम्पादक (नेपाली):** राजेन्द्र महर्जन
**भाषा अनुवादः** रूद्रबहादुर चर्मकार

**प्रकाशकः**
॥ समता फाउण्डेशन ॥
SAMATA foundation
सानेपा -२, ललितपुर नेपाल
पो.ब. नं. ६३३०
फोन नं. ९७७ १५५३०८५१, ५५२१७१५
इमेलः info@samatafoundation.org
वेभसाइटः www.samatafoundation.org

आवरण तस्बिरः SAMATA-CESLAM-SIPA Columbia

**ISBN:** 978-9937-9064-1-8

***स्पष्टोक्तीः*** *यो प्रकाशनमा प्रयोग गरिएका भाषा र सामग्रीप्रति समता फाउण्डेशन पूर्ण रूपमा जिम्मेवार छ र अन्य कुनै पनि व्यक्ति वा संस्थाका विचार प्रतिविम्बित भएको मानिने छैन ।*

**सहयोगः**
christian aid

# विषय सूची

**प्राक्कथन** ङ
**सारसङ्क्षेप** छ

**१ परिचय** १
१.१ नेपालमा दलित १
१.२ जातीय भेदभाव तथा छुवाछूतको सम्बोधन १
१.३ यो प्रतिवेदन किन त ? २

**२ अन्तर्राष्ट्रिय प्रावधान र दायित्व** ४
२.१ कानुनी प्रावधान ४
२.२ सन्धिजनित निकाय र विश्वव्यापी आवधिक समीक्षाका सिफारिस ५
२.२.१ कानुनी सुधार ५
२.२.२ जाहेरी तथा प्रहरी अनुसन्धान ५
२.२.३ न्यायिक छानबिन ६
२.२.४ कानुनी प्रतिनिधित्व वा उपस्थिति ६
२.२.५ न्यायपूर्ण र समतामूलक कानुनी र न्यायिक परिणाम ६
२.२.६ तालिम र सचेतना ७
२.२.७ निःशुल्क कानुनी सहायता ८

**३ राष्ट्रिय प्रावधान** ९
३.१ संवैधानिक प्रावधान ९
३.२ कानुनी प्रावधान १०
३.२.१ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ १०

**४ राष्ट्रिय नीति/कानुन र अन्तर्राष्ट्रिय मापदण्डबीच खाडल/अनुकुलता** १४

**५ देशमा जातीय भेदभाव र छुवाछूतको अवस्था** २४
५.१ जातीय भेदभाव र मानवअधिकार उल्लङ्घनका प्रकृति र स्वरूप २५
५.१.१ हिन्दू मन्दिर प्रवेशमा रोक २५
५.१.२ अन्तरजातीय विवाहमा रोक र विस्थापन २५

५.१.३ सार्वजनिक ठाउँ र प्रयोगका वस्तुमा रोकावट २७
५.१.४ सेवा प्रदान र रोजगारमा विभेद २८
५.१.५ शारीरिक शोषण र अन्याचार २८
५.१.६ बलात्कार २९
५.१.७ छुवाछूतका प्रत्यक्ष र अप्रत्यक्ष अभ्यास ३०
५.२ जातीय भेदभाव र छुवाछूत तथा मानवअधिकार उल्लङ्घनका घटनामा... ३१
५.२.१ न्यायालयको तर्फबाट सम्बोधन ३१
५.२.२ प्रहरीको तर्फबाट सम्बोधन ३२

**६ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयनको विश्लेषण** ३५
६.१ घटनाको जाहेरी दर्ता र अनुसन्धान ३५
६.२ अदालतमा मुद्दा दायर ३७
६.३ न्यायिक पुर्पक्ष अथवा सुनुवाइ ३७
६.४ अदालतहरूका अन्तिम फैसला ३८
६.५ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन र यसको कार्यान्वयनबीच रहेका खाडल ३९
६.६ ठम्याइ र सिकाइ ३९

**७ जातीय भेदभाव तथा छुवाछूतविरोधी राम्रा अभ्यास** ४१
७.१ अन्तरजातीय विवाहका जोडीको संरक्षण ४१
७.२ दलित अधिकार उल्लङ्घनका घटनालाई व्यवस्थित तरिकाले सम्बोधन ४१
७.३ सयदिने अभियानः जातीय भेदभाव तथा छुवाछूतविरूद्ध नेपाल सरकार र नागरिक समाजको संयुक्त प्रयास ४३
७.४ जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि दलित नागरिक समाजका संस्थाहरूको संयुक्त वार्षिक अभियान ४३

**८ सिफारिस तथा सुझाव** ४४
८.१ जातीय भेदभाव तथा छुवाछूतविरूद्ध संवैधानिक संरक्षण ४४
८.२ कानुनी तथा नीतिगत सुझाव ४४
८.३ योजना, कार्यक्रम र बजेटका लागि सुझाव ४५
८.४ न्यायमा पहुँच ४६
८.५ प्रहरीलाई सुझाव ४६
८.६ अदालत तथा सरकारी वकिलहरूलाई सुझाव ४७
८.७ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन र मानवअधिकार उल्लङ्घनका सन्दर्भमा तालिम तथा अनुशिक्षण ४७

**परिशिष्ट : जातीय भेदभाव तथा छुवाछूतका घटनाको विस्तृत विवरण** ४८
**सन्दर्भ सामग्री** ६४

# प्राक्कथन

नेपालका दलितहरूले आर्थिक रूपमा पिछडिएका, सामाजिक सांस्कृतिक रूपमा बहिष्कृत तथा उत्पीडित, राज्यका स्रोत, अवसर र सेवाबाट वञ्चित, राज्यका सबै संरचना र निकायमा प्रतिनिधित्वविहीन र शताब्दीऔँदेखि अछूतको व्यवहार भोगिरहेका छन् ।

२०६२/६३ सालको जनआन्दोलनपछि देशमा केही महत्त्वपूर्ण परिवर्तन भएका छन्, जसले माओवादी जनयुद्धलाई शान्तिप्रक्रिया र राष्ट्र निर्माणमा रूपान्तरण गरेका छन् । राज्यले अन्तरिम संविधान, २०६३ मा समानताको हक (धारा १३), छुवाछूत तथा जातीय भेदभावविरूद्धको हक (धारा १४), सामाजिक न्यायको हक (धारा २१) को व्यवस्था गर्दै दलितविरूद्धका शताब्दीऔँदेखिका जातीय भेदभाव तथा छुवाछूतलाई सम्बोधन गर्ने पहल गऱ्यो । तत्कालीन प्रतिनिधिसभाले २०६३ सालमा नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गऱ्यो साथै संविधानसभा व्यवस्थापिका संसद्ले २०६८ सालमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ जारी गऱ्यो, उक्त ऐनले जातीय भेदभाव तथा छुवाछूलाई दण्डनीय बनायो ।

उपरोक्त कानुनसँगै विभिन्न कार्यक्रम तथा नीतिसमेत तय गरी जातीय भेदभाव र छुवाछूतविरूद्ध सरकारको प्रयासका बाबजुद पनि देशैभरि विभेद व्याप्त छ । कानुन, नीति, कार्यक्रमको कमजोर कार्यान्वयन, प्रभावकारी अनुगमन संयन्त्रको अभाव, कानुन कार्यान्वयन गर्ने निकाय तथा अधिकारीहरूको गैरजिम्मेवारीपन तथा गैरदलित सरकारी कर्मचारीहरूको जातीय भेदभावको व्यवहारका कारण जातीय भेदभाव तथा छुवाछूत र मानवअधिकारको उल्लङ्घन भइरहेको छ । र, उपयुक्त न्याय नपाएका दलितहरू दिनानुदिन जोखिम अवस्थामा पुगेका छन् ।

समन्यायिक निगरानी २०७१ – 'नेपालः दलितका लागि न्यायमा पहुँच' नामक यो प्रतिवेदन दलितविरूद्धका भेदभाव र राज्यका तर्फबाट उक्त घटनाका सन्दर्भमा गरिएका सम्बोधनसम्बन्धी सत्यतथ्यलाई बाहिर ल्याउने प्रयास हो । अविभेदसम्बन्धी ऐन जारी भएको चार वर्ष भइसकेको छ । यस अवधिमा जातीय भेदभाव तथा छुवाछूत र मानवअधिकार उल्लङ्घनका धेरै घटनाहरू भएका छन् र राज्यका सरोकारवालाहरूले उक्त घटनाहरूलाई सोहीअनुसार सम्बोधन गर्ने प्रयास गरेका छन् । त्यसकारण, यस प्रतिवेदनले अविभेद कानुनको कार्यान्वयन, राज्यका संयन्त्रहरूको कानुन कार्यान्वयनमा सक्रियता र प्रभावकारिता तथा कानुनले गरेका महत्त्वपूर्ण व्यवस्था र प्रावधान र ऐनमा भएका कमी कमजोरीलाई समेत मध्यनजर राख्दै न्यायमा दलितको पहुँचको अवस्थालाई देखाउन खोजेको छ ।

यो प्रतिवेदन धेरै व्यक्तिको सहभागिता र प्रयासको परिणाम हो । यसै सन्दर्भमा यो अध्ययनलाई सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा प्रतिवेदनका लेखकहरू – डा. यामबहादुर किसान, रामबहादुर चर्मकार र अधिवक्ता प्रकाश नेपालीप्रति उच्च सम्मानका साथ हार्दिक आभार व्यक्त गर्दछु । एड्वीन, ओपन स्पेस

र डा. जयश्री पी. मंगुभाइले दिनुभएको मूल्यवान सल्लाह, सुझाव र सम्पादनको सहयोगप्रति आभार व्यक्त गर्दछु । यो प्रतिवेदनका लागि भाषानुवाद गर्नुहुने रूद्रबहादुर चर्मकार र सम्पादक राजेन्द्र महर्जनको अमूल्य सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु । प्रतिवेदनको तयारीमा सहयोग गर्नुहुने सबै इन्टर्न कर्मचारी र दलित मानवअधिकार रक्षकलाई मैले धन्यवाद दिनैपर्छ । यो अभियान अवधिभरि रहनुभएका समताका इआइडिएचआर परियोजना टिमका सदस्य र अनुसन्धातालाई पनि धन्यवाद नदिइरहन सक्दिनँ । नागरिक उद्योग टिम, बङ्गलादेशलाई यो प्रतिवेदनको बाहिरी आवरण पृष्ठको अवधारणा निर्माण गरी उपलब्ध गराई सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्दछु । प्रतिवेदनको कपीराइट पेजको निर्माण गरी उपलब्ध गराएकोमा म स्वाधिकार टिम, भारतलाई धन्यवाद दिन चाहन्छु ।

आफ्नो मूल्यवान सहयोगका लागि नागरिक लेखाजोखा समूहका सदस्यहरू– सुबोध प्याकुरेल, चरण प्रसाईं, प्रदीप पोखरेल, शिव गाउँले, शर्मिला कार्की, तुलानारायण साह, डा. रामकृष्ण तिमल्सिना र गजाधर सुनार तथा परियोजना सल्लाहकार समितिका सदस्यहरू– दुर्गा सोब, भक्त विश्वकर्मा, गणेश वि.के. र रेमबहादुर विश्वकर्माप्रति म हृदयदेखि नै ऋणी छु ।

अन्त्यमा यो प्रयासलाई यस अवस्थामा ल्याउन सम्पूर्ण समन्वय गर्ने क्रिश्चियन एडका क्षेत्रीय कार्यक्रम संयोजक मनिषा मजुम्दार, समता फाउण्डेशनका प्रबन्ध निर्देशक उज्ज्वल सुन्दास र राष्ट्रिय कार्यक्रम संयोजक, रामबहादुर चर्मकारप्रति म आभार व्यक्त गर्ने अवसर ठान्दछु ।

धन्यवाद ।

**पदम सुन्दास**
कार्यकारी अध्यक्ष
समता फाउण्डेशन
ललितपुर, नेपाल

मङ्सिर २०७२

# सारसङ्क्षेप

## सन्दर्भ

नेपाल एक बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक, बहुधार्मिक, धर्मनिरपेक्ष, समावेशी र लोकतान्त्रिक मुलुक हो । २०६८ सालको जनगणनाअनुसार नेपालमा १२३ भाषी र १२५ भन्दा बढी जातजाति र सांस्कृतिक समूह रहेका छन् । पहाड, तराई र नेवार दलितसमेत गरी विभिन्न २६ जातसहित करिब १३.२१ प्रतिशत जनसङ्ख्या दलित समुदायको रहेको देखिन्छ । आर्थिक रूपमा पछौटे र शोषित रहेका नेपालका दलित समुदायलाई सामाजिक सांस्कृतिक रूपमा बहिष्कृत र विभेदमा पारिएको छ, राज्यका राजनीतिक निर्णायक तह, स्रोत परिचालन, अवसर र सेवाबाट बहिष्कृत गरिएको छ, राज्यका सबै तहका संरचना र निकायमा अप्रतिनिधित्व गरिएको छ भने शताब्दीऔँदेखि अमानवीय र अछूतको व्यवहार गरिएको छ ।

## कानुनी संरचना

नेपालमा जातीय भेदभाव तथा छुवाछूतविरूद्ध गरिएका लडाइँको लामो इतिहास भए पनि जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन भने २०६८ सालमा मात्र जारी गरिएको छ । यद्यपि यस ऐनमा धेरै खाडलहरू रहेका छन् र उक्त खाडल पुर्न ऐनमा संशोधन गर्नु आवश्यक छ । यस ऐनको कार्यान्वयनका लागि नियमावली अझैसम्म बनेको छैन ।

अन्तर्राष्ट्रिय प्रावधान र मापदण्डअनुकुल पर्याप्त मात्रामा आन्तरिक कानुन नबनाइए पनि नेपालले जातीय भेदभाव र छुवाछूतको अन्त्यका लागि सबै स्वरूपका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर ाष्ट्रिय महासन्धि; आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र; नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र; महिलाविरूद्ध हुने सबै स्वरूपका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि; यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरूद्धको महासन्धि; बालअधिकारसम्बन्धी महासन्धिका साथै विश्वव्यापी आवधिक समीक्षा प्रक्रिया नियमित प्रतिवेदन बुझाउँदै धेरै अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिसम्झौताको पक्षमा हस्ताक्षर गरी प्रतिबद्धता व्यक्त गरेको छ ।

दलितमैत्री नीति, कानुन, योजना र कार्यक्रम निर्माण गरेर, दलित विकास समिति, बादी विकास समिति तथा राष्ट्रिय दलित आयोगजस्ता विकास र अनुगमनकारी निकाय स्थापना गरेर, जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयन प्रक्रियामा राज्यको दायित्व उल्लेख गरेर, ऐनप्रति प्रहरीलाई जिम्मेवार (सीमित अधिकारसहित) बनाएर र न्यायालयमार्फत प्रगतिशील निर्णय गरेर नेपाल राज्यले जातीय भेदभाव र छुवाछूत तथा मानवअधिकार हननलाई सम्बोधन गर्ने प्रयास गरिरहेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले समानताको हक (धारा-१३), छुवाछूत र जातीय विभेदविरूद्धको हक (धारा १४) तथा सामाजिक न्यायको हक (धारा २१) को व्यवस्था गरेको छ । त्यसैगरी, जातीय विभेद तथा छुवाछूतविरूद्धको अधिकार संरक्षणका लागि जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनलगायत विभिन्न कानुन विद्यमान छन् । तथापि उक्त कानुनको कार्यान्वयन पक्ष अत्यन्तै फितलो देखिन्छ ।

## आधारभूत ठम्याइ

छुवाछूत, निषेध, शोषण, बहिष्करण र शारीरिक हिंसाजस्ता विभिन्न स्वरूपमा गरिने जातीय विभेद र छुवाछूतका व्यवहार नेपालभरि नै विद्यमान छ । यी स्वरूपको तह मन्दिर र घर प्रवेशमा निषेधदेखि अन्तरजातीय विवाह अस्वीकारमा मात्रै होइन, विवाहित जोडीलाई गाउँबाट विस्थापित गर्न दबाब, बहिष्करण; सामाजिक र आर्थिक निषेध, सार्वजनिक प्रयोजनका चिजको प्रयोगमा निषेध, सेवाप्रदान र रोजगारमा विभेद, शारीरिक हिंसासँगै सामूहिक आक्रमण, सामूहिक बलात्कार र कुटपिट आदिसम्मका अत्याचार रहेका छन् । जातीय भेदभाव र छुवाछूतले प्रत्यक्ष र अप्रत्यक्ष स्वरूपमा निरन्तरता पाइरहेका छन् ।

विभेदका यस्ता घटना धेरै भए पनि थोरै मात्र प्रहरी कार्यालयसम्म पुग्छन्, तीमध्ये पनि थोरैमात्र प्रहरीमा दर्ता हुन्छन् र थोरैमात्र जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत न्यायिक प्रक्रियामा पुग्छन् । मुद्दाहरूले विभिन्न चरणका अफ्ठयाराहरूमार्फत जाहेरी दर्ता, अनुसन्धान, अदालतमा मुद्दा दर्ता, अदालती सुनुवाइ प्रक्रिया र अन्तिम फैसलासम्मको तह पार गर्नुपर्ने हुन्छ । जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयन भएका यस प्रतिवेदनमा विश्लेषण गरिएका १८ वटा घटनाले जिल्ला अदालतले फैसला गरेका मुद्दामा धेरैजसोमा अभियुक्तलाई जरिबाना गरेको र पीडितलाई क्षतिपूर्ति प्रदान गरिएको मात्र देखाउँछन् । र, कुनैमा पनि अभियुक्तलाई कैद सजाय सुनाएको पाइँदैन । सबै पुनरावेदन अदालतले जिल्ला अदालतका फैसलालाई नै सदर गरेको देखिन्छ, तर अभियुक्तलाई गरिएको जरिबाना वा जेल सजाय कम वा बेसी भएको जाँच गरेको पाइँदैन ।

वास्तवमा यातना, शारीरिक शोषण र अन्य अत्याचारलगायत जातीय विभेद र छुवाछूतका धेरैजसो घटना जाहेरी दर्ताको तहसम्म पनि पुग्न सक्दैनन् । 'सामाजिक सद्भाव कायम गर्ने' नाममा स्थानीय स्तरका समन्वयकर्ता र मध्यस्थकर्ताबाटै पीडितहरू थप उत्पीडित हुने गरेको पाइन्छ । यस्ता घटनामा मध्यस्थकर्ताको रूपमा स्थानीय वा जिल्ला प्रहरीले प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले पीडितलाई मिल्न दबाब दिन्छन् । प्रहरी अधिकृतबाट कमजोर अनुसन्धान, सरकारी वकिलबाट कमजोर अभियोजन तथा थोरै जरिबाना र सजायको मागदाबी तथा अदालती पुर्पक्ष वा सुनुवाइकै क्रममा अभियुक्तलाई थोरै धरौटीमा साधारण तारिखमा छोड्नेजस्ता सवाललाई थप अनुसन्धान वा अध्ययन गरिनु आवश्यक छ ।

देशका विभिन्न भागबाट न्यायालयसम्म पुगेका उक्त १८ वटा घटनाका आधारमा के भन्न सकिन्छ भने जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐनको वास्तविक कार्यान्वयन हेर्दा दोषीलाई सामान्य जरिबाना र पीडितलाई केही क्षतिपूर्ति प्रदान गर्नमै सीमित देखिन्छ । दोषीलाई न कैद गरिन्छ, न नसिहतकै प्रयास गरिन्छ । वास्तवमा यस्ता सामान्य जरिबाना र क्षतिपूर्तिले दण्डहीनतालाई मात्र बढावा दिन्छन् ।

## मुख्य सिफारिस

जातीय विभेद तथा छुवाछूतको अन्त्य र न्यायमा दलित समुदायको पहुँचको सुनिश्चितताका लागि नेपाल सरकारबाट केही महत्त्वपूर्ण र सम्झौताहीन केही पहल गरिनु आवश्यक छ, जुन यस प्रकार छन्ः

- संवैधानिक संरक्षण नै महत्त्वपूर्ण र प्राथमिक आधार हुन् । संविधानको प्रस्तावनामा जातीय विभेद र छुवाछूतमुक्त राष्ट्रको प्रावधान समावेश गरिनुपर्छ । मौलिक हक भागमा जातीय भेदभाव तथा छुवाछूतविरूद्धको हकको स्पष्ट र दोहोरो अर्थ नलाग्ने छुट्टै धारा समावेश गरिनुपर्छ ।
- छुटेको महत्त्वपूर्ण व्यवस्थाअन्तर्गत विभेद गर्नेलाई शून्य सहनशीलताको नीति अख्तियार गर्न जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐनको संशोधन गरिनुपर्छ, जसले कानुनी र न्यायिक प्रक्रियामा विलम्ब नगरी कार्यान्वयन गर्न; साक्षीको सुरक्षा, निश्चित समयसीमामा अनुसन्धान गर्न र अदालती प्रक्रियामा जान; पाँच वर्षसम्म जेल सजाय बढाउन; पुर्पक्षका क्रममा धरौटीमा नछोड्न; जरिबाना र क्षतिपूर्ति भराउन तथा अन्य धेरै कुराको सुनिश्चितता गर्न कानुन कार्यान्वयन गर्ने अधिकारीलाई बाध्य गर्दछ । साथै, ऐनको प्रभावकारी कार्यान्वयनका लागि सरकारले नियमावली (स्पष्ट कार्यविधि) निर्माण र उक्त नियमावलीलाई तत्काल सरकारका राजपत्रमार्फत जानकारी गराउनुपर्छ ।
- धर्म, संस्कार र परम्परासमेत कुनै पनि प्रचलनका नाममा भएका जातीय विभेद र छुवाछूतका अभ्यासलाई संरक्षण गर्ने कानुनको तत्काल खारेजी गरिनुपर्छ । जानीय विभेद तथा छुवाछूत सम्बन्धमा यस्ता कुसंस्कारको अभ्यास भएका करिब तीन दर्जन कानुन र ऐनको तत्काल संशोधन गरिनुपर्छ ।
- दलितको समानुपातिक समावेशीकरण र न्यायमा उनीहरूको पहुँचलाई सुनिश्चित गर्न सकारात्मक उपायको प्रावधान समावेश नगरिएका कानुन संशोधन गर्नुपर्छ । विभिन्न क्षेत्र, तह र राज्यका संरचनामा दलित प्रतिनिधित्वसम्बन्धी १०३ कानुन छन् । नेपाल प्रहरी, न्यायालय, र सार्वजनिक अभियोजक र प्रशासकहरूमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न केही कानुनमा सकारात्मक उपायका नीति समावेश भइसकेका छन् । यसका लागि सकारात्मक उपायको सुनिश्चितता गरिएका यी कानुनको कडाइका साथ कार्यान्वयन गर्नुपर्छ ।
- जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐनको प्रभावकारी कार्यान्वयन र जवाफदेहिताको सुनिश्चितताका लागि स्थानीय प्रहरी, अर्धन्यायिक निकाय र जिल्ला प्रशासनलाई निर्देश गर्न नेपाल सरकारका मुख्यसचिवले नेतृत्व गरेको उच्चस्तरीय संयन्त्रलाई सशक्त बनाउनुपर्छ ।
- न्यायमा पहुँच सुनिश्चित गर्न जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐनको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन, वैज्ञानिक कार्यक्रम निर्माण र वास्तविक कार्ययोजनाका साथ बृहत् दलित विकास योजना निर्माण र कार्यान्वयन गर्नुपर्छ ।
- राष्ट्रिय दलित आयोगलाई प्रभावकारी, स्वायत्त र स्वतन्त्र संवैधानिक निकायका रूपमा विकास गर्नुपर्छ । संविधान निर्माण प्रक्रियामा यसको सुनिश्चितता गरिनुपर्छ ।

- सबै तहका अदालत, महान्यायाधिवक्ताको कार्यालय र जिल्ला सरकारी वकिलका कार्यालय, प्रहरी, राष्ट्रिय दलित आयोगमा दलितसम्बन्धी सम्पूर्ण मुद्दाको वैज्ञानिक तथ्याङ्क राख्ने प्रणालीसहित जाहेरी दर्ताका लागि सामान्य, समयसीमा प्रक्रिया, अनुसन्धान र न्यायिक प्रक्रिया निर्माण गर्नुपर्दछ । यी सूचना र जानकारी पीडित, मानवअधिकार रक्षक र जातीय भेदभाव र छुवाछूतको क्षेत्रमा क्रियाशील नागरिक समाजका लागि उपलब्ध हुने बनाइनुपर्छ । आवधिक रूपमा उक्त जानकारी र तथ्याङ्क सर्वसाधारण समक्ष सार्वजनिक र वितरण गरिनुपर्छ ।

# १ परिचय

## १.१ नेपालमा दलित

नेपाल एक बहुजातिय, बहुसमुदाय, बहुभाषिक, बहुधार्मिक, धर्मनिरपेक्ष, समावेशी र लोकतान्त्रिक मुलुक हो । नेपालमा जनगणना २०६८ अनुसार देवनागरी लिपिमा रहेको नेपाली भाषा सरकारी कामकाजको भाषासहित १२३ भाषाहरू बोल्ने, १२५ भन्दा बढी जातजाति छन् । धार्मिक विविधता नेपालको अर्को महत्त्वपूर्ण विशेषता हो । बहुसङ्ख्यक जनसङ्ख्या हिन्दू धर्मावलम्बी (८१.३ प्रतिशत), त्यसपछि बौद्ध धर्मावलम्बी (९ प्रतिशत), इस्लाम (४.४ प्रतिशत), किरात (३.१ प्रतिशत) र इसाई (१.४ प्रतिशत) रहेका छन् । प्रकृतिपूजक (०.५) र बोन, सिख, जैन, बहाई धर्मावलम्बी पनि केही सङ्ख्यामा रहेका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६८ः ४) ।

पहाड, तराई र नेवार दलितसमेत गरी २६ विभिन्न जात[१]का दलित समुदाय नेपालको जनसङ्ख्या[२]को १३.२१ प्रतिशत रहेका छन् । दलित समुदाय आर्थिक रूपमा पछाडि पारिएको र शोषित रहेका छन् । उनीहरू सामाजिक-सांस्कृतिक रूपमा बहिष्कृत र विभेदमा पारिएका छन् भने राज्यका राजनीतिक निर्णय निर्माण, स्रोत, अवसर र सेवाबाट वञ्चित छन् । राज्यका सबै संरचना र संयन्त्रमा दलितहरूको न्यून प्रतिनिधित्व छ, जसलाई शताब्दीऔंदेखि अछूतको व्यवहार गरिएको छ ।

## १.२ जातीय भेदभाव तथा छुवाछूतको सम्बोधन

जातीय भेदभाव र छुवाछूतविरूद्ध तथा समानता, न्याय र सम्मानका लागि नेपालका दलितले सात दशकभन्दा लामो आन्दोलन चलाएको इतिहास छ । तथापि, २०४६ सालमा भएको लोकतन्त्र पुनर्स्थापनाको आन्दोलनपश्चात् मात्र जातीय विभेद र छुवाछूतविरूद्धको अधिकार संविधानले प्रदत्त गरेको थियो । २०५३ जेठ २५ गते नेकपा मसालका साँसद परी थापाले जातीय विभेद तथा छुवाछूतविरूद्धको मस्यौदा वियेयक संसद्मा पेस परेका थिए (किसान २००५ः ६६) ।

माओवादी जनयुद्धको पृष्ठभूमिमा भएको २०६२/६३ सालको जनआन्दोलन सफल भएपछि जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ तुलनात्मक रूपमा प्रगतिशील र यथार्थपरक संविधान थियो । यसमा

---

१ कामी, दमाईं, सार्की, गाईने, बादी, चमार, मुसहर, दुसाध, तत्मा, खत्वे, धोवी, बाँतर, चिडीमार, डोम, पोडे, च्याम हल्खोर, कलार, नटुवा, धाण्डी, धनुकार, कोरी, सरबरिया, खटिक, ककहिया र पासी ।

२ जनगणनाको प्रतिवेदनले पाँच दलित समुदाय (ककहिया, खटिक, पोडे, च्यामे र पासी) जातको जनसङ्ख्यालाई छुटाएको देखिन्छ । तर १५५,३५४ जनसङ्ख्यालाई अन्य दलितभित्र गणना गरेको छ । एकीकृत तथ्याङ्क (जहाँ छुट्टा छुट्टै तथ्याङ्क हुनुपर्ने) ले दलित समुदायको वास्तविक जनसङ्ख्यामा दुविधा देखाएको छ ।

जातीय विभेद तथा छुवाछूतविरूद्धको हक धारा १४ को रूपमा छुट्टै समावेश गरिएको थियो । अन्तरिम संविधानको धारा १४ अन्तर्गत रहेर २०६४ सालमा नेपाल सरकारले एक मस्यौदा विधेयक संसद्मा प्रस्तुत गरेको थियो । अन्ततः संसद् सचिवालयले पेस गरेको वियेयकको चार वर्षपछि २०६८ जेष्ठ १० गते जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ संसद्बाट पास भएको थियो । तथापि, २०७१ सालसम्म पनि यस ऐनको कार्यान्वयनका लागि नियमावली अनुमोदन भएको छैन । ऐन आफैमा अपूर्ण छ र यसलाई पूर्ण साथै प्रभावकारी बनाउन महत्त्वपूर्ण संशोधन गर्नु आवश्यक देखिन्छ ।

२०६८ जेष्ठ १८ गते नेपालका राष्ट्रपतिले अनुमोदन गरेपश्चात् जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ जारी भएको थियो । ऐन जारी भएको तीन वर्षपछि के निष्कर्ष निस्केको छ भने उक्त ऐनको कार्यान्वयन सन्तोषजनक छैन । यो अवधिमा देशभरिका विभिन्न भागमा दलितविरूद्ध जातीय विभेद तथा छुवाछूत तथा अभद्र व्यवहार[३] गरिएका सयौँ घटना भए । राष्ट्रिय सञ्चारमाध्यमले सम्प्रेषण[४] गरेअनुसार २०७० वैशाखदेखि २०७१ साउनसम्म १४ महिनामा दलितविरूद्ध ६० वटा विभेदका घटना अर्थात प्रतिमहिना करिब ५ वटा घटना भए । यद्यपि, यी राष्ट्रिय सञ्चारमाध्यममा स्थान पाएका घटना मात्र हुन् । दुर्गम क्षेत्रमा हुने बहुसङ्ख्यक जातीय विभेद तथा छुवाछूतका घटनालाई राष्ट्रिय सञ्चारमाध्ययमा समेटिँदैनन् । स्थानीय सञ्चारमाध्यम र अन्य स्थानीय सूचनाका स्रोतले सङ्कलन गरेका समाचार र घटनालाई पनि लिइयो भने घटनाको सङ्ख्या बढ्न सक्छ । ६० वटा विभेदका घटनामध्ये १५ वटा अन्तरजातीय विवाहका कारण, २८ वटा प्रत्यक्ष छुवाछूतका गतिविधि, ९ वटा बलात्कार र ८ वटा साङ्घातिक आक्रमणसम्बन्धी थिए । यी सबै घटनाविरूद्ध कुनै पनि उजुरी दर्ता गरिएनन् । यसबाट राज्यबाट दलितका लागि न्यायको प्रत्याभूति हुन नसकेको देखिन्छ । यसबाटै स्पष्ट हुन्छ, जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको पूर्ण कार्यान्वयन भएको छैन । त्यसैले दलितका लागि न्यायमा पहुँचका लागि अझै लामो यात्रा हिँड्न बाँकी छ ।

सञ्चारमाध्यममा आए अनुसार देशको पूर्वाञ्चल क्षेत्र अन्य क्षेत्रभन्दा विभेदबाट बढी प्रभावित भएको देखिन्छ । विरोधाभास त झन् के देखिन्छ भने नेपालको पूर्वी क्षेत्र तुलनात्मक रूपमा बढी शिक्षित नागरिक भएको विकसित क्षेत्र मानिन्छ । त्यसैले नेपालको शिक्षा प्रणालीका सन्दर्भमा के भन्न सकिन्छ भने हाम्रो शिक्षाले न्याय र समानतातर्फ डोऱ्याउँदैन, बरू जातीय विभेद र छुवाछूत गर्न प्रेरित गर्छ ।

## १.३ यो प्रतिवेदन किन त ?

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन जारी भएको तीन वर्ष पार गरेको अवस्थामा यसको कार्यान्वयन र कमजोर प्रभावकारिता परीक्षण गर्न यो अवधि प्रर्याप्त नै हो । यस अवधिमा जातीय विभेद तथा छुवाछूतका धेरै घटना भएका छन्, ऐनको कार्यान्वयनको समीक्षाका लागि यी घटनालाई महत्त्वपूर्ण आधार बनाउँदै, यसको कार्यान्वयनका सन्दर्भमा राज्यका संयन्त्रको क्षमता र प्रभावकारिता हेर्दै र ऐनमा भएका प्रमुख कमजोरी र खाडल तथा अन्य कुरालाई पुनःनजर लगाउनु यस प्रतिवेदनको उद्देश्य हो । यो प्रतिवेदन जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयनको यो अवधिसम्मको समीक्षा हो, जुन अर्को चरणको अनुसन्धानका लागि पहिलो खुड्किलो पनि हो ।

---

[३] भाग ४. २ (ख) जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ ।

[४] समता फाउण्डेशनले तयार गरेको मिडिया अनुगमनसम्बन्धी अप्रकाशित प्रतिवेदन, साउन २०७१ ।

यो प्रतिवेदनको अर्को विशेषता न्यायमा पहुँच हो । संयुक्त राष्ट्रयसङ्घीय विकास कार्यक्रम (युएनडीपी) ले 'प्राक्टिस नोट अन एक्सेस टु जस्टिस' (२००४ः ६) मा उल्लेख गरेको छ– "न्यायमा पहुँच अदालतमा व्यक्तिको पहुँच सुधार गर्नु अथवा कानुनी प्रतिनिधित्वको सुनिश्चितता गर्नुभन्दा बढी आवश्यक छ । यसलाई सुनिश्चितताका सन्दर्भमा परिभाषित गरिनुपर्छ कि कानुनी र न्यायिक परिणामहरू न्यायपूर्ण र समानतामा आधारित हुन्छन् ।" यो परिभाषाले कानुनी र न्यायिक निकायमा प्रतिनिधित्वको सवाल साथै न्यायपूर्ण र समन्यायिक परिणामले न्यायमा पहुँचको निरन्तरतालाई सङ्केत गर्दछ ।

यो प्रतिवेदन आठ भागमा संरचित छ । पहिलो परिच्छेद प्रतिवेदनको परिचय खण्ड हो । दोस्रो परिच्छेदमा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मापदण्ड, सन्धिसम्झौता र प्रतिज्ञापत्रको समीक्षा छ । त्यसैगरी, तेस्रो परिच्छेदले संवैधानिक र कानुनी व्यवस्थासहित राष्ट्रिय कानुनसँगको समन्वयमा नजर लगाउँछ । चौथो परिच्छेदमा अन्तर्राष्ट्रिय प्रावधान र अनुबन्धसँगको राष्ट्रिय नीति तथा कानुनको मेल र विश्लेषण छ । पाँचौँ परिच्छेद धरातलीय अवस्थाको विश्लेषणका साथ अघि बढ्छ । यस परिच्छेदमा देशमा जातीय भेदभावको अवस्थाबारे विश्लेषण गरिन्छ । जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन र जातीय भेदभाव तथा छुवाछूतका सन्दर्भमा पहिलेका कानुनको तुलनात्मक छलफल साथै जाहेरी दर्ताको तहदेखि अनुसन्धान, न्यायिक प्रक्रियादेखि अन्तिम फैसलासम्म परिच्छेद छ मा समावेश छ । परिच्छेद सातमा जातीय भेदभाव तथा छुवाछूत (कसूर तथा सजाय) ऐनको कार्यान्वयनका राम्रा अभ्यासबारे उल्लेख छ । साथै, परिच्छेद आठ मा सुझाव तथा सिफारिस समावेश गरिएको छ । जातीय विभेद तथा छुवाछूतका १८ वटा मुद्दाको विस्तृत विवरण (२०६८ असारदेखि २०७१ असारसम्म) परिशिष्ट खण्डमा उपलब्ध छ ।

# २ अन्तर्राष्ट्रिय प्रावधान र दायित्व

नेपालले सबै स्वरूपका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि[५]; आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र; नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र; महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि; यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरूद्धको महासन्धि; बालअधिकारसम्बन्धी महासन्धि र अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिजस्ता विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि सम्झौतालाई अनुमोदन गरी जातीय भेदभावको अन्त्यको प्रतिबद्धता अन्तर्राष्ट्रिय समुदायसमक्ष व्यक्त गरिसकेको छ, जुन सन्धि सम्झौतामा सबै प्रकारका नागरिकका लागि अधिकार र न्यायमा पहुँचसम्बन्धी विभिन्न प्रावधान वा मापदण्ड समाविष्ट छन्, । नेपालले महासन्धिका सन्धिजनित तथा अन्य संयन्त्रका सिफारिस र निष्कर्ष अवलोकन; विश्वव्यापी सम्मेलनका कार्ययोजना र विश्वव्यापी आवधिक समीक्षा प्रणालीका अन्य संयन्त्रजस्ता केही महासन्धिका ऐच्छिक प्रोटोकलको अनुमोदन गरेको छ, जसले मानवअधिकारका मापदण्ड र न्यायमा पहुँचको व्यवस्थाको व्यावहारिक कार्यान्वयन गर्न राज्यपक्षलाई निरन्तर प्रोत्साहित गरेका छन् । यसका साथै, सन्धि ऐन, २०४८ को भाग ९(१) र ९(२) ले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी महासन्धि, सम्झौता र प्रावधानलाई नेपाल कानुनमा व्यवस्थापन गर्न एक मुख्य प्रवेश द्धारको रूपमा व्यवस्था गरेको छ ।

न्यायमा पहुँचका सन्दर्भमा अन्तर्राष्ट्रिय प्रावधान/मापदण्ड तथा दायित्वको व्यावहारिकता देहाय बमोजिम उल्लेख गरिएको छ :

## २.१ कानुनी प्रावधान

न्यायमा पहुँचका सन्दर्भमा सामान्यतयाः उजुरी, प्रहरी अनुसन्धान, न्यायिक पुर्पक्ष र सुनुवाइ प्रक्रिया, कानुनी प्रतिनिधित्व, कानुनी र न्यायिक परिणामका साथै तालिमलगायत केही कानुनी मापदण्ड रहेका छन् । तथापि, जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनका सन्दर्भमा अप्रर्याप्त प्रावधान छन्, जबकि यसको क्षेत्रका सन्दर्भमा सन्धिजन्यका संयन्त्रका सिफारिस भने स्पष्ट छन् । उदाहरणका लागि, सबै स्वरूपका रङ्गभेदविरूद्धको अन्तर्राष्ट्रिय महासन्धिले न्यायालय र अन्य न्यायप्रदायक अङ्ग[६]मा समान

---

[५] सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५, संयुक्त राष्ट्रसङ्घीय महासन्धिमध्ये एक महासन्धि हो जसले पेसा र उत्पत्तिका आधारमा हुने विभेदसहित सबै प्रकारका जातीय वा रङ्गभेदविरूद्ध अधिकार प्रदान गर्दछ ।

[६] सबै प्रकारकाजातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि/धारा ५ (क) ।

व्यवहारको हक र यस्ता विभेद[७]का कारण हुने परिणामले पार्ने असरको उक्त न्यायालयबाट न्याय र प्रर्याप्त क्षतिपूर्ति साथै सन्तुष्टिका लागि अधिकार खोज्न पाउने प्रावधान रहेको छ ।

## २.२ सन्धिजनित निकाय र विश्वव्यापी आवधिक समीक्षाका सिफारिस

### *२.२.१ कानुनी सुधार*

विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामार्फत न्यायिक पहुँचमा सुधार गर्न र कथित हिंसा[८]को प्रशासनिक उपचारका लागि सबै स्वरूपका विभेद[९]लाई अपराधको रूपमा स्वीकार गर्दै कानुन निर्माण गरी सन्धिजनित निकाय र मानवअधिकार परिषदद्वारा धेरै सिफारिस गरिएका छन् । त्यसैगरी, पेसा र उत्पत्तिका आधारमा हुने सबै प्रकारका विभेदको प्रभावकारी अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घीय मस्यौदा सिद्धान्त र निर्देशिकाले न्यायिक, व्यवस्थापकीय र कानुन निर्माण गर्ने निकायलाई स्पष्ट र ठोस उपायको व्यवस्था गरी पीडित समुदाय[१०]का लागि कानुनको समान सुरक्षाको सुनिश्चितता गर्न आह्वान गरेको छ ।

### *२.२.२ जाहेरी तथा प्रहरी अनुसन्धान*

यसै सन्दर्भमा रंगभेद उन्मूलन समितिले जातीय भेदभावविरूद्ध उजुरीलाई दर्ता गर्न प्रहरी अधिकारीले अस्वीकार गरेमा, दण्डनीय व्यवहार गरेको पाइएमा विभागीय कारबाही गर्नुपर्ने र भ्रष्टाचारमा सहभागी[११] भएर त्यस्तो कार्य गरेको भएमा थप सजाय बढाउनुपर्ने सिफारिस गरेको छ । यसका साथै, उजुरीको अनुसन्धान प्रक्रियाबारे प्रहरीले सञ्चालन गरेको अनुसन्धान कार्यका सन्दर्भमा प्रहरीको स्वतन्त्र संयन्त्र[१२]ले प्रत्यक्ष निगरानी गर्नुपर्ने समेत सिफारिस गरेको छ । जातीय विभेदविरूद्धको संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त र निर्देशिका (मस्यौदा)ले सबै स्वरूपका विभेद, हिंसा र अत्याचारका दोषी वा आरोपीलाई राष्ट्रिय र स्थानीय सरकारले अनुसन्धान, छानबिन तथा सजाय गर्ने साथै सार्वजनिक पद धारण गरेका व्यक्ति[१३]सहित यस्ता घटनाविरूद्ध समाचार सम्प्रेषण गर्ने पीडितलाई कसैले निषेध अथवा हतोत्साहित गरेको पाइएमा आरोपीको रूपमा छानबिन गर्न समेत अनुरोध गरेको छ ।

---

७ सबै प्रकार प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि/धारा ६ ।

८ नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी समापन धारणा, 2008 (E/C.12/NPL/CO/2), para 32.

९ विश्वव्यापी आवधिक समीक्षा, नेपाल, प्रतिवेदन तयारी समिति, 2011 (A/HRC/17/5), para 108.10. (UK).

१० पेसा र उत्पत्तिका आधारमा हुने सबै प्रकारका विभेदको प्रभावकारी अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त र निर्देशिका (मस्यौदा) : विश्वबाट जातीय भेदभाव अन्त्य गर्न एक एकीकृत कानुनी खाका, 2009 (A/HRC/11/CRP.3), para 28.

११ प्रशासन र फौजदारी न्यायप्रणालीमा हुने जातीय विभेद रोकावट सन्दर्भमा सिफारिस XXXI, 2005. (CERD/A/60/18, pp. 98-108), para 12.

१२ नेपालसम्बन्धी जातीय भेदभाव उन्मूलन समितिको समापन धारणा, 2004 (CERD/C/64/CO/5), para 15.

१३ पेसा र उत्पत्तिका आधारमा हुने सबै प्रकारका विभेदको प्रभावकारी अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घको मस्यौदा सिद्धान्त र निर्देशिका : विश्वबाट जातीय भेदभाव अन्त्य गर्न एक एकीकृत कानुनी खाका, 2009 (A/HRC/11/CRP.3), para 26.

### २.२.३ न्यायिक छानबिन

यस सन्दर्भमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समितिले जातीय भेदभावका पीडितले न्यायका लागि गर्ने पहल[१४]मा लगातार बाधाव्यवधान खेप्नुपरेको कुरालाई चासो व्यक्त गरेको छ । चेक गणतन्त्रले विश्वव्यापी आवधिक समीक्षा प्रणालीमार्फत यो सवाललाई उठान गरेको छ । उसले भनेको छ, राज्यले जातीय भेदभावका सन्दर्भमा विद्यमान संवैधानिक र कानुनी व्यवस्थालाई ग्रामीण र दुर्गम क्षेत्रका स्थानीय प्रशासनमार्फत पूर्ण कार्यान्वयनको प्रत्याभूति गराउनुपर्छ ।[१५]

### २.२.४ कानुनी प्रतिनिधित्व वा उपस्थिति

कानुनी उपस्थितिका सन्दर्भमा यातनाविरूद्धको संयुक्त राष्ट्रसङ्घीय समितिले राज्यपक्षले नागरिकको जिउधनको सुरक्षा, राज्यका संयन्त्र जवाफदेही भएको प्रत्याभूति, जातको आधारमा अवहेलना र घृणा नभएको सुनिश्चितता, गैरन्यायिक पक्राउ र यातना नदिइएको स्पष्ट प्रत्याभूतिका साथै प्रहरी र सुरक्षा फौजमा बहुजाति र समुदायको प्रतिनिधित्वको सुनिश्चितताका लागि कदम चाल्नुपर्छ ।[१६] त्यसैगरी, प्रहरीका विभिन्न पदमा, न्यायाधीश र न्यायप्रदायक निकायलगायत न्यायिक प्रणालीमा र अन्य कानुन कार्यान्वयनकारी निकायमा अपर्याप्त प्रतिनिधित्वमा जातीय भेदभाव खेप्नुपरेको कुरा सबै प्रकारका जातीय विभेद अन्त्यका लागि जातीय विभेद उन्मूलन समितिले औंल्याएको छ ।[१७] यसका साथै, राज्यले प्रहरी र न्यायिक प्रणालीमा उत्पीडित जाति र आदिवासी समूहका मानिसहरूको सही प्रतिनिधित्वको प्रवर्धन गराउनुपर्ने सिफारिस गरेको छ ।[१८] साथै, राज्यले कानुन कार्यान्वयन गर्ने संयन्त्रहरू र प्रहरीमा जनजाति समुदायका व्यक्तिहरूको भर्ना गर्न प्रोत्साहित गरेको छ ।[१९] उक्त समितिले नेपाल राज्यलाई राजनीतिक प्रतिनिधित्व, व्यक्तिगत सुरक्षा, रोजगार र शिक्षाको सवाललाई विचार गर्नुपर्ने, सामान्य सिफारिस नं. २५ (२०५७) अनुसार जातीय भेदभावको लैङ्गिक अनुपातमा र जन्मका आधारमा गरिने भेदभाव सिफारिस नं. २४ (२०५८) अनुसार सबै अल्पसङ्ख्यक समुदायका महिलाको बहुविभेदको अन्त्यका लागि स्पष्ट व्यवस्था गर्न सिफारिस गरेको छ ।[२०]

### २.२.५ न्यायपूर्ण र समतामूलक कानुनी र न्यायिक परिणाम

जातीय विभेद उन्मूलन समितिले उपयुक्त सवालमा न्यायिक फैसला र आधिकारिक कदममा जातीय भेदभावलाई निषेध गरिएको कुरा राज्यले पूर्ण प्रत्याभूति गर्नुपर्छ ।[२१] त्यसैगरी, मानवअधिकार समितिले

---

१४ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समिति, नेपालको समापन धारणा, 2008 (E/C.12/NPL/CO/2), para 13.

१५ विश्वव्यापी आवधिक समीक्षा, नेपाल, प्रतिवेदन तयारी कार्यदल, 2011 (A/HRC/17/5).para 106.24. (Czech Republic).

१६ यातनाविरूद्धको समिति, नेपालको निष्कर्ष र सिफारिस, 2005 (CAT/C/NPL/CO/2), Para 26.

१७ प्रशासन र फौजदारी अपराध न्यायिक प्रणालीमा हुने जातीय विभेदका सन्दर्भमा सामान्य सिफारिस XXXI, 2005. (CERD/A/60/18, pp. 98-108), para 1/g.

१८ प्रशासनमा र फौजदारी न्यायिक प्रणालीमा हुने जातीय विभेदका सन्दर्भमा सामान्य सिफारिस XXXI, 2005. (CERD/A/60/18, pp. 98-108), para 5/d.

१९ जन्मका आधारमा हुने विभेदविरूद्धको समितिको सिफारिस XXIX, 2002 (CERD/C/61/Misc.29/rev.1), para 24.

२० नेपाल जातीय भेदभाव अन्त्यका सन्दर्भमा समितिको समापन धारणा, 2004 (CERD/C/64/CO/5), para 16.

२१ जन्मका आधारमा हुने विभेदविरूद्धको समितिको सिफारिस XXIX, 2002 (CERD/C/61/Misc.29/rev.1), para 22.

राज्यपक्षले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयन र दलित समुदायविरूद्ध हुने सबै स्वरूपका विभेदको अन्त्यका लागि कठोर र प्रभावकारी प्रावधान बनाउनुपर्ने सुझाव दिएको छ । राज्यले राष्ट्रिय दलित आयोगले प्रर्याप्त बजेटसहित प्रभावकारी ढङ्गले कार्यादेश सम्पन्न गर्न सक्ने र यसले गरेका सिफारिसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने प्रत्याभूति गराउनुपर्छ ।[२२]

चेक गणतन्त्रले विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामार्फत जातीय भेदभावका घटना सङ्कलन गरिनुपर्ने, अनुसन्धान गरिनुपर्ने, अभियुक्तलाई अभियोग लगाउनुपर्ने र यस्ता हिंसाका घटनाका पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइनुपर्छ[२३] भन्ने उल्लेख गरेको छ । यी सिफारिसले राज्यलाई त्यस्तो प्रणालीतिर उन्मुख गराउँछन्, जसले न्यायपूर्ण र समतामूलक कानुनी र न्यायिक परिणामलाई प्रवर्धन गर्दछन् ।

### *२.२.६ तालिम र सचेतना*

महिलाविरूद्ध हुने सबै प्रकारका विभेद अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय समितिले राज्यले प्रहरी, सार्वजनिक अभियोजक, न्यायपालिका, अन्य सम्बन्धित सरकारी निकाय, स्वास्थ्य सेवाप्रदायकलाई घरेलु तथा लैङ्गिक हिंसासम्बन्धी तालिम प्रदान गर्नुका साथै विशेषतः पुरूष र केटाहरूप्रति लक्षित दलित समुदायसहित समुदायस्तरमा बृहत् जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिनुपर्ने सिफारिस गरेको छ ।[२४]

रंगभेद उन्मुलन समितिले जातीय भेदभावका पीडितका लागि न्यायमा पहुँचको सहजीकरण गर्न राज्यपक्षले आफ्ना अधिकारबारे अनभिज्ञ उपेक्षित र उत्पीडित समूहका व्यक्तिहरूलाई आवश्यक कानुनी सूचना र जानकारी उपलब्ध गराउने प्रयास गर्नुपर्ने सिफारिस गरेको छ ।[२५]

त्यस्तै, उक्त समितिले जात र जन्मका आधारमा हुने अन्याय र कुसंस्कार[२६]का सन्दर्भमा अन्यायलाई रोक्ने उद्देश्यका साथ सार्वजनिक अभियोजक र कानुन कार्यान्वयनकारी निकायका लागि राज्यले बृहत् तालिमका कार्यक्रम आयोजना गर्नुपर्ने साथै प्रहरी र कानुन क्रियान्वयनकारी निकाय र समुदायका सदस्यबीच रचनात्मक छलफल गर्न प्रोत्साहन र सहजीकरण गर्नुपर्ने सिफारिस गरेको छ ।[२७] जातीय विभेद उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त र निर्देशिका (मस्यौदा)[२८]ले प्रहरी, न्यायाधीशसहित कानुन

---

२२ नेपालको दोस्रो आवधिक प्रतिवेदनको समापन धारणा, 2014 (CCPR/C/NPL/CO/2), para 9.

२३ विश्वव्यापी आवधिक समीक्षा, नेपाल कार्यदलको प्रतिवेदन, 2011 (A/HRC/17/5), para 108.12. (Czech Republic).

२४ महिलाविरूद्ध हुने सबै किसिमका विभेद उन्मूलन समिति, नेपालको अन्तिम अवलोकन, 2011 (CEDAW/C/NPL/CO/4-5), para 20/d.

२५ प्रशासन र क्रियाशील अपराध न्याय प्रणालीमा जातीय भेदभावको रोकावटका सन्दर्भमा सामान्य सिफारिस, XXXI, 2005. (CERD/A/60/18, pp. 98-108), para 7.

२६ वंश र पेसाका आधारमा विभेद, सामान्य सिफारिस XXIX, 2002 (CERD/C/61/Misc.29/rev.1), para 25.

२७ पेसा र उत्पत्तिका आधारमा गरिने विभेदको प्रभावकारी अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घीय मस्यौदा सिद्धान्त र निर्देशिकाः विश्वव्यापी रूपमा जातीय भेदभावको अन्त्यका लागि एक एकीकृत कानुनी खाका, 2002 (CERD/C/61/Misc.29/rev.1), para 26.

२८ वंश र पेसाका आधारमा गरिने विभेदको प्रभावकारी अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घीय मस्यौदा सिद्धान्त र निर्देशिकाः विश्वव्यापी रूपमा जातीय भेदभावको अन्त्यका लागि एक एकीकृत कानुनी खाका, 2009 (A/HRC/11/CRP.3), para 31.

कार्यान्वयन गर्ने अधिकारीलाई काम र उत्पत्तिका आधारमा गरिने विभेदका घटनाका अनुसन्धान, छानबिन र सजाय दिलाउनेबारे प्रर्याप्त तालिम प्रदान गरिनुपर्ने सुझाव दिएको छ ।[२९]

### *२.२.७ निःशुल्क कानुनी सहायता*

यसै सन्दर्भमा जातीय विभेदविरोधी समितिको सिफारिसअनुसार निःशुल्क कानुनी सहायता र परामर्श केन्द, कानुनी सूचना केन्द्र तथा मेलमिलाप र परामर्श केन्द्रहरू सञ्चालन गर्ने व्यक्ति र संस्थालाई जातीय भेदभावका पीडितहरूलाई निःशुल्क सल्लाह, परामर्श तथा सहायता प्रदान गर्न राज्यले प्रवर्धन तथा प्रोत्साहन गर्नुपर्छ ।[३०] यसका साथै, उक्त समितिले कानुनी सहायताको प्रावधान, दाबी गरेका समूहहरूको सहजीकरण, समुदायको अधिकारको रक्षाका लागि क्रियाशील गैरसरकारी संस्थाहरूको प्रोत्साहनलगायत पिछडिएका समुदायका सदस्यहरूका निम्ति न्यायमा समान पहुँच प्रणालीको प्राप्तिका लागि राज्यले आवश्यक कदम चाल्नुपर्ने सुझाव पेस गरेको छ ।[३१]

---

२९ संयुक्त राष्ट्रसङ्घीय मस्यौदा सिद्धान्त र निर्देशिका, para 1.

३० प्रशासन र फौजदारी न्याय प्रणालीमा जातीय भेदभावको रोकावटका सन्दर्भमा सामान्य सिफारिस, XXXI, 2005. (CERD/A/60/18, pp. 98-108), para 8.

३१ वंशका आधारमा विभेद, सामान्य सिफारिस XXIX, 2002 (CERD/C/61/Misc.29/rev.1), para 21.

# ३ राष्ट्रिय प्रावधान

नागरिकमाथि शासन गर्ने र राज्यका संयन्त्रलाई सञ्चालन गर्ने सम्बन्धमा नेपालको मुलुकी ऐनको लामो इतिहास रहेको छ । १९१० सालमा राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले तत्कालीन हिन्दू दर्शन र मूल्य-मान्यतामा आधारित संहिताको निर्माण गरे । त्यसलाई नै पछि गएर 'मुलुकी ऐन' भनियो । मुलुकी ऐनले हिन्दू वर्णव्यवस्था र जातीय भेदभाव तथा छुवाछूतलाई वैधानिक अभ्यासको रूपमा परिचित गरायो (किसान, सन् २००५) ।

२०२० सालमा राजा महेन्द्रले मुलुकी ऐनको संशोधन गरे र त्यसमा रहेका भेदभावमूलक भाग हटाए । तथापि, उनले विभेदलाई अपराध भन्ने बनाएनन्, न उनले दण्डनीय कसूर बनाए नत जातीय भेदभाव र छुवाछूतलाई अभ्यास गर्न पाउने नै बनाए । २०४६ सालमा लोकतन्त्र पुनर्स्थापनाको आन्दोलनपश्चात् मात्र नेपाल अधिराज्यको संविधान २०४७ ले जातीय भेदभाव तथा छुवाछूतलाई दण्डनीय अपराधको रूपमा घोषणा गर्‍यो, जसलाई मुलुकी ऐनको अदलको महलको १० (क) नं. मा संशोधन गरी कानुनी आधार प्रदान गरियो ।

नेकपा माओवादीको नेतृत्वमा २०५२ सालदेखि भएको जनयुद्ध र २०६२/६३ सालमा भएको संयुक्त जनआन्दोलनपश्चात नेपालको अन्तरिम संविधान, २०६३ मा जातीय भेदभाव तथा छुवाछूतविरूद्धको हकलाई छुट्टै धारा (धारा १४) को रूपमा समावेश गरियो । सोहीअनुसार नयाँ कानुन निर्माण गर्न साथै विद्यमान कानुनमा संशोधन गर्न थालियो । अन्तरिम संविधानको धारा १४ नै जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को कोसेढुङ्गा सावित भयो ।

## ३.१ संवैधानिक प्रावधान

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ (समानताको हक) ले समानताका तीन वटा सिद्धान्तलाई समावेश गरेको छ । धारा १३ (१) ले "सबै नागरिक कानुनका दृष्टिमा समान रहने छन् र कसैलाई पनि कानुनको समान संरक्षण गर्नबाट वञ्चित गरिने छैन" भन्ने व्यवस्था गरेको छ । त्यसैगरी, धारा १३(२) ले "सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, समुदाय, उत्पत्ति, भाषा अथवा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन" भन्ने व्यवस्था गरेको छ । साथै, धारा १३(३) ले "महिला, दलित, आदिवासी जनजाति, मधेशी अथवा किसान, मजदुर अथवा आर्थिक, सामाजिक वा सांस्कृतिक रूपमा पिछडिएको वर्ग अथवा बालबालिका, वृद्ध तथा अपाङ्गता भएका व्यक्ति अथवा शारीरिक र मानसिक रूपमा अशक्तको संरक्षण, सशक्तीकरण र विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । साथै, समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिनेछैन" भन्ने व्यवस्था छ ।

संविधानको धारा १४ (छुवाछूत तथा जातीय भेदभावविरूद्धको हक) मा मुख्य तीन सवाल समावेश छन्ः कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव नगरिने, यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुने, र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने सवाल ।

संविधानको धारा २१ (सामाजिक न्यायको हक)मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब, किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक उल्लेख गरेको छ ।

## ३.२ कानुनी प्रावधान

जातीय भेदभाव र छुवाछूतका विरूद्ध जातीय भेदभाव तथा छूवाछूत (कसूर र सजाय) ऐनसहित छापा तथा प्रकाशनसम्बन्धी ऐन, २०४८; चलचित्र (उत्पादन, प्रदर्शन र वितरण)सम्बन्धी ऐन, २०४८; राष्ट्रिय प्रसारण ऐन, २०४९; नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४४; राजनीतिक दलसम्बन्धी ऐन, २०४९ र नागरिक अधिकार ऐन, २०१२ जस्ता धेरै कानुन विद्यमान छन् । त्यसैगरी छात्रवृति (चौथो संशोधन) नियमावली, २०६७; स्थानीय स्वायत्त शासन (चौथो संशोधन) नियमावली, २०६७; व्यवस्थापिक संसद् सचिवालय ऐन, २०५० (संशोधित २०६३); सैनिक ऐन, २०५७ (संशोधित २०६६); प्रहरी ऐन, २०१२ (संशोधित २०६६); सशस्त्र प्रहरी ऐन, २०६३ (संशोधित २०६६); नेपाल विशेष (राष्ट्रिय अनुसन्धान) सेवा ऐन, २०४२ (संशोधित २०६६); विकास समिति ऐन, २०१३ (संशोधित २०६६); शिक्षा ऐन, २०२८ (संशोधित २०६६) र नेपाल स्वास्थ्य सेवा ऐन, २०५४ (संशोधित २०६६) समेत रहेका छन् । संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ ले समावेशीकरण र न्यायमा पहुँचको केही अधिकार प्रदान गरेको छ ।

### *३.२.१ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८*

**भाग ४ः जातीय भेदभाव तथा छुवाछूत गरेको मानिनेः**

१) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा यस दफा बमोजिमको कुनै काम गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछूत गरेको मानिनेछ ।

२) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा जातीय भेदभाव वा छुवाछूत गरी सार्वजनिक वा निजी स्थानमा देहायको कुनै पनि कार्य गर्न वा गराउन हुँदैनः

- क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, वा
- ख) व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने ।

३) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न हुँदैन ।

४) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्न हुँदैन ।

५) कसैले पनि जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानीजानी सहभागी हुनु हुँदैन ।

६) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा कुनै पनि पेसा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेसा वा व्यवसाय गर्न बाध्य पार्न हुँदैन ।

७) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउन हुँदैन ।

८) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, विक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाउन हुँदैन ।

९) कसैले कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, विक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र विक्री वितरण गर्ने गरी उत्पादन, विक्री वा वितरण गर्न वा गराउन हुँदैन ।

१०) कसैले जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउनु हुँदैन ।

११) कसैले प्रचलित कानुन बमोजिम उमेर पुगेका वरबधुबाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउन हुँदैन ।

१२) कसैले श्रव्यदृश्य सामग्री, लेखरचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक, वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्तिको उचनीच दर्शाउने; जात, जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने; अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो सङ्केत गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले अभिवृद्धि गर्ने किसिमबाट उक्साउन वा दुरूत्साहन गर्न वा गराउन हुँदैन ।

१३) कसैले जात, जाति, वंश वा समुदायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न गराउन हुँदैन ।

**भाग ७, सजायः**

१) कसैले देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः

क) दफा ४ को उपदफा (२), (३), (४), (५), (६) वा (७) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय,

ख) दफा ४ को उपदफा (८), (९), (१०), (११), (१२) वा (१३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक महिनादेखि एक वर्षसम्म कैद वा पाँच सय रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय,

ग) जातीय भेदभाव वा छुवाछूत गर्न मद्दत गर्ने, दुरूत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।

२) सार्वजनिक पद धारण गरेको व्यक्तिले उपदफा (१) बमोजिमको कसूर गरेमा निजलाई सो उपदफामा उल्लिखित सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

### ३.२.२ छापा तथा प्रकाशनसम्बन्धी ऐन, २०४८

भाग १४ (घ) (५) विभिन्न जातजाति र धर्मबीचमा साम्प्रदायिक सद्भावविरूद्ध हल्ला फैलाउने साथै विभिन्न जात र समुदाय, वर्ण, जातजाति, वर्ग, धर्मका मानिसहरूको बीचको सुमधुर सम्बन्धमा खलल पुऱ्याउने जस्तैः नैतिक मूल्यमान्यता र सामाजिक सम्मानमा आँच आउने प्रकाशन र सामग्रीहरूलाई राज्यले बन्द गराउन सक्ने छ ।

### ३.२.३ चलचित्र (उत्पादन, प्रदर्शन र वितरण)सम्बन्धी ऐन, २०४८

भाग ८(३): कसैले पनि विभिन्न समुदाय, जातजाति, वर्ण, वर्ग, नागरिक संरक्षण, नैतिक मान्यताका आधारमा सम्बन्ध बिगार्ने साथै अदालत वा व्यक्तिप्रति घृणा फैलाउने खालका चलचित्र उत्पादन र वितरण गर्न पाउने छैन ।

### ३.२.४ राष्ट्रिय प्रसारण ऐन, २०४९

भाग १५ (च) प्रसारण गर्ने कुनै पनि संस्थाले कुनै पनि वर्ण, जात, भाषा, धर्म र संस्कृतिको अपव्याख्या, बेवास्ता, अपमान र अवमूल्यन गर्ने किसिमका विज्ञापन र सामग्रीहरू प्रसारण गर्न पाउने छैन ।

### ३.२.५ नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४९

भाग १२ः विश्वविद्यालयको कुनै पनि पद ग्रहण गरेको नागरिक वा स्नातकोत्तर, स्नातक र प्रवीणता प्रमाणपत्र तहको दीक्षित गर्दा वा अन्य कुनै पनि शैक्षिक तह वा अध्ययन गर्दा वा कुनै पनि अवसरहरू प्राप्त गर्दा धर्म, वर्ण, लिङ्ग, जातजाति, समुदाय वा राजनीतिक आस्था वा कुनै पनि कुराको आधारमा भेदभाव गरिने छैन ।

### ३.२.६ राजनीतिक दलसम्बन्धी ऐन, २०४९

भाग ५ (ङ) कुनै पनि पार्टीले जात, समुदाय, उत्पति र जन्मका आधारमा कुनै पनि व्यक्तिको पार्टी सदस्यता अस्वीकार गर्न पाउने छैन ।

### ३.२.७ नागरिक अधिकार ऐन, २०१२

भाग (४) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, जात अथवा यीमध्ये कुनै पनि आधारमा भेदभाव गर्न पाइने छैन ।

यद्यपि, केही मात्रामा जातीय भेदभाव र छुवाछूतका अभ्यासलाई प्रोत्साहित गर्ने कानुन अझै पनि विद्यमान छन् । उदाहरणका लागि, मुलुकी ऐनको प्रस्तावना, मुलुकी ऐनको अदलको महलको १० नं. को स्पष्टिकरण खण्ड, नागरिक अधिकार ऐन, २०१२ को दफा ७ (क), प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा १०, पशुपति क्षेत्र विकास कोष ऐन, २०४३ को दफा १० (१.४), र केही सार्वजनिक अपराध (कसूर र सजाय) ऐन, २०२७ को दफा २ (ङ) रहेका छन् ।

यी सबै ऐनका प्रावधानले भेदभावको अभ्यासलाई प्रोत्साहित गरेका छन् । उदाहरणका लागि, मुलुकी ऐनको अदलको महलको १० नं. को स्पष्टिकरण खण्डमा परम्परागत सामाजिक मूल्यमान्यताका नाममा भेदभावका अभ्यासलाई अधिकारको रूपमा वकालत गर्दछ र त्यही परम्परागत सामाजिक मूल्यमान्यताका नाममा दलितलाई प्रवेशमा निषेध गर्न अनुमति दिन्छ । निष्कर्षमा भन्नुपर्दा, जातीय भेदभाव र छुवाछूतका अभ्यासको कानुनी संरक्षणको सम्भावनालाई अन्त्य गर्न संशोधन गरी तत्काल विद्यमान कानुनबीच एकरूपता ल्याउनु आवश्यक देखिन्छ ।

# ४ राष्ट्रिय नीति/कानुन र अन्तर्राष्ट्रिय मापदण्डबीच खाडल/अनुकुलता

राज्यले विभिन्न कानुन र ऐन निर्माणमार्फत धेरै अन्तर्राष्ट्रिय प्रावधान र दायित्व पूरा गरेको छ । तथापि, केही दायित्व पूरा गर्न बाकी नै छन् र यो भाग पूरा नगरेका प्रावधान/मापदण्ड र दायित्व तथा मुख्य खाडलबारे केन्द्रित छ ।

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| प्रत्येक पक्षराष्ट्रले सबै उपयुक्त माध्यमबाट, परिस्थिति अनुरूप आवश्यक भएमा कानुनबाट समेत, कुनै पनि व्यक्ति, समूह वा सङ्गठनबाट गरिने जातीय भेदभाव निषेध तथा उन्मूलन गर्नेछ । (ICERD/art. 2/1/d)। | अन्तरिम संविधानको धारा १४ र जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (२/ख) | सङ्गठनसम्बन्धी प्रावधान छैन । |
| जातीय सर्वोच्चता वा घृणामा आधारित विचारहरूको प्रचार प्रसार, जातीय विभेदलाई दुरुत्साहन दिने कार्य, कुनै पनि जाति वा अर्को वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहहरूविरूद्धको हिंसाको कार्य वा त्यस्ता कार्यलाई दुरुत्साहन दिने कार्य तथा जातीय कृयाकलापलाई आर्थिक सहायतालगायत कुनै पनि सहायता दिने कार्य समेतलाई कानुनद्वारा दण्डनीय कसूरको रूपमा घोषणा गर्ने । (ICERD/art. 4/a)। | अन्तरिम संविधानको धारा १४ (१ र ४) र जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (५) | आर्थिक सहायताको प्रावधान छैन । |
| जातीय विभेदलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने सङ्गठनहरू तथा संगठित र अन्य सम्पूर्ण प्रचार प्रसारका क्रियाकलापहरूलाई गैरकानुनी घोषित गर्ने तथा निषेध गर्ने र त्यस्ता सङ्गठन वा क्रियाकलापहरूमा हुने सहभागिता कानुनद्वारा दण्डनीय कसूरको रूपमा स्वीकार गर्ने । (ICERD/art. 4/b)। | अन्तरिम संविधानको धारा १४ (४) र जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (५) | संस्थागत गतिविधि गैरकानुनीको प्रावधान छैन । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| राष्ट्रिय वा स्थानीय सार्वजनिक निकायहरू वा सार्वजनिक संस्थाहरूलाई जातीय विभेदलाई प्रोत्साहन वा प्रवर्धन गर्न अनुमति नदिने । (ICERD/art. 4/c)। | अन्तरिम संविधानको धारा १३ (१ र २) र जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनको भाग २ (२) | सार्वजनिक निकाय र संस्थाहरू स्पष्ट उल्लेख छैन । |
| न्यायाधिकरण (ट्राइबुनल) तथ न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार । (ICERD/art. 5/a) । | अन्तरिम संविधानको धारा २४ | न्यायाधिकरणको प्रावधान छैन । |
| काम गर्ने, स्वेच्छाले रोजगार रोज्ने, कामको उचित र अनुकूल अवस्था प्राप्त गर्ने, बेरोजगारविरूद्ध संरक्षण पाउने, समान कामका लागि समान तलब पाउने, उचित तथा अनुकूल पारिश्रमिक पाउने अधिकार । (ICERD/art. 5/e/i) । | अन्तरिम संविधानको धारा १८, २९ र ३० र जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनको भाग २ (२) | बेरोजगारविरूद्ध, न्यायपूर्ण र आकर्षक पारिश्रमिकको संरक्षणको प्रावधान छैन । |
| पक्षराष्ट्रहरूले प्रत्येक व्यक्तिलाई आफ्नो क्षेत्राधिकारभित्र सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य राष्ट्रिय संस्थाहरूमार्फत जातीय भेदभावविरूद्धको कुनै पनि कार्यले यस महासन्धि विपरित नीजको मानवअधिकार र आधारभूत स्वतन्त्रताहरूको हननविरूद्ध प्रभावकारी सुरक्षा र उपचारको साथै त्यस्तो भेदभावको कारणले भएको कुनै पनि क्षतिका लागि त्यस्ता न्यायाधिकरणबाट उपयुक्त र उचित क्षतिपूर्ति वा सन्तुष्टि पाउने अधिकारको विश्वास दिलाउने छन् । (ICERD/art. 6) । | अन्तरिम संविधानको धारा १३ (१) र १४(१) र जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनको भाग ९ | यस्ता प्रकारका विभेदका परिणाम स्वरूप कुनै हानी नोक्सानी भएकामा न्याय र पर्याप्त क्षतिपूर्ति अथवा सन्तुष्ट बनाउनका लागि न्यायालयको प्रावधान छैन |
| भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालतलाई कानुनद्वारा निषेधित गरिनेछ । (ICCPR/art. 20/2) । | अन्तरिम संविधानको धारा १४(४) र जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (४) | तर स्पष्ट रूपमा समावेश गरिएको छैन । |
| प्रत्येक बालकलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राष्ट्रिय वा सामाजिक उत्पत्ति वा जन्मको आधारमा कुनै भेदभावबिना निज नाबालक भएको हैसियतले आवश्यक संरक्षणका उपायहरूको अधिकार, परिवार, समाज तथा राष्ट्रबाट प्राप्त हुनेछ । (ICCPR/art. 24/1) । | अन्तरिम संविधानको धारा २२ र बाल अधिकार ऐनको भाग ३(१) | विभेदकारी आधारहरूविरूद्ध संरक्षणको स्पष्ट समावेश छैन । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| ...प्रहरी र सुरक्षाबलहरूमा विभिन्न जात र सांस्कृतिक समुदायहरूको अझबढि प्रतिनिधित्वको सुनिश्चित गर्न कदम चाल्नुपर्ने (para 26 CAT Conclusions and recommendations 2005; CAT/C/NPL/CO/2). प्रहरीका विभिन्न तह, न्याय प्रणाली, न्यायाधीश र अभियोजकहरू समेत, र कानुन कार्यान्वयन गर्ने विभागहरूमा उक्त समुदायका व्यक्तिहरूको प्रतिनिधित्व प्रवर्धन गर्ने (para 1/g CERD General recommendation XXXI 2005; A/60/18, pp. 98-108). प्रहरी र न्याय प्रणालीमा जातीय र सांस्कृतिक समुदायहरूको उचित प्रतिनिधित्व प्रवर्धन गर्ने (para 5/d CERD General recommendation XXXI 2005; A/60/18, pp. 98-108). प्रहरी र कानुन कार्यान्वयनकारी निकायहरूमा उत्पीडित समुदायहरूका सदस्यहरूको भर्ना प्रोत्साहन गर्ने (para 24 CERD General Recommendation XXIX 2002; CERD/C/61/Misc. 29/rev.1). | अन्तरिम संविधान, २०६३ को धारा २१ ले राज्यका सबै अङ्ग, विभाग, तह र संरचनाहरूमा दलितको समानुपातिक प्रतिनिधित्वको हक प्रदान गर्दछ । तथापि, निजामति सेवा ऐनको भाग ७ (७), छात्रवृत्ति (चौथो संशोधन) नियमावली, २०६७, स्थानीय स्वायत्त शासन (चौथो संशोधन), नियमावली, २०६७, व्यवस्थापिका संसद् सचिवालय सेवा ऐन, २०५० (संशोधित २०६४), नेपाली सेना ऐन, २०५७ (संशाधित २०६६), प्रहरी ऐन, २०१२ (संशोधित २०६६), सशस्त्र प्रहरी ऐन, २०६३ (संशोधित २०६६), नेपाल विशेष (राष्ट्रिय अनुसन्धान) सेवा, २०४२ (संशोधित २०६६), विकास समिति ऐन, २०१३ (संशोधित २०६६), शिक्षा ऐन, २०२८ (संशोधित २०६६) र नेपाल स्वास्थ्य सेवा ऐन, २०५४ (संशोधित २०६६), संविधानसभा सदस्य निर्वाचन ऐन, २०६३ ले सामान्य प्रतिनिधित्वको व्यवस्था मात्र गरेका छन् तर संवैधानिक प्रावधान अनुसार समानुपातिक छैनन् । | अन्तरिम संविधान, २०६३ को धारा २१ अनुकूलको समानुपातिक प्रतिनिधित्वको प्रावधान छैन । राज्य संरचनाका सबै तह र क्षेत्रहरूमा समावेशिताका लागि संविधानको धारा २१ अनुकूल १०३ वटा कानुनहरू संशोधन गरिनु आवश्क छ । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| काम र उत्पत्तिका आधारमा गरिने विभेदका विरूद्ध गर्ने रोकावट, अनुसन्धान, न्यायिक छानबिनमा सहभागी प्रहरी, न्यायाधीश र अभियोजकलगायत कानुनको कार्यान्वयनकारी निकायका अधिकारीहरूलाई प्रर्याप्त तालिम दिईनुपर्छ (Guideline 31 draft UN Principles and Guidelines 2009; A/HRC/11/CRP.<br>3) साथै दलित समुदायसहित सबै समुदायका विशेषतः पुरूष र युवा केटाहरूलाई मध्यनजर राखी घरेलु तथा यौन हिंसासम्बन्धी आवश्यक तालिम र बृहत् जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ (para 20/d CEDAW Concluding observations 2011; CEDAW/C/NPL/CO/4-5). | | यस्ता किसिमका तालिम तथा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्न कुनै संवैधानिक तथा कानुनी प्रावधानहरू छैन । |
| दलित समुदायमध्ये पनि केही निश्चित जातमा यौनजन्य शोषणको निरन्तरताविरूद्ध तथा गरिबीलगायत चेलिबेटी बेचविखन र देहव्यापारको जड कारणहरूविरूद्ध आवश्यक व्यवस्था गर्ने (para 21 CEDAW Concluding observations 2011; CEDAW/C/NPL/CO/4-5). | अन्तरिम संविधानको धारा २० र चेलिबेटी बेचबिखनविरूद्ध ऐन २०४२ | विशेषतः जात, समुदायमा आधारित चेलिबेटी बेचविखनको मुख्य कारण खोजी गरी समाधान गर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छैन । |
| दलित र जनजाति महिला, एकल महिला र अपाङ्गता भएका महिला जस्ता पिछडिएका समुदायका महिलाहरूविरूद्ध हुने बहुस्वरूपका विभेदका सन्दर्भमा समितिले गहिरो चासो राखेको छ । (para 39 CEDAW Concluding observations 2011; CEDAW/C/NPL/CO/4-5). | | यस सन्दर्भमा कुनै पनि प्रावधान वा प्रक्रियाहरू अवलम्बन गरिएको छैन । |
| जातीवाद वा जातीय भेदभावका पीडितहरूको न्यायमा पहुँचका लागि सहजीकरण गर्न तथा आफ्नो अधिकारकाबारे समेत सचेत र जानकार नभएका समाजका अति पीडित समुदायका लागि राज्यपक्षले आवश्यक कानुनी जानकारी र सूचनाहरू उपलब्ध गराउनुपर्छ (para 7 CERD General recommendation XXXI 2005; A/60/18, pp. 98-108). | | यस्तो प्रावधान वा व्यवस्था छैन । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| यसै सन्दर्भमा, राज्यपक्षले त्यस क्षेत्रका सम्बन्धित व्यक्ति तथा निशुःल्क कानुनी सहायता र परामर्श केन्द, कानुनी सूचना केन्द्र र मेलमिलाप तथा मध्यस्थता केन्द्रहरूलाई प्रवर्धन गर्नुपर्छ (para 8 CERD General recommendation XXXI 2005; A/60/18, pp. 98-108). | | यस्तै प्रकारको प्रावधान छैन । |
| जातीय भेदभावविरूद्धको जाहेरी दर्ता गर्न अस्वीकार गर्ने कुनै पनि प्रहरी अधिकारीलाई आचरणविरूद्ध काम गरेको अभियोगमा विभागीय कारबाही गर्ने र यदि भ्रष्टाचारमा सङ्लग्न भएको पाइएमा सजाय थप गरिनुपर्छ (para 12 CERD General recommendation XXXI 2005; A/60/18, pp. 98-108). | प्रहरी ऐन भित्र साँकेतिक प्रावधान राखिएको छ । | जाहेरी दर्ताका क्रममा प्रहरी अधिकृतहरूले अस्वीकार गरेको अवस्थामा के गर्ने भन्ने स्पष्ट प्रावधान छैन । जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन अनुसार शून्यसहनशिलताको सिद्धान्त समावेशी गरिनुपर्छ । |
| कानुनी सहायता, समूहको सहजीकरण दाबी र समुदायका अधिकारको पक्षमा वकालत गर्ने गैरसरकारी संस्थाहरूको प्रोत्साहन गर्नेलगायत उत्पत्तिमा आधारित समुदायका सदस्यहरूका लागि समानतामा आधारित न्यायमा पहुँच प्रणालीको सुनिश्चित गर्न आवश्यक कदम चाल्ने (para 21 CERD General Recommendation XXIX 2002; CERD/C/61/Misc. 29/rev.1). | | यस्ता प्रकारको स्पष्ट कानुन र व्यवस्थाहरू छैन । |
| उपयुक्तताका आधारमा, उत्पत्तिका आधारमा गरिने विभेदको निषेध गर्न न्यायालयको निर्णयहरू र आधिकारिक कदमहरू पूर्ण रूपमा जवाफदेही भएको सुनिश्चित गर्ने (para 22 CERD General Recommendation XXIX 2002; CERD/C/61/Misc. 29/rev.1). | | अहिलेसम्म सुनिश्चित गरिएको छैन । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| उत्पत्तिमा आधारित समुदायहरूका विरूद्ध संस्कारमा आधारित अन्यायको रोकावट गर्ने विचारसहित सार्वजनिक सेवाका कर्मचारी र कानुन कार्यान्वयनकारी निकायहरूका लागि तालिम कार्यक्रमहरू आयोजना गर्ने (para 25 CERD General Recommendation XXIX 2002; CERD/C/61/Misc. 29/rev.1). प्रहरी र अन्य कानुन कार्यान्वयनकारी निकाय र समुदायका सदस्यहरूबीच रचनात्मक संवादहरू गर्न प्रोत्साहन र सहजीकरण गर्ने (para 26 CERDGeneral Recommendation XXIX 2002; CERD/C/61/Misc. 29/rev.1). | | अहिलेसम्म यस्ता प्रकारका तालिम र रचनात्मक संवादहरू आयोजना गरिएको छैन । |
| उत्पत्तिका आधारमा निरन्तर हुने हिंसालाई रोक्नलाई क्षेत्रगत आधारहरू पहिचानका लागि कदम चाल्ने (para 31 CERDGeneral Recommendation XXIX 2002; CERD/C/61/Misc. 29/rev.1). | | अहिलेसम्म पहिचान गरिएको छैन । |
| आफ्नो समुदायभन्दा बाहिरको समुदायसँग विवाह गर्न चाहने उत्पत्तिमा आधारित समुदायका सदस्यहरूका लागि विवाहको अधिकारलाई सुनिश्चित गर्न कानुनी व्यवस्थाहरूको परिभाषित गर्ने (para 32 CERD General Recommendation XXIX 2002; CERD/C/61/Misc. 29/rev.1). | संवैधानिक र कानुनी रूपमा सुरक्षित पुरस्कृत गर्ने प्रणाली छ । | अहिलेसम्म संरक्षित गर्ने व्यवस्था छैन । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| राज्यपक्षले राष्ट्रिय दलित आयोगलाई दिइएका कार्यादेश प्रभावकारी रूपमा निर्वाह गर्न सक्षम बनाउन उपयुक्त संवैधानिक तथा कानुनी आधारहरू अवलम्बन गर्न प्राथमिकताका आधार विचार गर्नुपर्छ (para 11 CERD Concluding observations 2004; CERD/C/64/ CO/5). राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगका काम प्रभावकारी ढङ्गले गराउन पर्याप्त स्रोतसाधन सम्पन्न बनाउन निरन्तर प्रवर्धन गर्ने (बोलिभिया) । (para 106.8 UPR Nepal 2011; A/HRC/17/5). राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगलाई उनीहरूको कार्यादेशलाई प्रभावकारी रूपले महसुस गराउन प्रर्याप्त बजेट उपलब्ध गराउने (स्लोभेनिया) (para 107.6 UPR Nepal 2011; A/HRC/17/5).। | राष्ट्रिय दलित आयोग वियेयक व्यवस्थापिक संसद्मा प्रक्रियामा रहेको छ । | न त राष्ट्रिय दलित आयोगको वियेयक नै पास गरिएको छ न पर्याप्त स्रोतसाधन नै उपलब्ध गराइएको छ । |
| कुनै पनि प्रकारको विभेद गर्ने सार्वजनिक र नीजि अभ्यासहरूको रोक, निषेध र अन्त्यका लागि आवश्यक व्यवस्था गर्ने र उक्त व्यवस्थाको व्यावहारिक र प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न सङ्कलप प्रयासहरू गर्ने । समितिले अगाडि अनुरोध गरेको छ कि अर्को आवधिक प्रतिवेदनमा उत्पत्तिका आधारमा हुने विभेदका सन्दर्भमा राज्यपक्षले दिएका सामान्य सिफारिसहरू XXIX अनुसार सम्बोधन गरिएका कुनै पनि प्रावधान र व्यवस्थाहरूकाबारे जानकारी समावेश गरिनुपर्छ । (para 12 CERD Concluding observations 2004; CERD/C/64/CO/5). | जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन र अन्य कानुनहरू रहेका छन् । | छुवाछूत ऐनको कार्यान्वयनमा प्रभावकारिता, छुवाछूतमुक्त राष्ट्र घोषणा र छुवाछूतविरूद्धको राष्ट्रिय दिवस (जेष्ठ २१) अथवा जातीय भेदभाव तथा छुवाछूतको नियमावली अनुमोदनका सन्दर्भमा स्पष्ट रणनीतिहरू छैनन् । |
| यस्ता प्रकारका भेदभावमुलक अभ्यासहरूको अन्त्य गर्न राज्यपक्षले आफ्ना प्रयासहरू अझ प्रभावकारी पार्नुपर्छ । समितिले अघि सिफारिस गर्छकि उजुरीको अनुसन्धान प्रक्रियाका सन्दर्भमा प्रहरीले गरेको कार्यलाई प्रहरी कै स्वतन्त्र निकायबाट अवलोकन र अनुगमन गरिनुपर्छ । (para 15 CERD Concluding observations 2004; CERD/C/64/CO/5). | | यस सन्दर्भमा कुनै स्पष्ट व्यवस्था छैन । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| जोखिम अवस्था भएका समूहका महिलाविरूद्ध हुने बहुविभेदको अन्त्यका लागि कानुनी व्यवस्थाहरू गर्ने (para 16 CERD Concluding observations 2004; CERD/C/64/CO/5). | | यस सन्दर्भमा विशेष व्यवस्था गरिएको छैन । |
| राज्यपक्षले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयन र दलित समुदायविरूद्धका सबै स्वरूपका भेदभावहरूको अन्त्यका लागि प्रभावकारी र कठोर व्यवस्थाहरू गर्नुपर्छ । राष्ट्रिय दलित आयोगलाई प्रर्याप्त स्रोतसधानको व्यवस्था र उसका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन गरिएमा मात्र दिइएको कार्यादेश प्रभावकारी ढङ्गले पूरा गर्न सक्छ, त्यसैले राज्यले यसको सुनिश्चितता गर्नुपर्छ । (para 9 HRC Concluding observations 2014; CCPR/C/NPL/CO/2). | जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन | प्रभावकारी व्यवस्था लिइएको छैन । राष्ट्रिय दलित आयोगका सिफारिसहरूको कार्यान्वयन गरिएको छैन । |
| नेपालको अन्तरिम संविधानले दण्डहीनतामा आधारित जातीय भेदभाव जस्ता भेदभावलाई निषेध गर्ने व्यवस्थाका बाबजुद पनि समितिले चासोका साथ प्रतिक्रिया दिएको छ । समितिले जातीय भेदभावका पीडितले न्यायमा पहुँचका सन्दर्भमा निरन्तर खेपिरहेको अवरोध र असहयोगलाई विशेष चासो दिएको छ । (para 13 CESCR Concluding observations 2008; E/C.12/NPL/CO/2). | | दण्डहीनता जतातातै व्याप्त छ र पीडितहरूले न्यायमा पहुँच पाउन विभिन्न बाधा व्यवधानहरू भोगिरहनु परेको छ । |
| विशेषः गरी दलित, मधेशी र जनजाति जस्ता उत्पीडित र सिमान्तकृत समूहहरूका महिलाहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार विनाभेदभाव उपभोग गर्न, संरक्षण र प्रवर्धनका लागि सञ्चालन गरिने कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गर्न एक विशेष इकाईको स्थापना गर्न समितिले विशेष सिफारिस गर्छ । (para 32 CESCR Concluding observations 2008; E/C.12/NPL/CO/2). | राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, प्रधानमन्त्रीको नेतृत्वमा रहेको मुख्य सचिव र प्रमुख जिल्ला अधिकारी रहेको संयन्त्र | प्रभावकारी अनुगमन छैन । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
| --- | --- | --- |
| तथ्यमा आधारित भएर हेर्दा सरकारका प्राथमिकताहरू जातीय भेदभावविरूद्ध लड्न दुर्गम र ग्रामीण क्षेत्रमा समेत स्थानीय संयन्त्रहरूले सरकारका नीतिहरूको पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्ने (चेक गणतन्त्र) (para 106.24 UPR Nepal 2011; A/HRC/17/5). | | अहिलेसम्म सुनिश्चित गरिएको छैन । |
| अल्पसङ्ख्यक समुदायका किशोरी, दलित बालबालिका तथा अन्य बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुँचको सुनिश्चित गर्ने (फिनल्याण्ड) (para 106.53 UPR Nepal 2011; A/HRC/17/5). | | यस्तो प्रकारको नीति र गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिएको छैन । |
| जातीय भेदभाव, महिला आयोग र दलित आयोग, जनजातिको अधिकार र बाल अधिकारसम्बन्धी वियेयकहरूलगायत उपयुक्त कानुन तथा नीतिहरूको समीक्षा र अवलम्बन गर्ने तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड र प्रावधानहरूको पूर्ण कार्यान्वयनको सुनिश्चित गर्ने (नर्वे) (para 108.11 UPR Nepal 2011; A/HRC/17/5). | जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, महिला आयोग ऐन | दलित आयोगको ऐन छैन । |
| जातीय भेदभावसम्बन्धी घटनाहरूको सम्प्रेषण, अनुसन्धान गर्ने, दोषीलाई न्यायको कठघरामा उभ्याउने तथा यस्ता हिंसाका पीडितहरूलाई क्षतिपूर्ति दिलाउने (चेक गणतन्त्र) (para 108.12 UPR Nepal 2011; A/HRC/17/5). | | अहिलेसम्म सुनिश्चित छैन । |

| अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधान | राष्ट्रिय प्रावधान | मुख्य खाडलको विश्लेषण |
|---|---|---|
| विशेषतः ग्रामीण क्षेत्रका जनता, दलित र आदिवासी अल्पसङ्ख्यक समुदायलाई रोजगार र आय आर्जनका अवसरहरू प्रदान गर्न प्रभावकारी रणनीति र कार्यक्रमहरू निर्माण गर्ने (मलेसिया) (para 108.31 UPR Nepal 2011; A/HRC/17/5). दलित बालबालिका, किशोरी र आदिवासी अल्पसङ्ख्यक समुदायका बालबालिकाको शिक्षा पूर्णरूपमा सम्पन्न गराउन सहयोगमा विशेष ध्यान जानुपर्छ र समुदायको परिवर्तनका आधारशिला भई अधिकारको दाबी र काम गर्न सक्षम बनाउनका लागि उनीहरूको शिक्षा प्राप्तिपश्चात् रोजगारको अवसर प्रदान गरिनुपर्छ (फिनल्याण्ड) (para 108.35 UPR Nepal 2011; A/HRC/17/5). । | | अहिलेसम्म सुनिश्चित छैन । |
| पीडित समुदायको कानुनी अधिकारको समान संरक्षणको सुनिश्चित गर्न न्यायिक, व्यवस्थापकीय र कानुन कार्यान्वयन गर्ने निकायहरूले स्पष्ट र वास्तविक व्यवस्थाहरू अवलम्बन गर्नुपर्छ (Guideline 28 HRC draft UN Principles and Guidelines 2009; A/HRC/11/CRP.3). | | अहिलेसम्म सुनिश्चित छैन । |

# ५ देशमा जातीय भेदभाव र छुवाछूतको अवस्था

नेपालमा प्रत्येक वर्ष दलितको बहिष्कार[३२], छुवाछूतको अभ्यास, अन्तरजातीय विवाहको सामाजिक अस्वीकृतिलगायतका जातीय भेदभाव तथा बलात्कार, शारीरिक यातना र हत्यालगायतका जातीय कुसंस्कार र हिंसाका घटना वृद्धि भइरहेका छन् । मानवअधिकारको क्षेत्रमा क्रियाशील एक संस्थाले सन् २०११ मा ७२ वटा (इन्सेक, सन् २०१३), सन् २०१२ मा १११ वटा र सन् २०१३ मा १०१ वटा (इन्सेक, सन् २०१४) जातीय भेदभाव तथा छुवाछूतका घटना र मुद्दा सङ्कलन गरेको छ । अर्को संस्था नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घले सन् २०१२ मा ७८ वटा दलित मानवअधिकार हनन र जातीय भेदभावका घटना अनुगमन गरेको छ (एनएनडिएसडब्ल्युओ, सन् २०१२) । सन् २०१२ सालमा आधिकारिक रूपमा सात जिल्लाबाट १२ वटा भेदभाव र छुवाछूतका घटना मात्र सङ्कलन गरिएको छ (नेपाली, सन् २०१३) । इन्सेकको प्रतिवेदनका आधारमा सन् २०१३ मा १०१ वटा विभेदका घटनामध्ये २२ वटा घटना (२२ प्रतिशत) न्यायिक प्रक्रियाका लागि दर्ता भएका छन् । यसले के देखाउँछ भने जातीय भेदभावका घटनाको सङ्ख्या प्रत्येक वर्ष बढिरहेका छन्, तर ती सार्वजनिक जानकारीमा आउन भने नसकेको अवस्था देखिन्छ ।

पहिलो संविधानसभा (२०६४-२०६९ साल) का विभिन्न समितिका प्रतिवेदनले के देखाउँछन् भने त्यसबेला जातीय विभेदको सवाललाई गहिरो छलफल गरिएको थियो । दश वटा विषयगत समिति[३३]मध्ये चार वटा समिति[३४] मा जातीय भेदभावका विषयमा गहन छलफल गरी जातीय भेदभाव र छुवाछूतविरूद्ध प्रावधान राख्न सुझाव दिइएको थियो । उक्त चार समितिका प्रतिवेदनले जातजाति, पेसा, उत्पत्ति, जन्म, समुदाय र वर्णजस्ता जातीय भेदभावका आधारलाई पहिचान गरेका छन् । त्यसैगरी, उक्त समितिहरूले सार्वजनिक ठाउँमा हुने जातीय भेदभाव र छुवाछूतको निषेध; मुलुकी ऐन २०२० अदलको १० (क) र अन्तरिम संविधानको धारा (१४) मार्फत "निजी ठाउँ"मा समेत भनी व्यवस्था गरेको छ । जातीय भेदभाव तथा छुवाछूतविरूद्धको संवैधानिक अधिकारलाई मजबुत गर्न यो एक अग्रगामी कदम हो । त्यसपश्चात्

---

३२ कोठाभाडामा लिन अनुमति नदिने, मन्दिर प्रवेशबाट वञ्चित, सहभोजमा बहिष्कार (अन्तरजातीय) र पानीका स्रोत पहुँचमा रोक आदि ।

३३ अल्पसङ्ख्यक र सीमान्तकृत समुदायका हक संरक्षण, मौलिक अधिकार तथा निर्देशक सिद्धान्तहरू, सांस्कृतिक र सामाजिक ऐक्यबद्धता तथा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिहरू ।

३४ पहिलो संविधानसभामा दश वटा विषयगत समिति थिए जस्तैः- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक संरक्षण समिति, संवैधानिक निकायको स्वरूप निर्धारण समिति, सांस्कृतिक तथा सामाजिक ऐक्यबद्धता आधार निर्धारण समिति, राज्यको व्यवस्थापकीय स्वरूप निर्धारण समिति, न्याय प्राणाली समिति, राष्ट्रिय हित संरक्षण समिति, राज्यको शासकीय स्वरूप निर्धारण समिति, मौलिक हक तथा निर्देशक सिद्धान्त समिति, प्राकृतिक स्रोत व्यवस्थापन समिति, आर्थिक हक तथा राजस्व बाँडफाँड समिति तथा राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति ।

प्रस्ताव गरिएका व्यवस्थाका आधारमा संविधानसभा वा व्यवस्थापिका संसद्ले मानव जीवन र व्यवहारको कुनै पनि ठाउँमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन अनुमोदन गर्दै जातीय भेदभाव तथा छुवाछूत गर्न रोक लगाएको छ ।

पहिलो संविधानसभाका समितिहरूले भेदभाव, अपहेलना, असह्य व्यवहार, छुवाछूतका गतिविधिसँगै जातीय आधारमा गरिने दुर्व्यवहार, अपमान र घृणा आदिलाई जातीय भेदभाव तथा छुवाछूतका व्यवहारको रूपमा स्वीकार गरेका छन् । ती समितिहरूले जातीय भेदभाव तथा छुवाछूतलाई मानवताविरूद्धको गम्भीर सामाजिक अपराधको रूपमा पनि स्वीकार गरेका छन् ।[३५] अन्त्यमा, संविधानसभाको पूर्ण बैठकले जातीय भेदभाव तथा छुवाछूतलाई "निजी" वा "सार्वजनिक" कुनै पनि ठाउँमा निषेध गर्दै सबै व्यवहारलाई अपराध मान्दै दण्डनीय र गम्भीर सामाजिक कसूर बनाएको छ । दोस्रो संविधानसभाले पहिलो संविधानसभाको पूर्ण बैठकले अनुमोदन गरेको यस व्यवस्थालाई पूर्णरूपमा ग्रहण गर्दै संविधान मस्यौदा समितिमा पठाएको छ ।

## ५.१ जातीय भेदभाव र मानवअधिकार उल्लङ्घनका प्रकृति र स्वरूप

जातीय भेदभाव र छुवाछूतविरूद्धको संवैधानिक र कानुनी प्रावधानका साथै विभेदविरूद्ध कदम चाल्न राज्यका धेरै संयन्त्र निर्माण भए पनि, नागरिक समाजको पहलकदमी रहेता पनि, जातीय भेदभाव र छुवाछूत अभ्यास र व्यवहार देशैभरि विभिन्न स्वरूपमा भइरहेका छन् । जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन जारी भएपश्चात्का घटनाबारे मिडियाले गरेका सम्प्रेषणमा देशमा जारी जातीय भेदभाव र जातीय अधिकार हननको वास्तविक अवस्था देखिन्छ ।

### *५.१.१ हिन्दू मन्दिर प्रवेशमा रोक*

दलितहरूलाई हिन्दूहरूले पूजा गर्ने मन्दिर प्रवेशमा निरन्तर रूपमै रोक लगाइएका छन् । मन्दिर प्रवेशमा रोकिएका दुई वटा उदाहरणले विभेदको यो प्रकृतिलाई प्रमाणित गर्दछन् । तराईमा दलित समुदायका एक विवाहित जोडीलाई मन्दिर प्रवेश र विवाहका कार्यक्रम गर्न रोक लगाउँदै गैरदलितहरूको समूहले साङ्घातिक आक्रमण गरेको थियो (ब्रह्मस्थान मन्दिर, पिपरिया दोस्तिया ५, रौतहट जिल्ला) । त्यसैगरी, पश्चिम पहाडी जिल्लाको एक मन्दिरमा पूजा गर्न गएका दलितहरूको एक समूहलाई मन्दिर व्यवस्थापन समितिका अध्यक्षलगायतका स्थानीय गैरदलितहरूले रोक लगाएका थिए (दरबार देवीस्थान गाविस, रक्षेडाँडा, गुल्मी) ।[३६]

### *५.१.२ अन्तरजातीय विवाहमा रोक र विस्थापन*

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (११) अनुसार अन्तरजातीय विवाहमा आधारित जातीय भेदभावलाई अपराधको रूपमा लिइएको छ । यद्यपि, यस्ता किसिमका घटना वृद्धि भई नै रहेका छन् । यो कानुन जारी भएपछि पनि यस्ता घटनामा कुनै रोकावट र कमी भएको देखिन्न । उदाहरणका लागि, मध्यपश्चिमको पहाडी जिल्लाकी एक ठकुरी केटीसँग विवाह गरेको कारण केटीको

---

३५ संविधानसभा, अल्पसङ्ख्यक र सीमान्तकृत समुदायहरूको हक संरक्षण समिति, २०६७ ।

३६ नागरिक, २६ जेठ २०७० ।

परिवारको बारम्बार धम्कीले एक जना दलित शिक्षकले जन्मस्थल छोड्न बाध्य भई विस्थापित हुनु परेको छ (जनकल्याण निम्न माध्यमिक विद्यालय, चामुण्डा ५, दैलेख) ।[३७]

पश्चिम तराई (सिपुवा ८, रुपन्देही, लुम्बिनी नजिक) मा अर्को अन्तरजातीय विवाहका जोडी (दलित केटा) र उसको परिवारलाई नै गाउँ छोड्न गैरदलित र केटीका नातेदारले बाध्य पारेका छन् ।[३८] त्यसैगरी, काठमाडौँको छिमेकी जिल्ला नुवाकोटमा अन्तरजातीय विवाह गर्ने एक जोडी (दलित केटा) लाई केटीका परिवार (केटीका नातेदारहरू) ले सम्बन्ध अस्वीकार गर्दै, केटाकेटीलाई नै कुटपिट र शारीरिक यातना दिई अन्त्यमा उनीहरूलाई गाउँबाट विस्थापित हुन बाध्य पारेका छन् ।[३९]

नेपालको पूर्वी क्षेत्रमा अन्तरजातीय विवाहका दुवै जना शिक्षक जोडी (दलित केटी) लाई पूर्वी पहाड (सिरिसे निम्न माद्यमिक विद्यालय, थर्पु ७, पाँचथर) मा उनीहरूका सहकर्मी, नातेदार र स्थानीय मानिसहरूले अपहेलना मात्र गरेनन्, जागिरबाट समेत निष्काशन गरी गाउँबाट विस्थापित गरी सदरमुकाम फिदिममा शरण लिन बाध्य पारेका छन् ।[४०]

अर्को मध्यमाञ्चल क्षेत्रकै धादिङ जिल्ला (नालाङ ४, धादिङ) मा एक अन्तरजातीय विवाहको जोडी (केटा दलित) लाई गाउँ छोड्न बाध्य पारिएको साथै केटीका नातेदारको बारम्बारको धम्कीका कारण भूमिगत हुनुपरेको अवस्था छ ।[४१]

मध्यपश्चिमाञ्चलको पहाडी जिल्ला (भाल्वौर ९, सल्यान) का एक अन्तरजातीय विवाहको जोडी (केटा दलित) लाई केटीको परिवारको बारम्बार धम्कीका कारण जन्मस्थल छोड्न दबाब परेको थियो ।[४२] उस्तै घटना पूर्वाञ्चलको तराई (इटहरी, सुनसरी) मा अन्तरजातीय विवाहको जोडी (केटी दलित) कथित माथिल्लो जातका केटाको परिवारको बारम्बार धम्कीका कारण भूमिगत भएको छ ।

जातीय भेदभाव तथा छुवाछूतका विभिन्न परिणाममध्ये अन्तरजातीय विवाहको कारण विस्थापित हुनु मुख्य कारण हो । मध्य क्षेत्रको पहाडी जिल्ला (ताड्राङ ४, गोरखा र गोरखा नगरपालिका १०, गोरखा) को एक अन्तरजातीय विवाह (दलित केटा) मा केटीलाई छुट्याउन केटीका नातेदारहरूले डकैतीको झुटा मुद्दा दायर गरेका थिए । तथापि प्रहरीले उनीहरूलाई साथ दिँदै केटीको परिवारले दाबी गरे अनुसार विवाहित जोडी छुट्याउन र डकैतीको अनुसन्धान गर्न अस्वीकार गरेको थियो ।[४३]

त्यसैगरी, पूर्वी तराई (लोहजारा ५, सप्तरी) को यादव केटाको परिवारले दलित केटीलाई परिवारको सदस्यको रुपमा अस्वीकार मात्र गरेन, बरू निर्घात कुटपिट गरी श्रीमान्को अनुपस्थितिमा विष पिउन दबाब

---

[३७] गोरखापत्र, ९ वैशाख २०७१ ।

[३८] अन्नपूर्ण, २७ असार २०७०

[३९] नयाँ पत्रिका, २२ वैशाख २०७०

[४०] अन्नपूर्ण पोस्ट, ७ असार २०७०

[४१] अन्नपूर्ण पोस्ट, १६ असार २०७०

[४२] कान्तिपुर, २२ साउन २०७०

[४३] नागरिक, १७ कार्तिक २०७०

दिएको थियो ।[४४] अर्को एक अनौठो घटनामा एक दलित केटाले पश्चिम पहाडी जिल्ला (लापु, गोरखा) जनजाति केटी (गुरूङ) विवाह गरेका कारण कथित उच्च जातकी केटीलाई विवाह गरेको कारण केटीको परिवारले केटालाई अपहरण गरी एक लाख रूपैयाँ जरिबाना गरेको थियो ।[४५]

केटीका बाबुआमाले दर्ता गरेको "केटी हराएको सूचना" भनी झुठो उजुरीका आधारमा पूर्वी तराई (विराटनगर ५, मोरङ) मा एक अन्तरजातीय विवाहको जोडी (दलित केटा र ब्राह्मण केटी) लाई जबर्जस्ती छुटाइएको थियो । विवाह दर्ताको प्रमाणपत्र र वैवाहिक सम्बन्ध स्वीकारको अदालतको फैसला हुँदाहुँदै पनि उक्त घटना हुन गएको थियो ।[४६]

### *५.१.३ सार्वजनिक ठाउँ र प्रयोगका वस्तुमा रोकावट*

सार्वजनिक ठाउँ र वस्तुको प्रयोगमा जातीय भेदभाव र छुवाछूत व्यवहारविरूद्ध कठोर संवैधानिक र कानुनी प्रावधान छन् । यद्यपि, कानुन जारीपश्चात् पनि भेदभाव विद्यमान नै छ । कानुन जारी पश्चात्का दुई वर्षमा विभेद भएका घटनाको सूची नै तयार भएको छ, जसका केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ ।

पूर्वी तराई (दमक, झापा) मा गैरदलितद्वारा सञ्चालित दुग्ध उद्योगमा सञ्चालकले दलित महिलाले उत्पादन गरेको दूध लिन अस्वीकार गरेको थियो ।[४७] त्यसैगरी मध्यपश्चिम पहाड (लकान्द्र गाविस, दैलेख) को कालिकास्थान वन उपभोक्ता समितिको अध्यक्ष रहेको एक गैरदलित (क्षेत्री) ले दलित महिलाको अन्त्येष्टिका लागि दाउरा उपलब्ध गराउन अस्वीकार गरेको थियो ।[४८]

मध्य क्षेत्रको पहाडी जिल्ला (सैपु ३, मन्थली, रामेछाप) मा छिमेकीको छोरीको विवाहमा गैरदलित दुलाहा दुलहीलाई एक दलितले टीका लगाइदिन खोज्दा केटीको बुबाले रोकेको थियो ।[४९] पूर्वी तराईमा एक दलित महिलालाई सार्वजनिक खानेपानीको धारा छोएको निहुँमा जनजाति महिलाहरूको समूहले निर्घात कुटपिट गरेको थियो ।[५०]

पश्चिम पहाडी क्षेत्र (शिव मन्दिर, पोखरा ७, कास्की) मा अनुमति लिएर विवाह कार्यक्रम आयोजना गर्न लाग्दा एक दलित दुलाहा-दुलहीलाई उक्त मन्दिरका पूजारीले रोकेको थियो । परिणामतः अर्को मन्दिरमा गई उनीहरूको वैवाहिक विधि र प्रक्रिया पूरा गरिएको थियो ।[५१] त्यसैगरी, काठमाडौँ (नारायणस्थान गाविस, गणेश मन्दिर, काठमाडौँ) मा दलित भएकै कारण पूजारीले पूजा गर्न रोक लगाउनुका साथै गालीबेइज्जती गरेको थियो ।[५२]

---

[४४] गोरखापत्र, ५ पौष २०७०

[४५] नयाँ पत्रिका, ४ पौष २०७०

[४६] नयाँ पत्रिका, २२ साउन २०७१

[४७] अन्नपूर्ण, २५ वैशाख २०७०

[४८] कान्तिपुर, ८ जेठ २०७०

[४९] गोरखापत्र, १९ जेठ २०७०

[५०] The Kathmandu Post, 28 February 2014

[५१] नागरिक, १५ फागुन २०७०

[५२] अन्नपूर्ण, ७ फागुन २०७०

मध्य पहाडी क्षेत्र (साँगाचोक ४, सिन्धुपाल्चोक) मा गैरदलित छिमेकीहरूले दलित महिलालाई सार्वजनिक धाराको पानी प्रयोग गर्न रोक लगाएका थिए । ती दलित महिलाको परिवारले पनि धारा निर्माणका क्रममा अन्य परिवारले जस्तै रू. १,०५० सहयोग गरेको थियो ।[५३]

पूर्वी तराई (चन्द्रोदयपुर ७, घोबियाझार, सिरहा) का मधेशी दलितहरू (सदाय तथा मुसहर) ले सार्वजनिक कुवा प्रयोग गर्दा गैरदलितहरू (पहाडे र मधेशी) का अगाडि पानी तान्न रोकेका कारण पानी भर्न घण्टौँ पर्खिनुपर्ने बाध्यता छ ।[५४]

पश्चिम क्षेत्र (लाहाचोक, कास्की) मा २५० भन्दा बढी घर दलितहरूलाई गैरदलितहरूले सार्वजनिक वन प्रयोग गर्नबाट अझै वञ्चित गरेका छन् ।[५५]

### *५.१.४ सेवा प्रदान र रोजगारमा विभेद*

नेपालका सार्वजनिक सेवाप्रदायक र सरकार तथा गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासमा दाताबाट सञ्चालित परियोजनाले सेवा उपलब्ध गराउन अस्वीकार गर्ने र एकपछि अर्को गलत क्रियाकलापलाई प्रश्रय दिनु जातीय भेदभाव र छुवाछूतको गहकिलो प्रमाण हो । उदाहरणका लागि, सुदूरपश्चिमाञ्चल क्षेत्रको पहाडी जिल्ला (शिर्श गाविस-९, बनारसी गाउँ, डडेलधुरा) का २५ घर दलित परिवारलाई खानेपानी सेवा गैरदलितका घरका धारामार्फत उपलब्ध गराउनबाट वञ्चित गरिएको थियो । किनभने दलित तथा गैरदलित दुवैका बस्तीका धारामा एउटै पाइपबाट पानी पठाउनुपर्दथ्यो । त्यसो गर्दा गैरदलितका लागि पानी अशुद्ध हुने धारणा गैरदलितको थियो ।[५६]

त्यसैगरी, दलितहरूलाई रोजगार दिन अस्वीकार गर्नु र भइरहेको रोजगारबाट निष्काशन गर्नु जातीय भेदभावका अर्को प्रमाण हो । पूर्वी नेपाल (विराटनगर ६, मोरङ) को तीनतारे होटेलमा दलित कामदारलाई उसको जात जानकारीमा आएपश्चात् रोजगारबाट हटाइएको थियो ।[५७]

### *५.१.५ शारीरिक शोषण र अन्याचार*

जातका आधारमा हुने शारीरिक शोषण र अन्य हिंसा नेपालमा शताब्दीऔँदेखि विद्यमान रहेका छन् र यी ठूला चुनौतीका रूपमा निरन्तर खडा छन् । जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन जारी भएपछिका तीन वर्षमा यस्ता किसिमका धेरै घटना प्रकाशित भएका थिए । उदाहरणका लागि, मध्यपश्चिमको पहाडी जिल्ला (धवाङ १, रोल्पा) की एक दलित केटीलाई बोक्सीको आरोपमा उनकै परिवारका सदस्यहरूको उपस्थितिमा धामीले निर्घात कुटपिट गरेको थियो ।[५८] त्यसैगरी, पूर्वी तराई (बेलबारी, मोरङ) मा गैरदलितद्वारा दलित महिला र उनलाई सहयोग गर्ने एक दलित युवालाई अनुहारमा कालोमोसो दल्दै

---

[५३] गोरखापत्र, ९ चैत्र २०७०

[५४] अन्नपूर्ण, १८ जेठ २०७१

[५५] Himalayan Times, 20 June 2014

[५६] गोरखापत्र, १४ जेठ २०७१

[५७] नयाँ पत्रिका, ५ वैशाख २०७०

[५८] कान्तिपुर, २४ असार २०७०

जुत्ताको माला लगाएर सार्वजनिक बेइज्जत तथा यातना दिइएको थियो । किनभने उनीहरूले गैरदलितविरूद्ध बलात्कारको प्रयास गरेको जाहेरी स्थानीय प्रहरी कार्यालयमा दर्ता गरेका थिए ।[५९]

त्यसैगरी, पश्चिम तराईका जिल्ला (मैनाबगर, बुटवल, रूपन्देही) पानी भर्न गएको मौकामा एक गर्भवती दलित महिलालाई सार्वजनिक खानेपानीको धारा प्रयोग गर्नबाट वञ्चित गर्दै गैरदलितहरूले निर्घात कुटपिट गरेका थिए । उनीहरूको कुटपिटबाट उक्त दलित महिलाको गर्भ तुहिएको थियो ।[६०]

दलित भएकै कारण एक ६२ वर्षीया दलित महिलालाई गाविसले अनुदान दिएको सार्वजनिक खानेपानीको धारा छोएको निहुँमा पश्चिम तराई (मानमटेरिया ३, रूपन्देही) को एक गैरदलित परिवार (केवट मधेशी) ले कुटपिट गरेको थियो ।[६१] त्यस्तै, पूर्वी पहाडी जिल्ला (नाङ्खोल्याण्ङ्ग ३, ताप्लेजुङ) मा एक दलित किशोरीलाई गैरदलित महिला (नेवार) ले हत्या गरेकी थिई किनभने मृत किशोरीले अभियुक्त महिलाको श्रीमान् पृष्ठभूमिमा रहेको तस्बिर फेसबुकमा राखेकी थिई ।[६२] यी घटनाका कारकतत्त्व वास्तविक वा काल्पनिक जुनसुकै हुन्, तर दलित समुदायका महिला वा पुरूष, केटा वा केटी जो भए पनि हिंसा र हत्याका पीडित बन्ने गरेका छन् ।

### *५.१.६ बलात्कार*

सिद्धान्ततः बलात्कार वा त्यस्ता प्रकारका व्यवहार गर्नु पितृसत्तात्मक समाजमा प्रत्येक महिलाको टाउको माथि डेमोकल्सको तरवार झुण्ड्याउनु जस्तै हो । यद्यपि, व्यवहारतः बलात्कारको शिकार हुने अधिकांश महिलामा प्रायःजसो सामाजिक रूपमा तल्लो दर्जा (जस्तै सामाजिक रूपमा बहिष्कृत समुदाय), आर्थिक रूपमा कमजोर, शारीरिक रूपमा कमजोर, एकल महिला र सामान्य रूपमा शक्तिविहीनहरू रहने गरेका छन् । यस अर्थमा नेपालमा दलित समुदायका महिला र किशोरीहरू बलात्कारको शिकार हुने गरेका छन् ।

सञ्चारमाध्यमबाट सम्प्रेषित समाचारअनुसार, दुई वर्षको अवधि (२०७० र २०७१ साल) मा दलित महिला र किशोरीहरू बलात्कारको शिकार भएका धेरै घटना भएका छन् । यस्ता घटनाको संवेदनशीलता हेर्दा धेरै घटना मिडियासम्म आइपुग्न नसकेको देखिन्छ । उदाहरणका लागि, पूर्वी तराई (लेटाङ २, मोरङ) की एक १३ वर्षीया अपाङ्ग किशोरी ७७ र ६० वर्षका दुई जना वृद्ध (नेवार) द्वारा पटक-पटक बलात्कार भएकी थिइन् । कोशी अञ्चल अस्पतालका स्त्रीरोग विशेषज्ञले दोषीहरूलाई सहयोग गर्ने नियतले गलत मेडिकल रिपोर्ट दिएका कारण उक्त किशोरी न्याय पाउनबाट वञ्चित भएकी थिइन् ।[६३] त्यसैगरी खोटाङ जिल्लामा एक चार वर्षीया बालिका अपरिचित व्यक्तिबाट बलात्कृत भएकी थिइन् ।[६४] पूर्वी तराई (मेचीनगर १३, गैलाडुब्बा, झापा) मा एक दलित किशोरी गैरदलितबाट बलात्कृत भई गर्भवती भएकी थिइन् ।[६५]

---

[५९] कान्तिपुर, २१ साउन २०७०

[६०] Republica, 22 May 2014

[६१] गोरखापत्र, ७ असार २०७१

[६२] गोरखापत्र, २ साउन २०७१

[६३] नयाँ पत्रिका, २१ साउन २०७०

[६४] नागरिक, २८ साउन २०७०

[६५] कान्तिपुर, ४ साउन २०७०

पश्चिम पहाडी जिल्ला (बालीथुम-३, सानो लुम्पक, गुल्मी) मा गैरदलितबाट बलात्कृत भएकी एक दलित महिलाले छोरीलाई जन्म दिएकी थिइन् । तर उक्त अभियुक्तले त्यो बच्चालाई आफ्नो छोरीको रूपमा स्वीकार गरेन । २०७० सालमा उक्त घटनालाई स्थानीय मध्यस्थतामा स्थानीय मानिसहरूको उपस्थितिबीच पीडित महिलालाई तीस हजार रूपैयाँ क्षतिपूर्तिस्वरूप उपलब्ध गराएर सहमतिमा ढाकछोप गरिएको थियो । पीडक गैरदलित परिवारको धम्कीका कारण ती महिला र उनको परिवारले उक्त घटनालाई गुपचुप राखेका थिए । उमेर बढ्दै गएपछि छोरीले आफ्नो बाबुबारे सोध्न थालिन् । त्यसैले स्थानीय मानिसहरूले 'बलात्कारीलाई बाबु हो' भनी सङ्केत गरेका थिए । त्यसपश्चात उक्त पीडकको परिवारले त्यो बच्चाको हत्या गर्न खोजेको थियो । परिणामतः त्यो बच्चालाई सुरक्षाका लागि महिला पुनर्स्थापना केन्द्रमा राखिएको छ ।[६६]

यस्तै खालका अन्य घटना पनि धेरै छन् । सुदूरपश्चिमको तराई (धनगढी नगरपालिका ७, जोकेर्ताल, कैलाली) मा एक १४ वर्षीया दलित किशोरीलाई गैरदलितले शारीरिक शोषण गरेको थियो ।[६७] पूर्वाञ्चलको सुनसरी जिल्ला (बराहक्षेत्र ७, सुनसरी) मा एक सात वर्षीया बालिका गैरदलित केटाद्वारा बलात्कृत भएकी थिइन् ।[६८]

त्यस्तै सतासीधाम ५, झापामा एक १५ वर्षीया अभिभावकविहीन (टुहुरी) दलित केटी गैरदलित केटा (जनजाति तामाङ) बाट बारम्बार बलात्कृत भई गर्भवती भएकी थिइन् ।[६९]

यी बलात्कारका घटना नेपालका विभिन्न क्षेत्रबाट सङ्कलन गरिएका हुन् । यी घटनामा धेरैजसो बलात्कारीहरू गैरदलित समुदायका देखिन्छन् ।

### *५.१.७ छुवाछूतका प्रत्यक्ष र अप्रत्यक्ष अभ्यास*

विभिन्न स्वरूप र फरक-फरक तहमा देशभरि नै जातीय भेदभाव र छुवाछूतका अभ्यास भएको देखिन्छ । हुन त जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन जारी भएपछि प्रत्यक्ष भेदभाव र छुवाछूतका अभ्यासमा देखिनेगरी केही कमी आएको पाइन्छ । तर अप्रत्यक्ष भेदभाव र छुवाछूतका रूपमा डेरावाल दलित भएको जानकारीपश्चात घरधनीले डेरा पनि खाली गराएको वा उपलब्ध नभएको भनी जानकारी दिने गरेको जस्ता गतिविधि बढिरहेका छन् ।

छापामा प्रकाशित समाचारअनुसार विगत दुई वर्षमा देशभरि नै विभेद र छुवाछूतका अभ्यास निरन्तर भएका थिए । सुदूरपश्चिमाञ्चल क्षेत्रको पहाडी जिल्ला (कालिका प्राथमिक विद्यालय, मलेमेला गाविस, बझाङ) का एक दलित शिक्षकलाई सोही विद्यालयका गैरदलित शिक्षक र प्रधानाध्यापकले खाना र पानी छुनबाट वञ्चित गरेका थिए ।[७०]

---

[६६] नागरिक, १९ भाद्र २०७०

[६७] पार्वती आग्रीको फिल्ड अध्ययन, २४ भाद्र २०७०

[६८] त्जभ प्वतजञबलमग एयकत, द्दद्ध क्भउतभ्फदभच द्दण्ज्ञघ

[६९] नयाँ पत्रिका, २० साउन २०७१

[७०] Republica, 22 February 2014

पूर्वी पहाडी जिल्ला (सिम्पानी, खोटाङ) मा एसएलसी परीक्षामा सामेल हुन गएका दलित विद्यार्थीहरूलाई कथित उपल्लो जातका घरधनीले डेराभाडामा लिएको केही दिनपछि डेरावालहरू दलित भएको थाहा पाएपछि डेराबाट निकालिएका थिए ।[७१] त्यसैगरी पूर्वी पहाडी जिल्ला (ज्यामिरे ५, ओखलढुङ्गा) मा दुई जना दलित युवाले विवाह कार्यक्रममा दुलहादुलहीलाई टीका लगाइदिने क्रममा गैरदलित (मगर) बाट जातीय भेदभाव र दुर्व्यवहार खेप्नुपरेको थियो ।[७२] सुदूरपश्चिमका पहाडी जिल्ला (च्वानगढ, बैतडी) का १४ वटा प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमले उपलब्ध गराएको खाना (लिटो) दलित र गैरदलित बालबालिकालाई छुट्टाछुट्टै लाइनमा राखी वितरण गरिएको थियो ।[७३]

पूर्वी पहाडी जिल्ला (अस्थायी प्रहरी चौकी डाँडाबजार, ओख्रे, धनकुटा) मा एक दलित प्रहरी सिपाहीले प्रहरीचौकीका गैरदलित चौकी इञ्चार्ज असई (कार्की क्षेत्री) बाट जातीय भेदभाव र दुर्व्यवहार खेप्नुपरेको थियो । निज असईले दलितले छोएको खाना खान अस्वीकार गरेका थिए । यसका साथै, चौकी इञ्चार्जले दलित सिपाहीले छोएको पानी र खाना नखान अरू प्रहरीलाई पनि निर्देशन दिएका थिए र दलित सिपाहीलाई आफ्नो कोठामा प्रवेश निषेध समेत गरेका थिए ।[७४] दुःखलाग्दो कुरा त अझ के छ भने यस्ता घटनामा सङ्लग्न व्यक्तिहरू संविधान र कानुनको कार्यान्वयन गर्न जिम्मेवारी प्राप्त व्यक्ति हुन् ।

पूर्वाञ्चलको तराई जिल्ला (पब्लिक उच्च माध्यमिक विद्यालय, रङ्गेली, मोरङ) मा तीन कक्षामा अध्ययनरत एक दलित विध्यार्थीले शिक्षकहरूले दलित विद्यार्थीको पुस्तक छुन अस्वीकार गरी दुर्व्यवहार गरेकाले विद्यालय छाडेका थिए । शिक्षकहरूले दलित विद्यार्थीहरूलाई कक्षाकोठाको अन्तिम बेञ्चमा बसाएका थिए । परिणामस्वरूप, मरिक समुदायका १२ दलित बालबालिका विद्यालय जान अनिच्छुक देखिएका थिए ।[७५]

यस्ता घटना त दलित मानवअधिकार उल्लङ्घनका केही प्रतिनिधि घटनामात्रै हुन् तर यिनले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन जारी भएपछिको सूचात्मक अवस्था र देशमा रहेको विद्यमान विभेदको स्थितितिर सङ्केत गर्दछन् ।

## ५.२ जातीय भेदभाव र छुवाछूत तथा मानवअधिकार उल्लङ्घनका घटनामा राज्यको तर्फबाट सम्बोधन

### *५.२.१ न्यायालयको तर्फबाट सम्बोधन*

नेपालको सर्वोच्च अदालतले सार्वजनिक ठाउँ र वस्तुको उपयोगमा हुने भेदभावमूलक परम्परा र अभ्यासविरूद्ध धेरै ऐतिहासिक फैसला गरेको थियो ।[७६] दलित विद्यार्थीहरूलाई संस्कृत विश्वविद्यालयको होस्टेलमा बस्न अनुमति दिन आदेश दिएको[७७], दलितहरूका नागरिकता परिचयपत्रमा जात जनाउने

---

[७१] नयाँ पत्रिका, १९ चैत्र २०७०

[७२] गोरखापत्र, १ जेठ २०७१

[७३] गोरखापत्र, ३१ जेठ २०७१

[७४] नयाँ पत्रिका, २१ जेठ २०७१

[७५] कान्तिपुर, १३ साउन २०७०

[७६] मनबहादुर विश्वकर्मा विरूद्ध श्री ५ को सरकार, रिट नं. २५०५/२०४९

[७७] डिलबहादुर विश्वकर्मा विरूद्ध श्री ५ को सरकार, रिट नं. ४४/२०६२

अपमानजनक थर उल्लेख गर्नुको सट्टा ठाउँअनुसार थर सच्याउने प्रावधान राख्न निर्देशन दिएको[७८], जातीय भेदभाव तथा छुवाछूतका अभ्यासविरूद्धका सार्वजनिक सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको साथै अविभेदका सन्दर्भमा सार्वजनिक सेवाका कर्मचारीलाई जवाफदेही बन्न निर्देशन दिएको थियो ।[७९]

न्यायमा दलितको पहुँचलाई सुनिश्चित गर्न र जातीय भेदभाव तथा छुवाछूतका अभ्यासमा कमी ल्याउन नेपालको सर्वोच्च अदालतले दिएका यी फैसला पर्याप्त छैनन् नै, अझ अदालतका यी ऐतिहासिक निर्देशन र फैसला प्रभावकारी रूपमा कार्यान्वयन पनि हुन सकेका छैनन् (किसान, सन् २०१३) । जिल्ला र पुनरावेदन अदालतले विभेदका दोषीलाई सामान्य जरिबाना र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने मात्र फैसला गरेका छन्, तर दोषीलाई कैद सजायसहितको फैसला बिरलै गरेका छैन । त्यसकारण जातीय भेदभाव तथा छुवाछूतविरूद्ध शून्य सहनशीलताको सन्देशको प्रभाव कमजोर देखिन्छ ।

### ५.२.२ प्रहरीको तर्फबाट सम्बोधन

प्रहरी कार्यालय जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनसम्बन्धी मुद्दा फौजदारी न्याय प्रणालीमा प्रवेश पाउने पहिलो ढोका हो । जातीय भेदभाव तथा छुवाछूत ऐन र सरकारवादी मुद्दासम्बन्धी ऐनअनुसार सर्वप्रथम स्थानीय प्रहरी कार्यालयमा जाहेरी दर्ता हुनुपर्छ, त्यसपछि प्रहरीले अनुसन्धान गरी अभियोगपत्र जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउँछ । जिल्ला सरकारी वकिलको कार्यालयले त्यसपछि मुद्दालाई न्यायिक पुर्पक्षका लागि अदालतमा दर्ता गर्दछ । तथापि, न्यायिक प्रक्रियामा एकातर्फ स्थानीय तहमा स्थानीय प्रहरीको प्रतिक्रिया दोषी र पीडितसँगको सम्बन्धमा निर्भर गर्दछ, अर्कोतर्फ पीडितले न्याय पाउने वा नपाउने कुरा स्थानीय प्रहरी अधिकृतको र जिल्ला प्रहरी प्रमुखको व्यवहार र भूमिकामा निर्भर रहन्छ ।

**(क) सकारात्मक सम्बोधन**

कुनै पनि जातीय भेदभाव तथा छुवाछूतका मुद्दा विशेष गरी अन्तरजातीय विवाहमा सङ्लग्नहरूप्रति प्रहरीको भूमिका तटस्थ (समालोचनात्मक) छ । उदाहरणका लागि सिपुवा-८, रुपन्देही जिल्लामा अन्तरजातीय विवाहका जोडीलाई गैरदलित र केटीका परिवारले विस्थापित हुन बाध्य पारिएको थियो, तर प्रहरीले मुद्दा दर्ता गराई अनुसन्धान थालेको थियो ।[८०] त्यस्तै, खालको नालाङ- ४, धादिङ जिल्लाको घटनामा पनि प्रहरीले मुद्दा दर्ता गराई अनुसन्धान थालेको थियो ।[८१] तान्द्राङ- ४ र गोरखा नगरपालिका- १०, गोरखा जिल्लामा केटीलाई केटाबाट छुटाउन केटीको बाबुआमाले केटालाई डकैतीको झुटो मुद्दा लगाउन जाहेरी दर्ता गराएता पनि प्रहरीले विवाहित जोडीलाई नै सहयोग गरेको थियो ।[८२]

---

[७८] डिलबहादुर विश्वकर्मा विरूद्ध श्री ५ को सरकार, रिट नं. ३१३८/२०६१

[७९] रत्नबहादुर बागचन्द विरूद्ध श्री ५ को सरकार, रिट नं. ३१३८/२०६१ र सुकलाल नेपाली विरूद्ध श्री ५ को सरकार, रिट नं. २८७३/२०६१

[८०] अन्नपूर्ण, २७ असार २०७०

[८१] अन्नपूर्ण, १६ असार २०७०

[८२] नागरिक, १७ कार्तिक २०७०

एक अर्को घटनामा श्रीमान् अनुपस्थित भएको बेला श्रीमान्को परिवार र नातेदारहरूले कुटपिट गरी बलजफ्ती विषसेवन गराएकी दलित केटीलाई प्रहरीले मुद्दा दर्ता गरी अनुसन्धान थालेको थियो ।[८३] लापु, गोरखा जिल्लामा जब दलित दुलाहालाई अपहरण गरी दुलाहीका परिवारले एक लाख जरिबाना गरिंदा प्रहरीले केटाको अनुरोधमा सत्यतथ्य अनुसन्धान गरी दोषीबाट पैसा फिर्ता गराएको थियो ।[८४]

चन्द्रोदय ७, सिरहा जिल्लाको घटनामा सार्वजनिक कुवा छोएको आरोपमा एक दलित महिलालाई पहाडे जनजाति मानिसहरूले निर्घात कुटपिट गर्दा छानबिनका लागि प्रहरीले तत्काल अनुसन्धान थालेको थियो ।[८५]

त्यसैगरी, काठमाडौँको एक मन्दिर (गणेश मन्दिर, नारायणस्थान गाविस) मा दलितलाई पूजा गर्नबाट वञ्चित गरिँदा प्रहरीले उजुरीका आधारमा तत्काल अनुसन्धान थालेको थियो ।[८६] घलान गाविस- ६, म्याग्दी जिल्लामा गैरदलितले एक दलित महिलालाई गाली बेइज्जती गर्दै सामाजिक बहिष्कार गरेको बेला पीडितको उजुरीका आधारमा प्रहरीले तत्काल दोषीलाई पक्राउ गरेको थियो ।

**(ख) नकारात्मक सम्बोधन**

प्रायःजसो सबै सवालमा प्रहरीका प्रतिक्रिया कानुन र न्यायको भावनाअनुकूल हुँदैनन् । पिपरिया दोस्तिया- ५, रौतहट जिल्लाको ब्रह्मास्थान मन्दिर प्रवेश गरी विवाहको कार्यक्रमलाई विधिवत रूपमा आयोजना गर्न नदिइएको घटनामा प्रहरीले गैरदलितविरूद्ध दर्ता गराएको जाहेरी फिर्ता लिन दबाब दिएको थियो । उक्त घटनालाई स्थानीयस्तरको मध्यस्थतामै मिलाइएको थियो ।[८७]

त्यसैगरी, नुवाकोट जिल्लामा एक अन्तरजातीय विवाहको घटनामा विवाहित जोडीलाई दुलहीको परिवारले शारीरिक यातना दिई गाउँ निकाला गरेको थियो । प्रहरीले उक्त घटनाका दोषीलाई अनुसन्धान र कारबाही गर्नुको सट्टा नवविवाहित जोडीलाई नै गालीगलौज गर्दै बालविवाहको आरोप लगाएको थियो ।[८८]

भालचौर ९, सल्यान जिल्लामा अन्तरजातीय विवाहका जोडीलाई केटीको परिवारले बलपूर्वक विस्थापित गरेको बेला प्रहरीले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअनुसार न्याय प्रदान गरेन ।[८९]

इटहरी, सुनसरी जिल्लामा प्रहरी कार्यालयले दोषीलाई सहयोग गर्दै थुनामुक्त गराएको थियो, जबकि उक्त दोषीले नवविवाहित दलित दुलही (अन्तरजातीय विवाह) लाई बेपत्ता पारेको आरोप लागेको थियो ।[९०]

---

८३ गोरखापत्र, ५ पौष २०७०

८४ नयाँ पत्रिका, ४ पौष २०७०

८५ The Kathmandu Post, 28 February 2014

८६ अन्नपूर्ण पोस्ट, ७ फागुन २०७०

८७ नागरिक, २६ जेठ २०७०

८८ नयाँ पत्रिका, २२ वैशाख २०७०

८९ कान्तिपुर, २२ साउन २०७०

९० नागरिक, ८ भाद्र २०७०

विराटनगर- ५, मोरङमा एक अन्तरजातीय विवाहको जोडीलाई प्रहरीमा दर्ता भएको झुठो मुद्दा "केटी हराएको सूचना"को आधारमा प्रहरीले बलपूर्वक छुट्याएका थिए, जबकि उनीहरूसँग विवाह दर्ताको प्रमाणपत्र र श्रीमान् श्रीमतिको नाता प्रमाणित भएको अदालतको फैसला पनि साथै थियो ।[९१]

बेलबारी घटनाको सुरूआती अवस्थामा दलित महिलालाई गैरदलितहरूले अनुहारमा मोसो दलेर जुत्ताको माला लगाई सार्वजनिक बेइज्जती र यातना दिएकोमा स्थानीय प्रहरी कार्यालयले पीडितका पक्षमा कुनै हस्तक्षेप गरेको थिएन ।[९२]

निर्ष्कषमा, नेपाली समाजमा अझै पनि जातीय भेदभाव तथा छुवाछूतका व्यवहारमा कमी आएको देखिन्न । देशको ठूलो हिस्साको जनसङ्ख्या यस्तो सामाजिक समस्याबाट प्रत्यक्ष र वास्तविक रूपमा ग्रसित छ । यसका साथै, मिडियामा आएका विभिन्न स्वरूपका विभेद र हिंसाका मुद्दाको सङ्ख्या बढ्ने क्रममा छ । दलितले अनुभव गर्ने अधिकार उल्लङ्घनसम्बन्धी विभिन्न प्रकृतिका प्रतिक्रिया र अवस्था मिल्दोजुल्दो देखिन्छ । जबकि न्यायालय र प्रहरीबाट सकारात्मक प्रतिक्रिया पनि प्राप्त छन्, जो अपराध न्याय प्रणालीका मुख्य संवाहक हुन् । ती संवाहकहरूले दलितविरोधी जातीय भेदभाव तथा छुवाछूतका लागि कानुनी उपचारको अधिकार सुनिश्चित गर्न सक्छन् । तर उनीहरूले नै एकातिर दलितका पक्षमा विभेदकारी व्यवहार गरेको घटना पनि बढ्दो छ भने अर्कोतिर कानुनको दुरूपयोग गरेका घटनाको सङ्ख्या पनि उत्तिकै मात्रामा छन् । जातीय भेदभाव तथा छुवाछूतविरूद्धको हक संरक्षण गर्न जारी मुख्य कानुनअनुसार दलितले न्यायमा पहुँच राख्ने क्रममा भोग्नु पर्ने समस्याहरूको विस्तृत विश्लेषण अर्को भागमा उल्लेख गरिएको छ ।

---

९१ नयाँ पत्रिका, २२ साउन २०७१

९२ कान्तिपुर, २१ साउन २०७०

# ६ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयनको विश्लेषण

जातीय भेदभाव तथा छुवाछूतका कैयौँ घटनाले न्याय प्रणालीमार्फत पूरा यात्रा गर्ने क्रममा प्रहरी कार्यालय र अदालत हुँदै अदालतको अन्तिम फैसला घोषणासम्म सुन्नुपर्छ । यद्यपि, जातीय भेदभाव तथा छुवाछूतका धेरैजसो मुद्दा मुलुकी ऐन, २०२० को अदलको महलको १० (क) नं. अनुसार न्यायिक प्रक्रिया हेरिन्छ । तुलनात्मक रूपमा अहिलेसम्मका केही थोरै सङ्ख्याका मुद्दा भए पनि यस प्रतिवेदनमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअनुसार २०६८ सालदेखि २०७१ सालसम्म दर्ता भएका मुद्दा, उपलब्ध कागजात र सत्यतथ्य प्रतिवेदनका आधारमा ऐनको कार्यान्वयनको विस्तृत विश्लेषणका लागि १८ वटा मुद्दालाई लिइएको छ । ऐनको कार्यान्वयनको अवस्था पहिचान गर्न र ऐनको औचित्यको पाठ बुझ्न यो विश्लेषणलाई विभिन्न प्रक्रिया : जस्तै- जाहेरी दर्ता र अनुसन्धान, अदालतमा मुद्दा दर्ता, न्यायिक पुर्पक्ष तथा सुनुवाइ र अदालतको अन्तिम फैसला आदि चरणमा विभाजन गरिएको छ ।

## ६.१ घटनाको जाहेरी दर्ता र अनुसन्धान

जातीय भेदभाव तथा छुवाछूतका दोषीविरूद्ध जाहेरी दर्ता गर्नु नै दलितका लागि एकदम कष्टपूर्ण सङ्घर्ष हुने गरेको छ । देशभरिका विभिन्न ठाउँबाट घटना र सूचना सङ्कलन गर्ने क्रममा यस्ता खालका धेरै अनुभव प्राप्त भएका थिए । दलित नागरिक समाज, राजनीतिक सङ्गठन र अधिकारकर्मीले सामाजिक र राजनीतिक दबाब सिर्जना गरेपछि मात्र धेरैजसो उजुरी दर्ता भएका थिए ।

भिनडावर, रौतहट जिल्लामा मन्दिर प्रवेश र पूजा गर्न निषेध गरिएको जातीय भेदभाव र छुवाछूतको घटनामा गैरदलितहरूले दलितहरूमाथि सामूहिक आक्रमण गरेका थिए ।[९३] उक्त घटनाविरूद्धको उजुरीलाई प्रहरीले बारम्बार दर्ता गर्न अस्वीकार गरेको थियो । त्यसैगरी, बेलबारी, मोरङ जिल्लामा दलित महिला र पुरूषलाई सार्वजनिक बेइज्जत गरी जातीय भेदभाव तथा छुवाछूत गरेको घटना[९४], कोटडाँडा कास्कीमा एक दलित शिक्षकलाई कार्यक्रममा भाग लिनबाट वञ्चित गराउँदै साङ्घातिक आक्रमण गरिएको घटना[९५] का साथै पर्वत जिल्ला, धाइरिङ गाविसमा प्रसाद र टीका ग्रहण गर्न र मन्दिर प्रवेशबाट वञ्चित गरी जातीय

---

[९३] परिशिष्ट १, मुद्दा नं. १२, श्रीपतीदेवी चमार र सुशिला देवी चमारद्वारा, नेपाल सरकार विरूद्ध यादव थरका ४६ जना व्यक्तिहरू ।

[९४] परिशिष्ट १, मुद्दा नं. ११, माया सार्कीद्वारा, नेपाल सरकार विरूद्ध चेतन भेटवाल र अन्य २०७० ।

[९५] परिशिष्ट १, मुद्दा नं. ९, कर्णबहादुर नेपालीद्वारा, नेपाल सरकार विरूद्ध ८ जना गुरूङ्गहरू ।

भेदभाव र छुवाछूत गरेको घटना[९६] यसका केही उदाहरण हुन् । यी घटनालाई जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत जाहेरी दर्ता गराउन दलित समुदाय र नागरिक समाजले निरन्तर रूपमा ठूलै प्रयास गर्नु परेको थियो ।

जाहेरी दर्तापश्चात् धेरैजसो मुद्दामा तुलनात्मक रूपमा प्रहरीले अभियुक्तलाई गिरफ्तार र अनुसन्धानका लागि अदालतमा उपस्थित गराउन, अनुसन्धान गर्न र सरकारी वकिलसँगको सहकार्यमा अभियोगपत्र तयार गर्न सक्रिय र सकारात्मक भएको थियो । धेरैजसो मुद्दामा अन्तिममा प्रहरीले दोषीलाई गिरफ्तार गरी हिरासतमा राखी अनुसन्धान थालेको पनि थियो ।

तथापि, रौटहट, मोरङ, कास्की र पर्वतलगायत केही घटनामा प्रहरीहरू कथित उपल्लो जातका दोषीहरूद्वारा प्रभावित भएको थियो । त्यसैले, प्रहरीले अभियुक्तलाई गिरफ्तार गर्न, अनुसन्धान र प्रक्रियागत काममा चासो नदिएको अनुभव गरिएको थियो । केही ठाउँमा प्रहरी पीडित दलितहरूप्रति विभेदकारी भएको र कानुन कार्यान्वयन गर्ने अधिकारीहरू नै स्थानीय कथित उपल्लो जात, समुदाय र राजनीतिक नेता तथा पार्टीहरूबाट प्रयोग वा प्रभावित भई दलितहरूलाई जाहेरी फिर्ता गर्न दबाब दिएको तथ्य देखिएको थियो । प्रहरीलाई आन्तरिक विभेदबाट मुक्त, बाह्य हस्तक्षेपबाट स्वतन्त्र र जवाफदेहिता सुनिश्चित गर्न नै सबभन्दा ठूलो चुनौती भएको छ ।

२०७१ पौष १४ गते काठमाडौँमा सम्पन्न भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा दलितका लागि न्यायमा पहुँच सन्दर्भमा प्रहरीको निरन्तर जातीय विभेदको व्यवहारलाई उल्लेख गरिएको छ । जुरी वा विशेषज्ञहरूले जातीय भेदभाव तथा छुवाछूतका १० वटा घटनालाई परीक्षण गरेका थिए, जसमा प्रहरीको तर्फबाट देहाय बमोजिमका कमजोरी भएको पाइयो ।

- अनुसन्धान फितलो देखिन्छ । अनुसन्धानभन्दा पनि बयान/भनाइ सङ्कलनतिर केन्द्रित भएको हुन्छ । जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको भाग ६ ले व्यवस्था गरे अनुसार अनुसन्धान अधिकृतहरूले दलित समुदायका व्यक्ति तथा दलित अधिकारको प्रवर्धन र संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाहरूको प्रायःजसो सहयोग लिँदैनन् । यसका साथै प्रहरीले सही कानुनी प्रक्रियालाई अवलम्बन गर्नुको सट्टा दबाबपूर्ण मेलमिलापको संस्कारलाई प्रवर्धन गरेको पाइन्छ ।
- जातीय भेदभाव तथा छुवाछूतका सबै दोषीलाई तत्काल पक्राउ गरिँदैन, त्यसैले उनीहरूलाई भाग्ने मौका उपलब्ध हुन्छ ।
- अन्तरजातीय विवाहका घटनामा जातीय भेदभावको परिणामस्वरूप शारीरिक हिंसा र गाउँबाट निकाला गर्ने धम्कीलाई समेत प्रहरीले बेवास्ता गर्दछ ।
- प्रहरीले दोषीलाई प्रहरी हिरासतमा राख्नुभन्दा राजनीतिक दलहरूको संरक्षणमा बस्न अनुमति दिन्छ ।
- स्थानीय कथित उपल्लो जातका गाउँस्तरीय नेताहरूको दबाबका कारण प्रहरीले अभियुक्तलाई थुनामुक्त वा रिहा गरिदिन्छ ।

[९६] परिशिष्ट १, मुद्दा नं. ८, चन्द्रे दमाईं, नेपाल सरकार विरूद्ध कृष्णप्रसाद आचार्य र अन्य

## ६.२ अदालतमा मुद्दा दायर

कानुनले व्यवस्था गरेको समयसीमाभित्र प्रहरी अनुसन्धान सकिएपश्चात् जिल्ला प्रहरी कार्यालयले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत अभियोगपत्र तयार गरी जिल्ला न्यायाधिवक्ताको कार्यालयमा बुझाउनुपर्छ । अनुगमन गरिएका सबै १८ वटा मुद्दा[९७]मा प्रहरीले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनमा भएको कानुनी व्यवस्थाअनुसार अभियोगपत्र तयार गरेको थियो । त्यसैगरी, १८ वटा मुद्दामै जिल्ला न्यायाधिवक्ताले अधिकतम जरिबाना र अधिकतम सजाय ऐनको भाग ७ (१) र क्षतिपूर्ति भाग ९(१) मा भएको व्यवस्थाको मागसहित जिल्ला अदालतमा मुद्दा दाहेर गरेको थियो । यसबाट जिल्ला न्यायाधिवक्ताको कार्यालयले समयसीमाभित्र तयार गरिएको अभियोगपत्रअनुसार अभियुक्तउपर अधिकतम जरिबाना र सजाय तथा अदालतबाट पीडितलाई अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन ऐनको भाग ७ (१) र ९ (१) व्यवस्थाबमोजिम फैसला माग गरी मुद्दा दाहेर गराउने दायित्व पूरा गरेको देखिन्छ । यद्यपि, अदालतका फैसलाहरूले अभियोगपत्रमा सबै माग गरे अनुसार फैसलामा प्रतिविम्बित भएको पाइँदैन । यद्यपि गत २०७१ पौष १४ मा काठमाडौँमा सम्पन्न राष्ट्रिय जनसुनुवाइ कार्यक्रममा जुरी वा विशेषज्ञहरूले जिल्ला न्यायाधिवक्ताहरूले उही मुद्दामा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनमा व्यवस्था भए अनुसार सार्वजनिक अभियोजकबाट क्षतिपूर्ति खोजेको नदेखिएको उल्लेख गरेका थिए ।[९८]

## ६.३ न्यायिक पुर्पक्ष अथवा सुनुवाइ

माथि उल्लेख भएका १८ वटै मुद्दामा अनुसन्धानको अवधिमा प्रहरीले अभियुक्तलाई पक्राउ गरी अभियोगपत्रसँगै उनीहरूलाई अदालतमा बुझाएको थियो । सबै मुद्दामा अभियुक्तहरू अदालतको निर्देशनअनुसार नियमित हाजिर हुने सर्तमा अपराधको प्रकृति र अवस्थाअनुसार सामान्य धरौटीमा हिरासत मुक्त भएका थिए । कुनै दोषीलाई धरौटीबिना नै सामान्य तारेखमा छोडिएको थियो ।[९९] यस्तो किसिमको घटना बागलुङ जिल्ला अदालतले गरेको थियो, जहाँ उनै न्यायाधीशले धेरै मुद्दामा अभियुक्तलाई उस्तै प्रकारको सामान्य व्यवहारसहित साधारण तारेखमा छाडेका थिए ।

अदालतले धरौटीस्वरूप सामान्य रू. १,५००[१००] देखि ७५,०००[१०१] सम्म ठूलो रकम बुझाउन निर्देशन दिएको पाइएको थियो । यसले के देखाउँछ भने देशका विभिन्न अदालतले धरौटी राख्ने रकमको सन्दर्भमा ठूलो मात्रामा फरक देखिन्छ ।

---

[९७] विस्तृत मुद्दाहरूका लागि परिशिष्ट १ हेर्नुस्

[९८] रामबहादुर विश्वकर्माको उजुरीअनुसार, धादिङ जिल्लामा, सीताराम सुवेदीलगायत ७ जनाविरूद्ध नेपाल सरकारको मुद्दामा जिल्ला सरकारी वकिलले भेदभाव ऐनको भाग ७ (२) अनुसार दुई जना सार्वजनिक सेवाप्रदायकविरूद्ध थप जरिबाना र सजायको माग गरेका थिएनन् । त्यसैगरी, डोटी जिल्लामा मोहन सिंह भुलको उजुरीअनुसार धर्मराज जोशी र टेकराज जोशीविरूद्धको नेपाल सरकारको मुद्दामा जिल्ला सरकारी वकिलले भेदभाव ऐनको भाग ९ (१) अनुसार पीडित पारिएकोमा थप क्षतिपूर्तिको माग तथा तर्क गरेका थिएनन् ।

[९९] परिशिष्ट १, मुद्दा नं. ११, चन्द्रे दमाईं, पर्वत र मुद्दा नं. ६, माया परियार, बागलुङ

[१००] परिशिष्ट १, मुद्दा नं. १७, आकाश परियार, उर्लाबारी, मोरङ जिल्ला

[१०१] परिशिष्ट १, मुद्दा नं. ९, कर्णबहादुर नेपाली, कास्की जिल्ला अदालत र मुद्दा नं. १, योगन्द्रकुमार भुल, डोटी जिल्ला

गत २०७१ पौष १४ मा काठमाडौंमा सम्पन्न 'दलितका लागि न्यायमा पहुँच' विषयक सार्वजनिक सुनुवाइमा जातीय भेदभाव तथा छुवाछूतका मुद्दाका सुनुवाइमा तपसिलका सवाल उल्लेख गरिएका थिएः

- जिल्ला अदालतले घटनास्थलमा तयार पारिएका दस्तावेजलाई प्रमाणको रूपमा स्वीकार गरेन ।
- उजुरीकर्ताको तर्फबाट साक्षीको रूपमा उपस्थित व्यक्तिको मौखिक बयान तथा भनाइलाई प्रमाणको रूपमा लिइएको थिएन । यसको सट्टा मौखिक भनाइलाई सामान्य रूपमा लिई यस्ता साक्षीले पीडितका पक्षमा सहयोगस्वरूप कुरा भनीदिन सक्छन् भन्दै यस्ता मौखिक भनाइलाई अस्वीकार गरिएको थियो ।
- अदालतले मेडिकल रिपोर्टलाई पनि अस्वीकार गरेको थियो ।
- जातीय भेदभाव तथा छुवाछूतका सवालमा कठिन ढङ्गले जुटाइएका प्रमाणलाई पनि अदालतले बेवास्ता गरेको थियो ।
- जातीय भेदभाव र छुवाछूतसम्बन्धी घटनामा सरकारी संस्था र संयन्त्रले कम चासो दिएको पाइएको थियो ।

## ६.४ अदालतहरूका अन्तिम फैसला

१८ वटा मुद्दामध्ये केही मुद्दाको मात्र जिल्ला अदालतबाट अन्तिम फैसला भएका छन् र सबै दोषीलाई जरिबाना तिर्न तथा क्षतिपूर्ति उपलब्ध गराउन भनिएको छ । सबै मुद्दामा एकै प्रकारको निर्णय फैसला भएको छ । कुनै दोषीलाई पनि कैद सजायको फैसला गरिएको छैन । अर्को एकरूपता केमा पनि देखिएको छ भने सबै पुनरावेदन अदालतले जिल्ला अदालतका फैसलालाई नै सदर गरेका छन् ।

जरिबाना २,५००[१०२] देखि १५,०००[१०३] सम्मको अनुपातमा देखिन्छ जहाँ अदालतहरूले ऐनअनुसार रू. २५,००० सम्म जरिबाना तिर्न लगाउन सक्थे । अदालतले क्षतिपूर्तिका लागि रू. १२,५००[१०४] देखि १,७५,०००[१०५] सम्मको अनुपातमा तिर्न निर्देशन गरेको छ ।

१८ वटा मुद्दामध्ये दुई वटा मुद्दा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनबाट अन्य मुद्दामा परिवर्तन गरिएको छ । कुनै स्पष्ट र चित्तबुझ्दो कारणबिना नै जातीय भेदभाव तथा छुवाछूतको एक मुद्दालाई कुटपिट[१०६]मा र अर्कोलाई गालीबेइज्जती[१०७] मुद्दामा परिवर्तन गरिएको छ । त्यसैगरी, ६ वटा मुद्दामा अभियोग लगाइएका दोषीहरूलाई रिहा गरिएको थियो ।[१०८]

---

[१०२] परिशिष्ट १, मुद्दा नं. १, योगेन्द्र भुल, डोटी

[१०३] परिशिष्ट १, मुद्दा नं. ११, माया सार्की, मोरङ जिल्ला

[१०४] परिशिष्ट १, मुद्दा नं. १, योगेन्द्र भुल, डोटी

[१०५] परिशिष्ट १, मुद्दा नं. १३, डम्बर परियार, काठमाडौं

[१०६] परिशिष्ट १, मुद्दा नं. २, श्याम लुहार, डोटी

[१०७] परिशिष्ट १, मुद्दा नं. ४, सागर नेपाली, कञ्चनपुर

[१०८] परिशिष्ट १, मुद्दा नं. ५, मोहन सिंह भुल, डोटी, मुद्दा नं. ६, माया परियार, बागलुङ, मुद्दा नं. ७, सरस्वती बोहोरा, बागलुङ, मुद्दा नं. ८, चन्द्रे दमाईं, पर्वत, मुद्दा नं. १४ नवराज सुनार र मुद्दा नं. १८, विनोद बास्फोर, सुनसरी ।

## ६.५ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन र यसको कार्यान्वयनबीच रहेका खाडल

ऐनमा व्यवस्था भएको क्षतिपूर्तिको रकम चित्तबुझ्दो नै देखिन्छ । तथापि कैद सजायको व्यवस्था (तीन वर्षसम्म) कम देखिन्छ साथै जरिबाना (रू. २५,००० सम्म) पनि कम नै छ । यही व्यवस्थाका आधारमा न्यायाधीशहरूले स्वविवेक प्रयोग गरी कम सजाय दिन वा कुनै पनि समयमा थुनामुक्त गर्न सकिने गरी फैसला गरिदिन्छन् । त्यसैगरी नेपाली अपराध न्याय प्रणालीअनुसार कानुनमै तीन वर्षभन्दा बढी कैद सजायको व्यवस्था उल्लेख भएको अवस्थामा मात्र न्यायाधीशहरूले दोषीलाई घरौटीबिना सिधै जेल पठाउन बाध्य हुन्छन् । तर ऐनमा 'अधिकतम' तीन वर्षको कैद सजायको व्यवस्था उल्लेख छ । त्यसैकारण पनि सबै अदालतले जातीय भेदभाव तथा छुवाछूतका अभियुक्तलाई कैद सजायबिना नै घरौटीमा रिहा गर्ने आदेश दिन्छन् । यो खाडललाई पुर्न कैद सजायको व्यवस्था बढाएर पाँच वर्षसम्म पुर्‍याउनुपर्छ । त्यसैगरी जरिबानाको रकम पनि बढाएर एक लाखसम्म पुर्‍याउनुपर्छ ।

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयनका लागि विस्तृत नियमावली अझै निर्माण गरिएको छैन । ऐनको प्रभावकारी कार्यान्वयनका लागि तत्काल नियमावली निर्माण गर्नुपर्दछ । यसका साथै ऐनमा पीडित र साक्षीको संरक्षण, जातीय विभेद तथा छुवाछूतका सन्दर्भमा शून्य सहनशीलताको नीति र राज्यकोषबाट क्षतिपूर्तिको व्यवस्थाजस्ता प्रावधान समावेश गर्नु आवश्यक छ ।

यसका साथै, जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको प्रभावकारिता लागि कुनै स्पष्ट नीति, प्रावधान, योजना, कार्यक्रम र रणनीति छैनन् । उपर्युक्त कुरा निर्माण गरी तत्काल कार्यान्वयन गर्नुपर्दछ । अझ महत्त्वपूर्ण कुरा, ऐनको प्रभावकारी कार्यान्वयनका लागि प्रहरी अधिकृत, सरकारी वकिल वा न्यायाधिवक्ता र प्रमुख जिल्ला अधिकारीजस्ता पदमा समेत दलितको समानुपातिक प्रतिनिधित्वको स्पष्ट व्यवस्था हुनुपर्दछ ।

यस्ता कानुनबारे सम्बन्धित सरोकारवालाबीच सचेतना फैलाउन र दलितविरूद्ध विद्यमान जातीय भेदभाव तथा छुवाछूतका घटनाविरूद्ध न्यायका लागि अगाडि बढेर आउन प्रोत्साहन गर्नका लागि सम्बन्धित पक्षको संयुक्त प्रयास हुनु आवश्यक देखिन्छ ।

## ६.६ ठम्याइ र सिकाइ

जातीय भेदभाव तथा छुवाछूतका धेरैजसो घटनामा– जातमा आधारित दुर्व्यवहार गर्ने, यातना दिने, दलितविरूद्ध होच्याउने भाषा प्रयोग गर्ने, सार्वजनिक ठाउँ र सेवाका प्रयोगमा रोकावट गर्ने, अन्तरजातीय विवाहलाई अस्वीकार गर्ने, शारीरिक शोषण र हिंसासम्बन्धी गतिविधि गर्ने गरेको पाइयो । तथापि, यस्ता घटनाका धेरैजसो सूचना र समाचार थोरै मात्र सार्वजनिक हुन्छन् । उजुरी पनि थोरै मात्रामा दर्ता गरिन्छन् । यस्ता घटनालाई सामाजिक सद्भाव कायम गर्ने नाममा कथित स्थानीय तहका मध्यस्थतामार्फत 'उपल्लो' जातका मानिसहरूले सजिलै दबाउनु सामान्य उपक्रम भएको छ । त्यसैगरी, स्थानीय र जिल्ला प्रहरी अधिकारीहरूले केही मुद्दामा दुवै खालका प्रत्यक्ष र अप्रत्यक्ष शक्ति प्रयोग गरी मध्यस्थता गर्दछन्, जुन पदको दुरूपयोग हो । शक्तिको दुरूपयोगले प्रायःजसो पीडितलाई सहयोग गर्ने भन्दा पनि उनीहरूविरूद्ध नै काम गर्दछ ।

प्रहरी र सरकारी वकिलहरूले अभियोगपत्रमा कानुनअनुसार उच्च जरिबाना, सजाय, क्षतिपूर्तिको माग गरेको पाइयो । यद्यपि, अदालतहरूले घटनाका दोषीबाट एकदम कम घरौटी लिएर अथवा घरौटीबिना नै पनि थुनामुक्त वा रिहा गरेका थिए । यसका साथै, कुनै अदालतले फैसला गर्दा कसूरका आधारमा कुनै पनि दोषीलाई अहिलेसम्म कैद सजायको निर्देशन दिएको छैन । अभियोगपत्रमा माग गरेको सजाय र अदालतको फैसलाबीचमा व्यापक फरक हुनु शङ्कास्पद पक्ष हो, यसको अझ अध्ययन गर्नु जरूरी छ ।

अध्ययन गरिएका १८ वटा मुद्दाका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयनको परिणाम भनेकै पीडकहरूलाई सामान्य जरिबाना गर्नु र केही क्षतिपूर्ति गराउनु मात्र रहेको देखिन्छ । के पनि निश्चित छ भने दोषीहरूलाई कैद सजाय दिइने छैन ।

# ७ जातीय भेदभाव तथा छुवाछूतविरोधी राम्रा अभ्यास

## ७.१ अन्तरजातीय विवाहका जोडीको संरक्षण

घटनाः जितबहादुर सुनार नामको एक दलित केटा र सुनिता गुरूङ, गैरदलित केटीबीच लापु गाविस–८, गोरखा जिल्लामा (पश्चिमी पहाडी जिल्ला) मा २०७० असोज २० गते विवाह भयो र जितबहादुरको नातेदारको घर बारपाक गाविस, गोरखामा बस्न भनी गाउँबाट भागे । केही समयपश्चात् उनीहरू गाउँ फर्के ।

सुनिताका आफन्तहरूले उनीहरूलाई माइतीघरमा बोलाए । त्यहाँ उनीहरूलाई अन्तरजातीय विवाह गरेकामा एक लाख रूपैयाँ जरिबाना तिर्नुपर्ने धम्की दिइयो । त्यसपश्चात् पनि उक्त जोडीलाई बारम्बार धम्की दिइयो र दलित केटाले गैरदलित केटीलाई बिहे गरेको रिस र जातीय विभेदका आधारमा गैरदलित गाउलेहरूले कुटपिटसमेत गरे । परिणामस्वरूप उनीहरू गाउँ छोडी गोरखा जिल्ला सदरमुकामतिर भागे । त्यहाँ उनीहरू राजनीतिक दल र मिडियाको सम्पर्कमा पुगे । अन्त्यमा उनीहरूले उक्त घटनालाई सार्वजनिक गरे ।

त्यसपछि स्थानीय राजनीतिक नेता र मानवअधिकारवादीहरूसँगको सहयोग र छलफलपश्चात् उनीहरूले सुरक्षाको व्यवस्था गर्न र गाउँलेहरूले तिराएको रकम फिर्ता गराई दिन माग गर्दै २०७० मङ्सिर २७ गते जिल्ला प्रशासन कार्यालय (अर्धन्यायिक निकाय) मा निवेदन दर्ता गराए । प्रहरीको सहायताले २०७० पौष २ गते पीडितले जरिबाना तिरेको रकम फिर्ता गराइयो ।

**हस्तक्षेपः** घटना यो अवस्थामा पुगेपश्चात् समता फाउण्डेशनले सत्यतथ्य अनुगमन टोली खटाएर चासोका साथ पहल गऱ्यो र स्थानीय नागरिक समाजका संस्थाहरूसँगको सहकार्यमा उक्त घटनालाई जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत जिल्ला प्रहरी कार्यालय, गोरखामा २०७० पौष ४ गते जाहेरी दर्ता गराउन सघायो । जाहेरी दर्तापश्चात् प्रहरीले तुरून्त सक्रियता देखाउँदै आरोपीमध्ये एक जनालाई गिरफ्तार गरी जिल्ला अदालत गोरखाको निर्देशनमा दश हजार धरौटी लिई रिहा गऱ्यो भने विवाहित जोडीलाई क्षतिपूर्तिस्वरूप रू. २५ हजार उपलब्ध गरायो । त्यहीबेला पीडितलाई कानुनी सहायता उपलब्ध गराउन समता फाउण्डेशनका वकिल स्वयम् मुद्दाको सुनुवाइमा उपस्थित भए । यसका साथै, न्यायिक पुर्पक्षको अवधिमा यस संस्थाले श्रीमान्–श्रीमतिको नाता कायम गरी विवाहलाई वैधानिकता दिन विवाह दर्ता गराउन पीडित जोडीलाई सहायता गरिरह्यो । साथै, जिल्ला प्रशासन कार्यालयबाट दुलहीलाई नागरिकता परिचपत्र प्राप्त गराउन सफल भयो ।

## ७.२ दलित अधिकार उल्लङ्घनका घटनालाई व्यवस्थित तरिकाले सम्बोधन

**घटनाः** बेलबारी ३, मोरङ जिल्लामा माया सार्कीले स्थानीय गैरदलित चेतन भेटवालविरूद्ध २०७० साउन ६ गते बलात्कार प्रयास गरेको आरोप लगाई स्थानीय प्रहरी कार्यालयमा जाहेरी दर्ता गराइन् । माया सार्कीका श्रीमान् रोजगारका लागि देशबाहिर छन् । त्यस्तो बेला एक दलित युवा पत्रकार मनोज विश्वकर्माले उनलाई जाहेरी दर्ता गर्न सहयोग गरे ।

तथापि, उनले गलत व्यक्तिलाई दोषी आरोप लगाएको भनी प्रहरीको अनुसन्धानपछि आरोपी भेटवाललाई प्रहरी हिरासतबाट मुक्त गरियो । त्यसैले माया सार्कीले चेतन भेटवाल र उसको परिवारसँग गल्तीका लागि माफी मागिन् । अर्को दिन आरोपीको परिवार र गाउँलेहरूले माया सार्की र मनोज विश्वकर्मालाई अरू छलफलका लागि भनेर अन्नपूर्ण बोर्डिङ स्कुलको प्राँगणमा बोलाए । छलफलका क्रममा दुवै दलितमाथि साङ्घातिक आक्रमण भयो, कुटपिट गरियो । चेतनका परिवार र नाताहरूले पीडितहरूलाई जात र समुदायको नाममा अत्यन्तै तुच्छ भाषा प्रयोग गरी गालीगलौज गरे । यसका साथै, उनीहरूलाई लज्जित गराउन अनुहारमा मोसो दलेर जुत्ताको माला समेत लगाइयो ।

**हस्तक्षेपः** दलित नागरिक समाजका संस्थाहरूको संयुक्त टोलीले सत्यतथ्य जाँचबुझ र हस्तक्षेप गरेपश्चात् प्रहरीले केही सार्वजनिक (कसूर र सजाय) ऐन, २०२७ अन्तर्गत नजिकको प्रहरी कार्यालयमा कथित माथिल्लो जातका १६ जना आरोपी व्यक्तिविरूद्ध जाहेरी दर्ता गऱ्यो । यस्तो प्रकारको मुद्दामा स्थानीय जिल्ला प्रशासन कार्यालयले नै न्यायिक सुनुवाइ गर्दछ । तथापि, मनोज विश्वकर्माले २०७० असार १० गते १७ जानविरूद्ध जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत जाहेरी दर्ता गराए । त्यसैको आधार र निर्देशनमा माया सार्कीले पनि जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत तिनीहरूविरूद्ध अर्को जाहेरी जिल्ला प्रहरी कार्यालय, मोरङमा २०७० असार १५ गते दर्ता गराइन् । दलित नागरिक समाजले पनि जातीय आधारमा भएको घटनाविरूद्ध सचेतना ल्याउन साथै स्थानीय सरकारी संयन्त्रलाई दोषीविरूद्ध कारबाहीको कदम अगाडि बढाउन दबाब सिर्जना गर्ने उद्देश्यले उक्त घटनालाई सार्वजनिक रूपमा सम्प्रेषण गर्न मिडियाको परिचालन गऱ्यो ।

यस घटनामा जाहेरीपश्चात तत्काल सात जना दोषी र अन्यलाई सिधै अदालतमा हाजिर गराइए पनि सबै दोषीलाई घरौटीमा रिहा गरियो । समता फाउण्डेशनलगायत नागरिक समाजका संस्थाहरूले कानुनी सल्लाह प्रदान तथा पीडितहरूलाई सम्पूर्ण न्यायिक प्रक्रियामा सहयोग गर्न कदम चालेको थियो । २०७० फागुन २७ गते जिल्ला अदालतको अन्तिम फैसला आई फैसलाले नौ जना दोषीलाई जनही रू. १५ हजारका दरले जरिबाना तथा आठ जनालाई सफाइ दियो ।

त्यस्तै, माया सार्की र मनोज विश्वकर्मालाई जनही रू. २५ हजार रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराइयो, तर दोषीलाई कैद सजाय दिइएन । उक्त क्षतिपूर्तिलाई ऐनको आंशिक कार्यान्वयनको रूपमा लिन सकिन्छ । केही दोषीलाई सजाय दिने र केही दोषीलाई सफाइ दिने अदालतको सामान्य फैसलाप्रति पीडितहरू खुसी छैनन् । त्यसैले समता फाउण्डेशन र रिडेफ नेपालले जिल्ला न्यायाधिवक्तालाई पुनरावेदन अदालतमा फैसलाउपर पुनरावेदन गर्न लबि गरे । जिल्ला अदालतको फैसला सदर गर्दै पुनरावेदन अदालत, विराटनगरले मिति २०७१ साल फागुन १ गते फैसला गऱ्यो । हाल यो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ ।

## ७.३ सयदिने अभियानः जातीय भेदभाव तथा छुवाछूतविरूद्ध नेपाल सरकार र नागरिक समाजको संयुक्त प्रयास

यो अभियान एक दर्जनभन्दा बढी नागरिक समाजसँग सम्बन्धित संस्थाहरूको सहयोगमा राष्ट्रिय दलित आयोग र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारका लागि उच्च आयुक्तको कार्यालय, नेपालले २०६८ भाद्र ३० देखि पौष ९ गतेसम्म संयुक्त रूपमा आयोजना गर्‍यो । यो अभियानको मुख्य उद्देश्य समाजमा जरा गाडेर बसेको जातीय भेदभाव र छुवाछूतका अभ्यासहरूको अन्त्यका लागि नेपाल कानुन र यसका प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि मुख्य आवश्यकता औँल्याउनु थियो ।

यस अभियानलाई सरकारी प्रतिनिधि, मानवअधिकार रक्षक तथा मिडियालगायत नागरिक समाजका सयौँ मानिसको उपस्थितिमा राष्ट्रपति डा. रामवरण यादवले उद्‌घाटन गर्नुभयो । उक्त अभियानमा तत्कालीन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारका लागि उच्च आयुक्त नेभी पिल्लईले भिडियो सन्देश पठाउँदै अभियानलाई वैधानिकता दिई जातीय भेदभाव तथा छुवाछूतको अन्त्यका लागि विद्यमान कानुनको कार्यान्वयन गर्न सरकारलाई आह्वान गरिन् ।

उक्त सयदिने अभियानमा देशैभरि सयौँ सचेतना कार्यक्रम चलाइयो । ती कार्यक्रममा पूर्वदेखि पश्चिम नेपालसम्म साइकल र्‍याली, मुख्य सहरमा विभिन्न र्‍याली प्रदर्शन, "म जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि प्रतिबद्ध छु" भन्ने नारासहितको टिसर्ट वितरण गरियो । त्यस्तै, जातीय भेदभाव तथा छुवाछूत अन्त्यका सन्दर्भमा राष्ट्रिय तथा क्षेत्रीय कार्यशाला, सरकारी अधिकारी, मानवअधिकार रक्षक, मिडिया तथा नागरिक समाजका सदस्यसँगको सहकार्यमा बुकलेट, पम्प्लेट, स्टिकर र हजारौ प्रति 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन'को छपाइ तथा वितरण आदि क्रियाकलाप आयोजना र सञ्चालन गरियो ।

## ७.४ जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि दलित नागरिक समाजका संस्थाहरूको संयुक्त वार्षिक अभियान

दलित नागरिक समाजका संस्थाहरूले २०७० सालदेखि जातीय भेदभाव तथा छुवाछूतविरूद्ध सम्बन्धित सरकारी अधिकारी तथा निकायलाई अविभेदकारी कानुन तथा प्रावधानको प्रभावकारी कार्यान्वयन, जातीय भेदभाव तथा छुवाछूतको अन्त्यका लागि राज्यको प्रतिबद्धताबारे बृहत् समाज र सरोकारवालाहरूलाई जानकारी तथा सचेतना र नेपाली समाजबाट जातीय भेदभाव तथा छुवाछूतको समूल अन्त्यका लागि एकीकृत कदम चाल्ने आदि उद्देश्यका साथ नीतिगत सुझाव दिन र दबाब सिर्जना गर्न वार्षिक रूपमा बाह्रदिने अभियान सुरू गरे । उक्त अभियानलाई २०७० सालमा नेपाल सरकारका सूचना तथा सञ्चार मन्त्रीले उद्‌घाटन गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै सूचना तथा सञ्चारमन्त्री माधव पौडेलले भन्नुभयो, "कठोर संवैधानिक तथा कानुनी संरक्षण हुदाँहुँदै पनि छुवाछूत अझै पनि राष्ट्रिय सवाल रहेको छ, र म नहिचकिचाई भन्न सक्छु कि कार्यान्वयन पक्ष एकदम कमजोर र दुःखदायी छ ।"

वार्षिक अभियानका क्रममा सरोकारवालाहरू जस्तैः नेपाल प्रहरी, राष्ट्रिय मानवअधिकार आयोग, निर्वाचन आयोग आदिसँग विभिन्न अन्तर्किया कार्यक्रम आयोजना गरियो । प्रत्येक दिन फरक-फरक दलित नागरिक समाजका संस्थाले दलित अधिकारका विभिन्न/फरक विषय तथा सवालमा कार्यक्रम गर्नुका साथै जातीय भेदभाव तथा छुवाछूतको अन्त्यका लागि आह्वान गर्दै सार्वजनिक र्‍याली पनि आयोजना गरिन्छन् ।

# ८ सिफारिस तथा सुझाव

## ८.१ जातीय भेदभाव तथा छुवाछूतविरूद्ध संवैधानिक संरक्षण

- संविधानको प्रस्तावनामै "जातीय भेदभाव तथा छुवाछूतमुक्त राष्ट्र"को प्रतिबद्धता समावेश गर्नुपर्दछ ।
- मौलिक हक परिच्छेदमा जातीय भेदभाव तथा छुवाछूतविरूद्ध कठोर र दोहोरो अर्थ नलाग्ने प्रावधानसहित छुट्टै धारा राखिनुपर्दछ ।
- दलित अधिकार, समानुपातिक प्रतिनिधित्व र दलितका सामाजिक, आर्थिक तथा शैक्षिक हकको सन्दर्भमा छुट्टै धारा राखिनुपर्छ ।

## ८.२ कानुनी तथा नीतिगत सुझाव

- जातीय भेदभाव तथा छुवाछूतको अन्त्य साथै न्यायमा पहुँच सुनिश्चित गर्न राज्यले कानुन, नियमावली, नीति, निर्देशिका, योजना, कार्ययोजना र रणनीतिको निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।
- राष्ट्रिय दलित आयोगलाई नयाँ संविधानमार्फत तत्काले संवैधानिक आयोग बनाइनुपर्छ । आयोगलाई कानुनी, स्वतन्त्र, स्वायत्त र कार्यमूलक बनाउन त्यसका लागि बनेको वियेयकलाई व्यवस्थापिका संसद्बाट तत्काल अनुमोदन गराउनुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको प्रभावकारी कार्यान्वयनका लागि सरकारले तत्काल नियमावली बनाउनुपर्दछ ।
- ऐनमा छुटेका विभिन्न महत्त्वपूर्ण प्रावधान र खाडल जस्तैः शून्य सहनशीलताको नीति; पीडित तथा साक्षीको अधिकार; छिटोछरितो अनुसन्धान तथा सुनुवाइसँगै कैद सजायको अवधि बढाएर पाँच वर्षसम्म बनाउने र जरिबाना र क्षतिपूर्ति बढाउनुपर्ने आदि प्रावधान थप्न राज्यले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको संशोधन वियेयक मस्यौदा तयार गरी व्यवस्थापिका संसद्मा पेस गर्नुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको प्रभावकारी कार्यान्वयन र जवाफदेहिताको सुनिश्चितता कायम गर्न स्थानीय प्रहरी, अर्धन्यायिक निकाय तथा जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गर्न सरकारका मुख्य सचिवले नेतृत्व गरेको उच्चस्तरीय संयन्त्रलाई सशक्त बनाइनुपर्दछ ।

- सामान्यतया गरिबलाई निःशुल्क कानुनी सहायता गर्ने वर्तमान प्रावधानलाई विस्तार गरी आर्थिक अवस्थालाई विचार गर्दै "दलित"लाई पनि सहायता गर्ने व्यवस्था समावेश गरिनुपर्छ । दलितका लागि न्यायमा पहुँचको अवसर बढाउन नेपाल बार एसोसियसनले सञ्चालन गरेको कानुनी सहायता परियोजना दलितमैत्री बनाइनुपर्छ ।
- अझै पनि कायम रहेका जातीय भेदभाव तथा छुवाछूतका अभ्यासलाई नियन्त्रण र अन्त्य गर्न करिब तीन दर्जन कानुन तथा ऐन संशोधन गरिनुपर्छ । जातीय भेदभाव तथा छुवाछूतका अभ्यासलाई संरक्षण गर्ने, तर निषेध नगर्ने कानुनलाई तत्कालन खारेज गरिनुपर्छ ।
- दलितहरूको सामाजिक समावेशीकरण र न्यायमा उनीहरूको पहुँचलाई सुनिश्चित गर्न १०३ भन्दा बढी कानुनको संशोधन गरिनुपर्छ । तिनलाई प्राथमिकताका आधारमा आवश्यक संशोधन गरिनुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूतका सबै मुद्दामा पीडितले प्रमाण पेस गर्नुपर्ने बाध्यतालाई पिडकतिर सार्नुपर्छ ।

## ८.३ योजना, कार्यक्रम र बजेटका लागि सुझाव

- केन्द्रीय, जिल्ला तथा स्थानीय स्तरमा जातीय भेदभाव तथा छुवाछूतको सम्बोधन गर्ने राज्य संयन्त्र र व्यवस्थाहरूः विशेष गरी जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन; व्यवस्थापिका संसद्ले घोषणा गरेको छुवाछूतमुक्त राष्ट्र घोषणा, २०६३; जातीय भेदभाव तथा छुवाछूतविरूद्ध राष्ट्रिय दिवस, दलित अधिकार प्रवर्धन तथा जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि संयन्त्र, २०६८ लाई प्रभावकारी तथा समन्वयात्मक कार्यान्वयन गरिनुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको प्रभावकारी कार्यान्वयन तथा न्यायमा पहुँचलाई सुनिश्चित गर्न पर्याप्त बजेट विनियोजन, वैज्ञानिक कार्यक्रम निर्माण तथा यथार्थपरक कार्ययोजनासँगै राज्यले विशेष दलित विकास योजना निर्माण गर्नुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको कार्यान्वयनको प्रभावकारिता तथा दलित मानवअधिकार उल्लङ्घनका घटनाको अनुगमन बढाउन राज्यले राष्ट्रिय दलित आयोगका लागि पर्याप्त बजेट विनियोजन तथा भौतिक र मानवीय स्रोतसाधन उपलब्ध गराउनुपर्छ ।
- सामान्यतया जातीय भेदभाव तथा छुवाछूतका अभ्यासको अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई उतरदायी बनाउन; विशेषतः दलित महिला अधिकारको उल्लङ्घनका घटनाको अनुगमन गर्न राष्ट्रिय महिला आयोगलाई उतरदायीलाई बनाइनुपर्छ ।
- अन्तरजातीय विवाह गर्ने जोडीहरूको सुरक्षा, संरक्षण तथा पुनर्स्थापनाका योजना निर्माण गरिनुपर्छ । ती जोडी र उनीहरूका परिवारजनको सुरक्षा र दिगो विकासका लागि बजेट विनियोजनसहित विशेष कार्यक्रम निर्माण गरिनुपर्छ । अन्तरजातीय विवाहका लागि दिइने प्रोत्साहन रकम वृद्धिसँगै समयमै प्रभावकारी ढङ्गले वितरण गरिनुपर्छ ।

- राज्यले दलितहरूको सामाजिक आर्थिक अवस्थालाई लक्षित गरी आर्थिक सशक्तीकरण तथा शिक्षाका लागि कार्यक्रम ल्याउनुपर्छ, जसले गर्दा दलितहरूले अमानवीय अभ्यासलाई चुनौती दिन तथा आवश्यक परेमा कानुनी उपचार खोज्न समेत सक्ने छन् ।

## ८.४ न्यायमा पहुँच

- न्यायमा पहुँच सुनिश्चित गर्न राज्यले प्रहरी, सार्वजनिक सेवा, न्यायाधीश, सामान्य प्रशासनजस्ता सम्पूर्ण कानुन कार्यान्वयनकारी संयन्त्रहरूमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्छ ।
- सबै तहका अदालत, महान्यायाधिवक्ताको कार्यालय र यसका शाखाहरू, प्रहरी र राष्ट्रिय दलित आयोगमा दलितसम्बन्धी मुद्दाहरू सङ्कलन, व्यवस्थापन, वैज्ञानिक तथ्याङ्कको पहुँच र नष्ट तथा विवरण राख्न सही मापदण्ड र प्रक्रियासहित एक संयन्त्र सिर्जना गर्नु आवश्यक छ । यी सूचना र जानकारीमा सर्वधारणको पहुँचका लागि सहज तरिकाले नियमित उपलब्ध, सार्वजनिकीकरण र वितरण गरिनुपर्छ । तथ्याङ्क सङ्कलन र व्यवस्थापन प्रणालीकै एक अङ्गअन्तर्गत दलित महिलाविरूद्धका जातीय भेदभाव तथा छुवाछूत घटनाको अलग–अलग तथ्याङ्क राखिनुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूत र यौनहिंसा र यातनासहित मानवअधिकार उल्लङ्घनका घटनाको जाहेरी र अनुसन्धान गर्न छोटो, छिटो, छरितो र सरल प्रणाली र कार्यविधि निर्माण गरिनुपर्छ ।

## ८.५ प्रहरीलाई सुझाव

- फौजदारी न्याय प्रशासनसँग समन्वय गर्ने सम्बन्धित सम्पूर्ण संयन्त्र, विशेष गरी सबै तहका प्रहरी अधिकृत र नागरिक समाजका सदस्यहरू जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनबारे सचेत र जानकार हुनुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूतका मुद्दालाई अन्य कानुनअन्तर्गत राखेर दर्ता गरिनुहुन्न ।
- अदालतको फैसला र व्यवस्थापनबिना गरिने मिलापत्रलाई निरूत्साहित गरिनुपर्छ । पीडितलाई कसैले पनि, विशेष गरी प्रहरीले मिलापत्र गर्न दबाब दिनुहुन्न ।
- जातीय भेदभाव तथा छुवाछूतका मुद्दा दर्ता अस्वीकार गर्ने र असहयोग गर्ने प्रहरी अधिकारीहरूविरूद्ध राज्यको तर्फबाट तत्काल कारबाहीका लागि कदम चालिनुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको प्रावधान कार्यान्वयन गर्न अनुसन्धान अधिकृतहरूले अनुसन्धानका क्रममा दलित समुदाय र व्यक्तिसँगै दलित मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि क्रियाशील नागरिक समाजका प्रतिनिधिहरूको सहयोग लिन सक्छन् ।
- जातीय भेदभाव तथा छुवाछूतका मुद्दाको कानुनी प्रक्रिया थाल्ने क्रममा अवरोध सिर्जना भएमा प्रहरीले कसैको लोभ, लालच, राजनीतिक दबाबमा पर्नुहुन्न ।

## ८.६ अदालत तथा सरकारी वकिलहरूलाई सुझाव

- अदालतले अन्तिम फैसला दिनुअघि सङ्कलन गरिएका कागजात तथा प्रमाणको विश्लेषण गर्नुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूतका मुद्दाका सन्दर्भमा प्रहरी अनुसन्धान ठिक तरिकाले गरिएको छैन भने सरकारी वकिलहरूले पुनः अनुसन्धान गर्न निर्देशन दिनुपर्छ ।

## ८.७ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन र मानवअधिकार उल्लङ्घनका सन्दर्भमा तालिम तथा अनुशिक्षण

- राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, न्यायिक प्रतिष्ठान, कर्मचारी प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास तालिम प्रतिष्ठान र प्रहरी प्रतिष्ठानजस्ता राष्ट्रिय संयन्त्रको तालिम तथा अनुशिक्षण सञ्चालनको अवधिमा स्रोत व्यक्ति वा प्रशिक्षकको रूपमा दलितको अनिवार्य प्रतिनिधित्व हुनुपर्छ । उक्त तालिम तथा अनुशिक्षणको कार्यतालिका वा पाठ्यक्रममा जातीय भेदभाव तथा छुवाछूत, मानवअधिकार उल्लङ्घन र सामाजिक समावेशीकरणका विषयवस्तु स्पष्ट रूपमा राखिनुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी मुद्दाको कार्यविधि तथा अनुसन्धान गर्ने स्थानीय तहका अधिकारी, कानुन कार्यान्वयनकारी व्यक्ति वा संयन्त्रलाई तालिम दिलाउन दलित प्रशिक्षक र मानवअधिकार रक्षकहरूको क्षमता विकास गर्न प्रशिक्षण प्रदान गरिनुपर्छ ।
- राज्य तथा सम्बन्धित सरोकारवालाले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनबारे नागरिक र कानुन कार्यान्वयनकारीलाई सुसूचित गर्न सचेतना कार्यक्रम आयोजना गर्नुपर्छ ।

*परिशिष्ट १*

# जातीय भेदभाव तथा छुवाछूतका घटनाको विस्तृत विवरण (२०६८ असारदेखि २०७१ असारसम्म)

***मुद्दा १ः अपशब्द प्रयोगसँगै दुर्व्यवहार***

**घटनाको विस्तृत विवरण**

दलित समुदायका एक शिक्षक योगेन्द्रकुमार भुलले डोटी जिल्ला तोलेनी गाविस-६, सैनागाउँस्थित एक निजी विद्यालय लिटिल स्टार विद्या निकेतन आवासीय विद्यालयमा पढाइरहेका थिए । २०६९ कात्तिक ३० गते विद्यालय व्यवस्थापन समितिको बैठक आयोजना गरिएको थियो । बैठकमा दुई जना गैरदलित भीमबहादुर बोगटी र गोरखबहादुर बोगटीले निज शिक्षकविरूद्ध जातमा आधारित अपशब्द प्रयोग गर्दै भने, "तँ डुमले हाम्रा ठूला जातका छोराछोरी पढाउनुपर्दैन, तैंले यो विद्यालयबाट तुरून्त विदा लिनुपर्छ ।"

**जाहेरी दर्ता**

पीडितले २०६९ मङ्सिर ४ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा कुनै रोकावटबिना जाहेरी दर्ता गराए । प्रहरीले जाहेरी दर्तापश्चात् तुरून्तै कदम अघि बढाएर अभियुक्तमध्ये एक जनालाई गिरफ्तार गऱ्यो । प्रहरीले एक महिनाको अवधिमा सम्पूर्ण अनुसन्धान पूरा गरी जिल्ला सरकारी न्यायाधिवक्ताको कार्यालयमा बुझायो ।

**अदालतमा मुद्दा दायर**

जिल्ला न्यायाधिवक्ताको कार्यालयले जिल्ला अदालत डोटीमा २०६९ मङ्सिर ५ गते जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत जरिबाना र कैद सजाय भाग ४ (१, २, ३ र ६) र क्षतिपूर्ति भाग ९ (१) अनुसार अधिकतम मागसहित तुरून्तै मुद्दा दायर गऱ्यो । ऐनको भाग ४ (१, २, ३ र ६) अनुसार दोषीलाई तीन महिनादेखि तीन वर्षसम्म कैद सजाय वा एक हजारदेखि २५ हजार रूपैयाँ जरिवाना वा दुवै हुने व्यवस्था छ । भाग ९ (१) अनुसार अदालतले रू. २५ हजारदेखि एक लाख रूपैयाँसम्म क्षतिपूर्तिस्वरूप पीडकलाई भराउन सक्छ ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

पुर्पक्षका क्रममा डोटी जिल्ला अदालतले २०६९ मङ्सिर ५ गते मुद्दा दायर गरेकै दिन दोषीबाट ७५ हजार रूपैयाँ धरौटी लिई रिहा गरी सुनुवाइ थाल्यो । सुनुवाइ अवधिमा अदालतले पीडितका तर्फबाट दुई जना साक्षीको भनाइ लियो र प्रक्रियालाई निरन्तरता दियो ।

**अदालतको फैसला**

सुनुवाइपश्चात् डोटी जिल्ला अदालतले २०६९ फागुन २१ गते दोषीलाई जनही २५ सय जरिबाना र जनही १२ हजार पाँच सय क्षतिपूर्तिसहितको फैसला दियो । अदालतले कुनै पनि दोषीलाई कैद सजाय दिएन । जरिबाना माग गरेको भन्दा कम हो भने क्षतिपूर्ति पनि कानुनले व्यवस्था गरेकोमा न्यूनतम रकम हो ।[१०९]

***मुद्दा २ः अपशब्द प्रयोग तथा कुटपिट गरी जातीय भेदभाव तथा छुवाछूत***

**घटनाको विवरण**

डोटी जिल्ला, डौड गाविस वडा नं. ३ का पीडित श्याम लुहार कामीका अनुसार २०७० साउन १० गते बेलुका अभियुक्त मानबहादुर बोगटी तथा महादेव बोगटीले उनलाई अपशब्द प्रयोग गर्दै गाली गरे । उनीहरूले "तँ डुम, बोक्सीको छोरा" आदि भन्दै निर्घात कुटपिट गरी मोबाइल र पैसासमेत लुटे ।

**जाहेरी दर्ता**

२०७० साउन ११ गते पीडितले कुनै अवरोधबिना नै जिल्ला प्रहरी कार्यालय, डोटीमा तत्काल जाहेरी दर्ता गऱ्यो । प्रहरीले तत्काल कारबाही गर्ने क्रममा अभियुक्तलाई गिरफ्तार गऱ्यो र अनुसन्धान प्रक्रिया पूरा गरी जिल्ला सरकारी वकिलको कार्यालयमा मुद्दा पेस गऱ्यो ।

**अदालतमा मुद्दा दायर**

डोटीको जिल्ला सरकारी वकिलले २०७० साउन २७ गते मुद्दालाई डोटी जिल्ला अदालतमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (१) र भाग ४ (२) साथै अधिकतम जरिबाना र भाग ७ (१) कैद सजाय तथा भाग ९ (१) अनुसार क्षतिपूर्ति माग गर्दै तत्काल मुद्दा दायर गऱ्यो । भाग ४ (१ र २) अनुसार दोषीहरूलाई तीन महिनादेखि तीन वर्षसम्मको कैद सजाय वा एक हजारदेखि २५ हजार जरिबाना वा दुवै हुने व्यवस्था छ । ऐनको भाग ९ (१ र २) अनुसार अदालतले दोषीबाट २५ हजारदेखि एक लाख रूपैयाँसम्म क्षतिपूर्ति पीडितलाई उपलब्ध गराउनुपर्ने निर्देशन दिन सक्ने छ ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

पुर्पक्षका क्रममा डोटी जिल्ला अदालतले अभियुक्तहरूबाट जनही रू. २५ हजार रूपैयाँ घरौटी लिई २०७० साउन २८ गते रिहा गर्दै सुनुवाइको प्रक्रिया अघि बढायो ।

**अदालतको फैसला**

सुनुवाइ प्रक्रिया पूरा भएपश्चात् अदालतले २०७० माघ ६ गते फैसला दियो । निर्णयमा अदालतले जातीय भेदभाव र छुवाछूतलाई सरकारवादी मुद्दा ऐन, २०४७ को भाग २७ अन्तर्गत कुटपिट मुद्दामा परिवर्तन गऱ्यो र दोषीविरूद्ध मुलुकी ऐन, २०२० अन्तर्गत कुटपिटमा मुद्दा दर्ता गर्न पीडितलाई भन्यो । पछि पुनरावेदन अदालत दिपायलले पनि २०७० चैत्र ५ गते जिल्ला अदालतको फैसलालाई नै सदर गऱ्यो । उक्त मुद्दा कुटपिटमै फेरि दर्ता भयो वा भएन, जानकारी छैन ।

---

[१०९] यसले कानुनको भावनाको खिल्ली उडाएको छ । यदि ५० जना मानिसले दलितलाई गाली बेइज्जत गरे भने उनीहरूले जनही रू. पाँच सय तिरेर जान सक्छन्, यस्तो तर्क गर्न सकिन्छ ।

*मुद्दा ३ः सार्वजनिक धारा प्रयोगमा रोकावट र कुटपिट*

**घटनाको विवरण**

मधुवनी गाविस ३, मान्मटेरिया, रूपन्देही जिल्लामा २०७१ असार ८ गते एक गैरदलित परिवार (विपत केवट र फुला केवट) ले एक दलित महिला अनारी हरिजनलाई खानेपानीका लागि प्रयोग हुने सार्वजनिक धारा प्रयोगबाट वञ्चित गर्दै निर्घात कुटपिट गरे ।

**जाहेरी दर्ता**

२०७१ असार ९ गते अभियुक्तहरूविरूद्ध जिल्ला प्रहरी कार्यालय, रूपन्देहीमा बिनाअवरोध जाहेरी दर्ता गरियो । प्रहरीले तत्काल कारबाही प्रक्रिया सुरू गरी अभियुक्तहरूलाई २०७१ असार १० गते गिरफ्तार गऱ्यो । प्रहरीले तत्काल अनुसन्धान र अन्य प्रक्रिया थाल्यो ।

**अदालतमा मुद्दा दर्ता**

जिल्ला सरकारी वकिल, रूपन्देहीले २०७१ साउन १ गते जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको भाग ३, भाग ४ (२) (क) (ख), भाग ७ (१) (क) अन्तर्गत अधिकतम जरिबाना र कैद सजायको माग गर्दै रूपन्देही जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो ।

**अदालतको फैसला**

सुनुवाइ प्रक्रिया पूरा भएपश्चात् अदालतले २०७१ मङ्सिर ९ गते फैसला जारी गऱ्यो । अदालतले दोषी फुला केवटलाई रू. दुई हजार र विपत केवटलाई रू. तीन हजार रूपैयाँ जरिबाना र जनही रू. १२ हजार पाँच सय क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने निर्देशन दियो । अदालतले कसैलाई पनि कैद सजायको फैसला दिएन । जरिबाना र क्षतिपूर्ति पनि माग गरेको भन्दा धेरै कम हो । ऐनअनुसार यो क्षतिपूर्ति न्यूनतम रकम हो ।

*मुद्दा ४ः अपशब्द प्रयोग तथा साङ्घातिक आक्रमण गरी जातीय भेदभाव तथा छुवाछूत*

**घटनाको विवरण**

कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका-१८ का निवासी सागर नेपाली र सुरज नेपालीलाई सोही ठाउँमा बस्ने जीवनबहादुर बम र हर्कबहादुर बमले २०६९ कात्तिक ८ गते डुम र ढोली भन्दै अपशब्द र गालीगलौज गर्दै कुटपिट गरे । पीडितहरूले अभियुक्तको घरअगाडिको सडकमा फुटबल खेल्नाले यस्तो घटना भएको थियो ।

**जाहेरी दर्ता**

पीडितहरूकी आमा हिरादेवी नेपालीले २०६९ कात्तिक ९ गते जीवनबहादुर बम र हर्कबहादुर बमविरूद्ध जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत कारबाही माग गर्दै जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा जाहेरी दर्ता गरिन् । प्रहरीले तत्काल कारबाही प्रक्रिया सुरू गऱ्यो । चतुर्भुज ओझालाई यस घटनाको अनुसन्धान अधिकृतको रूपमा नियुक्ति गऱ्यो भने अभियुक्तहरूमध्ये एक जना जीवनबहादुर बमलाई कात्तिक ९ गते नै गिरफ्तार गऱ्यो ।

### अदालतमा मुद्दा दायर

कञ्चनपुर जिल्ला सरकारी वकिल दमनसिं बिष्टले २०६९ कात्तिक २६ गते अनुसन्धान प्रक्रिया पूरा गरेपश्चात अभियोगपत्र तयार गरे । ऐनको भाग ३ र ४ (१) अन्तर्गत जरिबाना र सजाय तथा भाग ९ (१) अन्तर्गत क्षतिपूर्तिको माग गर्दै जिल्ला अदालतमा मुद्दा दायर गरियो ।

### न्यायिक पुर्पक्ष र सुनुवाइ

कञ्चनपुर जिल्ला अदालतले न्यायिक पुर्पक्ष र सुनुवाइ प्रक्रिया सुरू गऱ्यो । गिरफ्तार गरिएका अभियुक्त जीवनबहादुर बमलाई रू. ५२ हजार धरौटीमा स्रेस्तादार शेरबहादुर बिष्टको आदेशमा २०६९ मङ्सिर १७ गते रिहा गरियो । यो आदेशलाई जिल्ला न्यायाधीश मा. उमेशराज पौडेलले प्रमाणित गरे । अर्का अभियुक्त हर्कबहादुर बम अनुसन्धान प्रक्रियामा फरार थिए । उनले २०६९ पौष २३ गते अदालतमा उपस्थित भई आत्मसमर्पण गरे । जिल्ला न्यायाधीश उमेशराज पौडेलको निर्देशनमा रू. १० हजार धरौटी राखी उनी त्यही दिन रिहा भए ।

### अदालतको फैसला

२०७० चैत्र ९ गते कञ्चनपुर जिल्ला अदालतले अन्तिम सुनुवाइ गऱ्यो । मा. न्यायाधीश भोजराज अधिकारीले जातीय भेदभाव मुद्दालाई गालीगलौज मुद्दामा परिवर्तन गरी गाली बेइज्जती ऐन, २०१७ अन्तर्गत राखे । उनले जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत अभियुक्तलाई कानुनी सजाय र जरिबानाबाट मुक्त गरिदिए । अहिले उक्त मुद्दा गाली बेइज्जती कसूरअन्तर्गत न्यायिक पुर्पक्षका क्रममा विचाराधीन अवस्थामा छ ।

### *मुद्दा ५ः विद्यालय व्यवस्थापन समितिको बैठकमा अपमान र अपहेलना*

### घटनाको विवरण

रानागाउँ गाविस–१, डोटी जिल्ला निवासी मोहनसिंह भुल (एक दलित) लाई सोही गाविस निवासी धर्मराज जोशी र टेकराज जोशीले २०७० पौष १९ गते भुवनेश्वरी माध्यमिक विद्यालयको अभिभावक बैठकमा भेदभाव तथा अपमान गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यालयमा सहयोगी तत्काल नियुक्ति गर्ने विषयमा छलफल भयो । पीडित मोहनसिंह भुलले नियुक्तिलाई समर्थन गरे । अभियुक्तहरू धर्मराज जोशी र टेकराज जोशीले अपमानजनक शब्द प्रयोग गर्दै डोम, अछूत, तल्लो जात र अन्य अपशब्द बोल्दै गालीगलौज गर्दै भने, "तँ डोमलाई निर्णय गर्ने सवालमा सहभागी हुने अधिकार छैन र तेरो उपस्थितिले यो ठाउँ नै अपवित्र भएको छ ।" .

### जाहेरी दर्ता

अभियुक्तद्वय धर्मराज जोशी र टेकराज जोशीविरूद्ध जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत २०७० पौष २४ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा जाहेरी दर्ता गरियो । जाहेरी दर्तापश्चात् अभियुक्तहरू तत्काल पक्राउ परे र प्रहरी निरीक्षक दिपकबाबु के.सी.लाई यो मुद्दाको अनुसन्धान अधिकृतको रूपमा नियुक्ति गरियो ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धान प्रक्रिया पूरा गरेपछि, जिल्ला सरकारी वकिल तारासिंह धामीले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (१), भाग ७ (१) (ग) र भाग ९ (१) (क) अन्तर्गत जरिबाना, सजाय र क्षतिपूर्तिको भाग गर्दै अभियुक्तविरूद्ध डोटी जिल्ला अदालतमा मुद्दा दायर गरे । अभियुक्तहरूलाई २०७० माघ ३ गते डोटी जिल्ला अदालतमा उपस्थित गराइयो ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

अभियुक्त धर्मराज जोशीलाई २५ हजार रुपैयाँ धरौटीमा रिहा गरियो भने टेकराज जोशीलाई साधारण तारेखमा उपस्थित हुने गरी छोडियो ।

**अदालतको फैसला**

२०७० चैत्र ९ गते अन्तिम सुनुवाइ सकियो । डोटी जिल्ला अदालतका मा. न्यायाधीश धनसिंह महराले दुवै अभियुक्तलाई सफाइ दिए । डोटी जिल्ला अदालतको फैसलाविरूद्ध पुनरावेदन अदालत दिपायलमा पुनरावेदन गरियो । तथापि मा. न्यायाधीश रेवन्तबहादुर कुँवर र हिमालराज पाठकको संयुक्त इजलासले २०७१ जेठ २० गते डोटी जिल्ला अदालतको फैसलालाई नै सदर गर्दै दुवै अभियुक्तलाई सफाइ दियो । त्यसैले, यस प्रकारले मोहनसिंह भुलले थालेको न्यायमा पहुँचको यात्रा उपलब्धिविहीन रूपमै अन्त्य भयो ।

***मुद्दा ६: कोठा भाडामा दिन इन्कार गरी जातीय भेदभाव तथा छुवाछूत गरिएको घटना***

**घटनाको विवरण**

बागलुङ नगरपालिका-२ स्थित घरधनीले माया परियारलाई कोठा भाडामा दिन अस्वीकार गऱ्यो । लेखानी गाविस-४, बागलुङ निवासी माया परियारले केही दिनअघि नै घरधनीसँग कुरा गरी उक्त कोठामा बस्ने निश्चित गरेकी थिइन् । तर उनी बस्न भनेर त्यस घरमा जाँदा घरधनीले आफूहरूलाई नै उक्त कोठा आवश्यक भएकाले दिन नसक्ने बतायो । वास्तवमा २०६८ मङ्सिर १५ गते घरधनीले माया परियार दलित समुदायको हो भन्ने जानकारी पाएको थियो । यसरी सहमति तोडिएपछि माया र घरधनीबीच भनाभन भयो र मायालाई उनको जातको आधारमा अपमान र बेइज्जत गरियो ।

**जाहेरी दर्ता**

अपमान गरिएको दिन नै चार जना अभियुक्त : शंकर शर्मा, सावित्री शर्मा, कृष्णप्रसाद शर्मा र विष्णुमाया कँडेलविरूद्ध जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत उपयुक्त कानुनी उपचारको माग गर्दै जाहेरी दर्ता गरियो । चार जनामध्ये तीन जना अभियुक्तहरू तत्काल पक्राउ परे । उनीहरूलाई ऐनअन्तर्गत प्रहरी निरीक्षक शिवराज ढुङ्गानाको नेतृत्वमा अनुसन्धान सुरू गरियो ।

**अदालतमा मुद्दा दाहेर**

अनुसन्धान पूरा भएपश्चात् जिल्ला सरकारी वकिलमार्फत अभियुक्तहरूलाई बागलुङ जिल्ला अदालतमा उपस्थित गराइयो । जिल्ला सरकारी वकिल कृष्णप्रसाद शर्माले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत २०६८ मङ्सिर २६ गते उनीहरूलाई जातीय भेदभाव र छुवाछूत गरेको अभियोग लगाए ।

### न्यायिक पुर्पक्ष र सुनुवाइ

२०६८ मङ्सिर २७ गते न्यायाधीश डिल्लीरमण तिवारीको आदेशमा तीनै जना अभियुक्तलाई धरौटीबिना साधारण तारेखमा छोडियो । पछि एक जना फरार अभियुक्त अदालतमा आफै उपस्थित भए र उनलाई पनि २०६८ पौष ११ गते साधारण तारेखमा उपस्थित हुने सर्तमा रिहा गरियो ।

### अदालतको फैसला

२०६९ वैशाख १२ गते अन्तिम सुनुवाइ सकियो र सबै अभियुक्तलाई न्यायाधीश डिल्लीरमण तिवारीले सफाइ दिए । जिल्ला सरकारी वकिलको कार्यालयको सुझावमा पुनरावेदन अदालतका न्यायाधिवक्ता नारायणप्रसाद पौडेलमार्फत बागलुङ जिल्ला अदालतको फैसलाविरूद्ध २०६९ असोज १० गते पुनरावेदन अदालत बागलुङमा पुनरावेदन गरियो । पुनरावेदन अदालतका न्यायाधीशहरूले पनि जिल्ला अदालत बागलुङकै फैसलालाई सदर गरी २०६९ मङ्सिर १९ गते अभियुक्तहरूलाई सफाइ दिए ।

## *मुद्दा ७ः पानी भरिएको गाग्री दलित केटीले छोएको निहुँमा गरिएको जातीय भेदभाव तथा छुवाछूत*

### घटनाको विवरण

भीम पोखरा गाविस-१, सतीपोखरी, बागलुङ निवासी एक गैरदलित देवी के.सी.ले सोही गाउँ निवासी एक दलित केटी सरस्वती बोहोरालाई २०६९ मङ्सिर ५ गते सार्वजनिक खानेपानीको धारामा पानी भरिएको गाग्री छोएको निहुँमा छुवाछूतको व्यवहार गरेकी थिइन् ।

### जाहेरी दर्ता

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत कानुनी उपचारको माग गर्दै अभियुक्त देवी के.सी.विरूद्ध २०६९ मङ्सिर ६ गते जिल्ला प्रहरी कार्यालय, बागलुङमा जाहेरी दर्ता गरियो । अभियुक्तलाई प्रहरीले तत्काल पक्राउ गरी अनुसन्धान अधिकृत प्रहरी निरीक्षक प्रकाश सापकोटाको नेतृत्वमा अनुसन्धान प्रक्रिया सुरू गर्‍यो ।

### अदालतमा मुद्दा दर्ता

अनुसन्धान सकिए पश्चात् जिल्ला सरकारी वकिल रमानाथ पौडेलले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत अपराध गरेको अभियोग लगाउँदै २०६९ मङ्सिर १२ गते जिल्ला अदालत बागलुङमा मुद्दा दायर गरे ।

### न्यायिक पुर्पक्ष र सुनुवाइ

थुनछेकको बहस सम्पन्न भएपश्चात् जिल्ला न्यायाधीश डिल्लीरमण तिवारीले रू. पाँच हजार धरौटी राख्न आदेश दिए । उक्त धरौटी रकम जम्मा गरेपछि २०६९ मङ्सिर १३ गते अभियुक्तलाई प्रहरी हिरासतबाट मुक्त गरियो ।

### अदालतको फैसला

२०७० फागुन २२ गते उक्त मुद्दाको अन्तिम सुनुवाइ सकियो र अदालतले अभियुक्तलाई सफाइ दियो । जिल्ला सरकारी वकिलको कार्यालयको सुझावमा २०७० असार २२ गते पुनरावेदन न्यायाधिवक्ताको

कार्यालयमार्फत पुनरावेदन अदालत बागलुङमा पुनरावेदन गरियो । र, पुनरावेदन अदालतले पनि सुरू सदर गरेपछि यो मुद्दा सर्बोच्च अदालमा पुगेको छ । सर्बोच्च अदालतमा निस्सा प्राप्त हुने नहुने विषयमा बहस भएपछि यस मुद्दामा अदालतबाट निस्सा प्राप्त हुने आदेश भई यही हाल कानुनी प्रक्रियामा रहेको छ ।

***मुद्दा ८ः प्रसाद, टीका र मन्दिर प्रवेशबाट वञ्चित***

**घटनाको विवरण**

पर्वत जिल्ला, धाइरिङ गाविस-५, स्थायी निवासी कृष्णप्रसाद आचार्य (मन्दिरका पूजारी), पर्वत जिल्लाको सोही गाविस-७ का स्थायी निवासी हिमनाथ आचार्य (शिक्षक तथा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष) र सोही गाविस-८, पर्वतका स्थायी निवासी रूद्रप्रसाद आचार्य (नेपाली काङ्ग्रेसका केन्द्रीय महाधिवेशन प्रतिनिधि) ले सोही गाविस-९, पर्वत जिल्ला निवासी चन्द्रे दमाईंलाई प्रसाद तथा टीका ग्रहण गर्नबाट वञ्चित गरेका थिए । साथै, २०६९ मङ्सिर १६ गते भुमेको थान मन्दिर प्रवेश गर्न पनि रोकेका थिए । उक्त घटना जिल्ला र राष्ट्रभरि नै सार्वजनिक भएको थियो । पूजारी र मन्दिर व्यवस्थापनविरूद्ध प्रेस विज्ञप्ति र प्रदर्शनका धेरै गतिविधि गरिए ।

**जाहेरी दर्ता**

२०६९ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय, पर्वतमा जाहेरी गरियो, तर प्रहरीले उक्त जाहेरी दर्ता गर्न अस्वीकार गर्‍यो । दलित नागरिक समाज र राजनीतिक दलका भ्रातृ सङ्गठनहरूको प्रदर्शनमार्फत ठूलो दबाबपश्चात् अन्त्यमा २०६९ मङ्सिर २२ गते जाहेरी दर्ता गरियो । जाहेरी दर्ता गरेको १२ दिनपछि मात्र २०६९ पौष ४ गते अभियुक्तहरूलाई प्रहरीले पक्राउ गर्‍यो । यसै क्रममा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत जातीय भेदभावको मुद्दाको रूपमा प्रहरी निरीक्षक श्यामु अर्यालले अनुसन्धान प्रक्रिया चालु राखे ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धान प्रक्रिया पूरा गरेपछि जिल्ला सरकारी वकिल गोविन्द गिरीले २०६९ पौष ६ गते जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत अभियोगसहित जिल्ला अदालत पर्वतमा मुद्दा दायर गरे ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

थुनछेकको बहस सकिएपछि २०६९ पौष ६ गते जिल्ला न्यायाधीश सुदर्शनराज पाण्डेको आदेशमा अभियुक्तहरूलाई धरौटीबिना साधारण तारेखमा रिहा गरियो ।

**अदालतको फैसला**

२०७० असोज १० गते भएको अन्तिम सुनुवाइपछि जिल्ला न्यायाधीश माधवेन्द्रराज रेग्मीले अभियुक्तहरूलाई सफाइ दिए । त्यसपछि २०७० मङ्सिर २६ गते पुनरावेदन न्यायाधिवक्ता कुमुदप्रसाद शर्मामार्फत पुनरावेदन अदालत बागलुङमा पुनरावेदन मुद्दा दायर गरियो । २०७१ माघ १४ गते अन्तिम सुनुवाइपछि पुनरावेदनले अभियुक्तलाई सफाइ दिने जिल्ला अदालतको फैसलालाई नै सदर गर्‍यो ।

*मुद्दा ९: भोजमा सहभागी हुनबाट वञ्चित गर्दै साङ्घातिक आक्रमण*

**घटना विवरण**

घान्द्रुक गाविस-२, कोटडाँडा, कास्की जिल्लामा खानेपानी आयोजना सम्पन्न भएको अवसरमा आयोजित भोजमा दलितहरूलाई सहभागी हुनबाट निषेध गरियो । तालबाराही प्राथमिक विद्यालयका प्रधानाध्यापक कर्णबहादुर नेपालीले आयोजना सफलतापूर्वक सम्पन्न गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । निज नेपालीलाई नै २०६८ कात्तिक २६ गते साङ्घातिक आक्रमण गरियो । गुरूङ समुदायका केही सदस्यले उनलाई भोजमा सहभागी गराउन मात्र अस्वीकार गरेनन्, निर्घात कुटपिट गरी अनुहारमा मोसो दलेर गाउँ परिक्रमा पनि गराए ।

**जाहेरी दर्ता**

२०६८ कात्तिक ३० गते जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत आठ जना अभियुक्त : रामप्रसाद गुरूङ, रेनुका गुरूङ, यामबहादुर गुरूङ, ड्याविन गुरूङ, विष्णुबहादुर गुरूङ, किरण गुरूङ, दुर्गामाया गुरूङ र कुमार गुरूङविरूद्ध जिल्ला प्रहरी कार्यालय, कास्कीमा जाहेरी दर्ता गरियो । प्रहरीले तत्काल सबै अभियुक्तलाई पक्राउ गऱ्यो ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धानपश्चात् २०६८ मङ्सिर १५ गते उक्त मुद्दालाई जातीय भेदभाव तथा छुवाछूतअन्तर्गत दायर गरियो र सबै अभियुक्तलाई जिल्ला सरकारी वकिलको कार्यालयमार्फत सोही दिन अदालतमा उपस्थित गराइयो ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

थुनछेक बहस पूरा भएपछि कास्की जिल्ला अदालतले दुई जनालाई जनही ७५ हजार र ६ जनालाई जनही ५० हजारका दरले धरौटी राख्न निर्देशन दियो । अदालतको निर्देशनअनुसारको धरौटी रकम जम्मा गरेपछि अभियुक्तहरूलाई प्रहरी हिरासतबाट रिहा गरियो ।

**अदालतको फैसला**

जिल्ला न्यायाधीश हेमराज पन्तबाट कास्की जिल्ला अदालतमा २०६९ फागुन १७ गते मुद्दाको अन्तिम सुनुवाइ सम्पन्न भयो । ६ जना अभियुक्तलाई जनही रू. दश हजार र दुई जनालाई जनही १५ हजार जरिबाना गरियो । पीडित कर्णबहादुर नेपालीलाई प्रत्येक अभियुक्तबाट दश हजार क्षतिपूर्ति भराई जम्मा ८० हजार रुपैयाँ उपलब्ध गराइयो । यो मुद्दामा त्यसबेलासम्मकै उच्च क्षतिपूर्ति भराइएकोले राष्ट्रिय तरङ्ग उत्पन्न गऱ्यो । तथापि, कुनै पनि दोषीलाई कैद सजाय भने गरिएन ।

*मुद्दा १०: सार्वजनिक धारामा गैरदलितले दलित महिलालाई कुटपिटसँगै गरेको जातीय भेदभाव र छुवाछूत*

**घटनाको विवरण**

लेखनाथ नगरपालिका-२, रिद्दिपानी, कास्की निवासी सविता वि.क.लाई २०७० मङ्सिर १० गते खानेपानीको धारामा जातीय आधारमा भेदभाव गरियो । सोही ठाउँमा बस्ने रमा कुमालले उनलाई पित्तलको

गाग्रीसमेत प्रयोग गरी निर्घात कुटपिट गरिन् । उक्त दलित महिलाले खानेपानीको धारा छोएकी निहुँमा कुटपिट गरिएको थियो ।

**जाहेरी दर्ता**

पीडितका बुबा पूर्णबहादुर सुनारले दोषी रमा कुमालविरूद्ध जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत उपयुक्त कानुनी उपचारको माग गर्दै २०७० मङ्सिर ११ गते कास्की जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए । जाहेरी दर्तापछि प्रहरीले तत्कालै अभियुक्तलाई पक्राउ गऱ्यो । प्रहरी निरीक्षक रामबहादुर अधिकारीलाई अनुसन्धान अधिकृत तोकियो ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धान प्रक्रिया पूरा गरेपछि २०७० मङ्सिर २० गते जिल्ला सरकारी वकिल राजनराज घिमिरेले जातीय भेदभाव र छुवाछूतको कसूरको अभियोगसहित अभियुक्तलाई कास्की जिल्ला अदालतमा उपस्थित गराइयो ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

थुनछेक बहसपछि कास्की जिल्ला अदालतका न्यायाधीश पुरूषोत्तमप्रसाद ढकालले अभियुक्तलाई २५ हजार धरौटी रकम जम्मा गर्न सोही दिन आदेश दिए र धरौटी रकम जम्मा गरेपछि अभियुक्तलाई प्रहरी हिरासतबाट मुक्त गऱ्यो ।

**अदालतको फैसला**

कानुनी पुर्पक्ष र सुनुवाइ प्रक्रिया अझै पनि अदालतमा चलिरहेको छ ।

***मुद्दा ११: सार्वजनिक बेइज्जती र साङ्घातिक आक्रमण***

**घटनाको विवरण**

बेलबारी गाविस-३, मोरङ जिल्ला निवासी माया सार्कीलाई एक अपरिचित व्यक्तिले २०७० साउन ६ गते बलात्कार गर्ने प्रयास गऱ्यो । उक्त घटनालाई मनोज विश्वकर्माको सहयोगमा उनले नजिकको प्रहरी कार्यालयमा जानकारी दिइन् र शङ्कास्पद व्यक्ति चेतन भेटवालविरूद्ध जाहेरी दर्ता गरिन् । प्रहरीले तत्काल चेतन भेटवाललाई पक्राउ गरी अनुसन्धान प्रक्रिया चलायो । छोटो अनुसन्धानपछि हातमा टोकिएको चोट नदेखिएपछि उनलाई प्रहरीले छोडिदियो । मायाले उजुरीमा अभियुक्तको हात टोकिदिएको बताएकी थिइन् । त्यसपछि माया सार्कीले चेतन भेटवाल र उनको परिवारलाई गलत आरोप लगाएकोमा क्षमा मागिन् र विवाद मिलेपछि दुवै पक्ष आ-आफ्ना घर गए ।

अर्को दिन माया सार्की र मनोज विश्वकर्मालाई चेतन भेटवालको परिवार र गाउँलेहरूले 'घटनाबारे थप छलफल गर्नु छ' भनी सोही ठाउँको अन्नपूर्ण आवासीय विद्यालयको परिसरमा बोलाए । छलफलका क्रममा चेतन भेटवालको परिवारले सार्की, डुम्रे भन्दै अपशब्द, गालीगलौज र हेयका भाषा प्रयोग गर्दै जातीय आधारमा प्रत्यक्ष भेदभाव र अपमान गरी माया सार्की र मनोज विश्वकर्मामाथि निर्घात कुटपिट गरे । उक्त घटनालाई सामाजिक मिडिया माईसंसार डटकमले तत्काल सम्प्रेषण गऱ्यो । नेपालका राष्ट्रिय दैनिक पत्रिकाहरूले पनि प्राथमिकताका साथ छापे ।

**जाहेरी दर्ता**

२०७० असार ७ गते केही सार्वजनिक (कसूर र सजाय) ऐन, २०२८ अनुसार कानुनी उपचारको माग गर्दै १६ जनाविरूद्ध नजिकको प्रहरी कार्यालयमा पहिलो जाहेरी दर्ता गरियो । उनीहरूमध्ये सात जनालाई प्रहरीले पक्राउ गऱ्यो । अन्य अभियुक्त फरार भए । केही सार्वजनिक (कसूर र सजाय) ऐनअनुसार नै अनुसन्धान गरियो ।

फेरि मनोज विश्वकर्मा र माया सार्कीले १७ जना अभियुक्तविरूद्ध जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत कानुनी उपचारको माग गर्दै २०७० असार १० गते र २०७० असार १५ गते छुट्टाछुट्टै जाहेरी दर्ता गराए ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धान प्रक्रिया पूरा भएपछि अभियुक्तहरूलाई जिल्ला प्रशासन कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालत मोरङमा उपस्थित गराइयो ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

पुर्पक्षको प्रक्रियामा जिल्ला प्रशासन कार्यालयले जनही रू. २८ हजार धरौटी राख्न माग गऱ्यो । त्यसैगरी मोरङ जिल्ला अदालतले जनही रू. सात हजार धरौटी माग्यो । जिल्ला अदालत मोरङको फैसला रद्दको माग गरी पीडितहरूको पक्षमा उपयुक्त र सही आदेश दिन अनुरोध गर्दै विराटनगर पुनरावेदन अदालतमा पुनरावेदन दर्ता गरियो । निवेदनअनुरूप मोरङ जिल्ला अदालतको फैसला रद्द गर्दै जनही ३० हजार रूपैयाँ धरौटी राख्न आदेश दिँदै पुनरावेदन अदालत विराटनगरले फैसला दियो । पुनरावेदन अदालत विराटनगरले माग गरेको धरौटी रकम बुझाएपछि अभियुक्तहरू २०७० पौष ४ गते थुनामुक्त भए ।

**अदालतको फैसला**

२०७० चैत्र २८ गते मोरङ जिल्ला अदालतमा न्यायाधीश ऋषिराज निरौलाबाट अन्तिम सुनुवाइ भयो । फैसलाअनुसार नौ जना अभियुक्तलाई जनही १५ हजार जरिबाना गरियो र आठ जनालाई सफाइ दिइयो । माया सार्की र मनोज विश्वकर्मालाई जनही २५ हजार रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराइयो । उपरोक्त फैसलाविरूद्ध पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गरिएकोमा उक्त अदालतबाट सुरू सदर भएकोमा हाल उक्त मुद्दा दोहोऱ्याई पाउनको लागि सर्बोच्च अदालतमा दर्ता भएको छ ।

***मुद्दा १२ः मन्दिर प्रवेश र पूजा गर्नमा रोक तथा सामूहिक आक्रमण***

**घटनाको विवरण**

यो घटना २०६९ फागुन ३० गते भएको थियो । पिपरिया दोस्तिया गाविस-८, भिन्दावार, रौतहट जिल्लास्थित मन्दिरमा विवाहको कार्यक्रम गरी पूजा र आर्शिवाद लिनबाट दलितहरूलाई रोक लगाइयो । दुलाहा दुलहीका केही दिदीबहिनी पूजा गरी आर्शिवाद थाप्न मन्दिर गएका थिए, केही गैरदलित, मूलतः यादव समुदायका सदस्यहरूले उनीहरूलाई पूजा गर्नबाट रोक लगाए । उनीहरूलाई भनियो "तिमीहरू तल्लो जातका चमारहरू हौ, तिमीहरूका पुर्खाहरूले पनि कहिल्यै मन्दिर प्रवेश गर्दैनथिए, उनीहरूले मन्दिर

बाहिरबाटै पूजा गर्थे । यदि तिमीहरू मन्दिरभित्र आयौ भने तिमीहरूले भगवानलाई छुने छौ, अनि तिमीहरू मारिने छौ" भनेर मन्दिरभित्र जान दिइएन । अरू मानिसहरू पनि आएपछि दलितहरूलाई कुटपिट गरियो । त्यसपछि पीडितहरू घरतिर भागे ।

**जाहेरी दर्ता**

घटना भएको तीन दिनपछि २०७० जेठ २ गते पीडितहरू प्रहरी इलाका कार्यालयमा पुगे अनि मन्दिर प्रवेशको विवादलाई व्यवस्थापन गर्न र उनीहरूको सुरक्षाको प्रत्याभूति गराउन माग गर्दै उनीहरूले एक निवेदन दर्ता गराए । निवेदन दर्ता गराएकै दिन निवेदनउपर छलफल गर्न प्रहरी कार्यालयमा दलित र गैरदलित पक्षलाई बोलाइयो । छलफलको क्रममा सहमतिका लागि दुई वटा प्रस्ताव राखियो । पहिलो सर्त, गैरदलितका लागि जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐनबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । दोस्रो सर्त, यस्ता किसिमका सवाल र घटना नदोहोर्‍याई २०७० वैशाख २७ गतेसम्ममा दलितहरूको हकमा शान्तिपूर्वक मन्दिर प्रवेशको अधिकारलाई स्वीकार गर्ने ।

उक्त छलफलमा उपस्थित गैरदलितहरूले आफ्नो समुदायमा छलफल गरेपछि मात्र उक्त प्रस्ताव स्वीकार गर्न राजी हुने जानकारी दिए । जेठ २ गतेको छलफलले नै समय तोकेको थियो, २०७० जेठ १० गतेसम्ममा अभियुक्त, प्रहरी र प्रशासनबाट कुनै कदम चालिएन वा प्रतिक्रिया आएन ।

२०७० जेठ १७ गते गरूडास्थित इलाका प्रहरी कार्यालयमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत जरिबाना र सजायको माग गर्दै श्रीपतिदेवी चमार र सुशीलादेवी चमारले सात जना गैरदलितविरूद्ध जाहेरी दर्ता गराए । २०७० जेठ २४ सम्म प्रहरीले अभियुक्तउपर कुनै कदम चालेन । प्रहरीले दुवै पक्षलाई राखी पारस्परिक सहमति गराउने चासो पनि देखाएन ।

यस अवधिमा दलितहरूलाई गैरदलितले जाहेरी तत्कालै फिर्ता लिन दबाब दिँदै बारम्बार धम्की दिए । दलितहरूले पनि जाहेरी फिर्ता लिन अस्वीकार गर्दै बसे । त्यसैले, दलितविरूद्ध सयौँ गैरदलित सुनियोजित रूपमा गरिएको सामूहिक आक्रमणमा सहभागी भए । जेठ २४ गतेका दिन सम्पूर्ण दलित समुदायमाथिको आक्रमण भयो । यसै क्रममा ४० जनाभन्दा बढी दलितलाई कुटपिट गरियो । १८ जनालाई त अस्पताल भर्ना नै गरियो । ती १८ जनामध्ये दुई जनाको अवस्था चिन्ताजनक थियो । गैरदलितहरूले ६५ भन्दा बढी घरमा लुटपाट, आक्रमणसँगै छाना भत्काउने र टेलिभिजनसँगै घरका सामग्री ध्वस्त गरिदिने काम गरे । अनि गाई भैँसीलाई कुटपिट गर्दै सम्पत्ति नष्ट गरिदिए । त्यस्तै ६ वटा हातेपम्प भाँचिदिए ।

उक्त सामूहिक आक्रमणको खबर जेठ २५ र २६ मा स्थानीय दलित सङ्घसंस्था र बहुसङ्ख्यक राष्ट्रिय र स्थानीय मिडियामार्फत सार्वजनिक गरियो । अरू कार्ययोजना तय गर्न काठमाडौँमा जेठ २७ गते दलित नागरिक समाजको बैठक सम्पन्न भयो । समता फाउण्डेशनलगायत संस्थाको सहभागितामा नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घका भक्त विश्वकर्माको नेतृत्वमा सत्यतथ्य निरीक्षण कार्यदल निर्माण गरियो । उक्त कार्यदलको निरीक्षणका क्रममा मानवअधिकारको चरम उल्लङ्घन तथा जातीय भेदभाव र छुवाछूत भएको पाइयो ।

त्यसपछि जिल्ला प्रहरी कार्यालय, रौतहटमा ३९ जना गैरदलितविरूद्ध दुई वटा जाहेरी दर्ता गरिए । पहिलो जाहेरीमा मुलुकी ऐनको चोरी डकैती महलअन्तर्गत चोरी र डकैती तथा हत्या र लुटपाट महलअन्तर्गत

हत्या प्रयास गरेको आरोप लगाइयो । दोस्रो जाहेरीमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत कसूर गरेको दर्ता गरियो । जाहेरी दर्तापछि दुई जनालाई प्रहरीले पक्राउ गऱ्यो र अन्य अभियुक्त भने गाउँबाट फरार भए । जाहेरीको मागअनुसार प्रहरीले अरू अनुसन्धान प्रक्रिया थाल्यो ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धान पूरा भएपछि जिल्ला सरकारी वकिल, रौतहटमार्फत हत्या प्रयास, चोरी र लुटपाट तथा जातीय भेदभाव र छुवाछूत गरेको अभियोगमा रौतहट जिल्ला अदालतमा अभियुक्तहरूलाई उपस्थित गराइयो ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

कानुनी पुर्पक्षअनुसार कैद वा धरौटी विषयमा बहसको प्रक्रिया सम्पन्न भएपछि अदालतले २७ हजार धरौटी तोक्यो । धरौटी बुझाएर अभियुक्तहरू प्रहरी हिरासतबाट मुक्त भए । अरू फरार अभियुक्तमध्ये केही सिधै अदालत उपस्थित भई २७ हजार धरौटीमा मुक्त भए ।

**अदालतको फैसला**

न्यायिक पुर्पक्ष अझै चलिरहेको र अन्तिम सुनुवाइ सकिन लागेको जानकारी छ । जम्मा ७० हजार क्षतिपूर्ति दिलाउने फैसला भएको थियो । पुनरावेदन गर्ने सम्बन्धमा छलफल भइराखेको छ ।

***मुद्दा १३ः जातीय भेदभाव तथा छुवाछूत र साङ्घातिक आक्रमण***

**घटनाको विवरण**

कपनमा भएको यो घटना यातायात भाडादरको विवादका क्रममा भएको थियो । छलफलका क्रममा डम्बर परियारको परिवारका सदस्यहरू रेखा परियार, सीता परियार र टीका परियारलाई अटोमोबाइल्स चालक गाउँलेहरूले साङ्घातिक आक्रमण गरे । डम्बर परियारलाई लागेको गम्भीर चोटको उपचारका लागि वीर अस्पतालमा भर्ना गरियो ।

**जाहेरी दर्ता**

एक पीडित रेखा परियारले २०६९ चैत्र २० गते महाराजगञ्ज प्रहरी कार्यालय, काठमाडौँमा पाँच जना सोनु श्रेष्ठ, श्रीकृष्ण श्रेष्ठ, हरिशचन्द्र श्रेष्ठ, अमर श्रेष्ठ र मेनुका श्रेष्ठविरूद्ध मुलुकी ऐनको हत्या महलअन्तर्गत हत्या गर्ने प्रयास गरेको र जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत जाहेरी दर्ता गरिन् । जाहेरी दर्तापश्चात एक जना अभियुक्त सोनु श्रेष्ठलाई प्रहरीले पक्राउ गरी उजुरीको मागअनुसार अनुसन्धान प्रक्रिया थाल्यो ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धान प्रक्रिया सकिएपछि सोनु श्रेष्ठलाई प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत हत्या प्रयास र जातीय भेदभाव र छुवाछूतको अभियोगसहित काठमाडौँ जिल्ला अदालतमा उपस्थित गरायो ।

**कानुनी पुर्पक्ष र सुनुवाइ**

२०७० वैशाख १४ गते पुर्पक्षको काम सकिएपछि सोनु श्रेष्ठलाई जिल्ला अदालत काठमाडौँको आदेशमा सामान्य तारिखमा छोड्न दिएको आदेशअनुसार प्रहरी हिरासतबाट मुक्त गरियो । त्यसपछि अन्य अभियुक्तहरू

आफै जिल्ला अदालतमा उपस्थित भई जिल्ला अदालतले माग गरेको जनही रू. दश हजार धरौटी रकम जम्मा गरी दुई जना र दुई जना सामान्य तारेखमा उपस्थित हुने गरी १७ साउन २०७० मा मुक्त भए । कानुनी कार्यविधिका क्रममा दुई पक्षबीच सहमति भई २०७० भाद्र ९ गते पीडितहरूलाई अभियुक्तले रू. एक लाख ७५ हजार रुपैयाँ क्षतिपूर्तिस्वरूप उपलब्ध गराए ।

**अदालतको फैसला**

यो मुद्दाको कानुनी प्रक्रिया चलिरहेको हुनाले जिल्ला अदालत काठमाडौँमा विचाराधीन अवस्थामा छ ।

***मुद्दा १४ः अन्तरजातीय विवाह अस्वीकार गर्दै साङ्घातिक आक्रमण***

**घटनाको विवरण**

यो घटना पिडा गाविस–५, धादिङ जिल्ला निवासी नवराज सुनार (दलित केटा) र सोही स्थान निवासी सम्झना सुवेदी (गैरदलित केटी) बीच भएको अन्तरजातीय विवाहका कारण भएको थियो । विवाहपश्चात् दुलाहाका परिवार र अन्य दलित गाउँलेलाई अन्तरजातीय विवाहका कारण उत्पन्न विवादको विषयमा छलफल र सहमति गर्न भनी केटी पक्षका नातागोताहरूले बोलाए । त्यहीबेला दुलाहाका बुबा, आमा, बहिनीलाई सुवेदी परिवारका सदस्यहरूले फलामका रड, खुकुरी, बञ्चरो, टर्चलाइट र काठका हतियार र चिरपटजस्ता घरेलु हतियारले आक्रमण गरे ।

**जाहेरी दर्ता**

घटनापश्चात् दुलाहाका बुबा रामबहादुर विश्वकर्माले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत उपयुक्त कानुनी उपचार माग गरी २०६९ असार २४ गते आठ जना अभियुक्तविरूद्ध जिल्ला प्रहरी कार्यालय, धादिङमा जाहेरी दर्ता गराए । आठ जनामध्ये दुई जना अभियुक्तलाई प्रहरीले पक्राउ गर्‍यो, तर जाहेरी दर्ता गरेपछि अरू अभियुक्त फरार भए ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धान प्रक्रिया सकिएपश्चात् सबै अभियुक्तविरूद्ध जिल्ला सरकारी वकिलले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत अभियोगपत्र तयार गर्‍यो र उक्त मुद्दामा धादिङ जिल्ला अदालतमा दायर गर्‍यो ।

**कानुनी पुर्पक्ष र सुनुवाइ**

पुर्पक्षको प्रक्रिया सकिएपछि धादिङ जिल्ला अदालतले अभियुक्तहरूबाट जनही रू. दश हजार धरौटी रकम माग गर्‍यो । अभियुक्तहरू उक्त धरौटी रकम बुझाएर मुक्त भए । त्यसअघि नै केटीको परिवारले केटाविरूद्ध बालविवाह गरेको आरोपमा जाहेरी दर्ता गरेको थियो । दुलाहालाई पनि अदालतको आदेशमा साधारण तारेखमा मुक्त गरियो ।

**अदालतको फैसला**

कानुनी प्रक्रियापश्चात् अन्तिम सुनुवाइ सम्पन्न भयो । अदालतले सबै अभियुक्तलाई सफाइ दियो । नवराज सुनार (पीडित दुलाहा) लाई अदालतले बालविवाहको प्रयास गरेको कसूरमा रू. पाँच सय जरिबाना

गऱ्यो । धादिङ जिल्ला अदालतको फैसलाविरूद्ध पाटन पुनरावेदन अदालतमा अपिल गरियो । पाटन पुनरावेदन अदालतले पनि जिल्ला अदालतको फैसलालाई नै सदर गर्दै अभियुक्तहरूलाई २०७० पौष १६ गते सफाइ दियो ।

### *मुद्दा १५: गैरदलित शिक्षकहरूबाट दलित विद्यार्थीलाई अपशब्द प्रयोग र कुटपिट*

**घटनाको विवरण**

कुष्मा गाविस-७, नवलपरासीमा बुद्धिलाल हरिजन नाम गरेका दलित विद्यार्थीलाई गैरदलित शिक्षकहरूबाट कुटपिट गरियो । उनले गैरदलित शिक्षकहरूलाई चमारजस्ता अपमानजनक नभन्न अनुरोध गरेका थिए । यही अनुरोध सहन नसकेर गैरदलित शिक्षकहरूले दलित विद्यार्थीलाई अपशब्द प्रयोग गर्दै कुटपिट गरेका रहेछन् ।

**जाहेरी दर्ता**

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत चारजना गैरदलित प्रधानाध्यापक शशीभुषण पाण्डे र शिक्षकहरू सन्तोष तिवारी, जयप्रकाश सिंह र सन्तराज यादवविरूद्ध जाहेरी दर्ता गरियो । तर प्रहरीले शशीभुषण पाण्डेलाई मात्र पक्राउ गऱ्यो ।

**अदालतमा मुद्दा दायर**

छोटो समयभित्रै मुद्दा दायर गरियो र अभियुक्तलाई प्रहरीले पक्राउ गरी जिल्ला अदालत, नवलपरासीमा पुर्पक्षका लागि उपस्थित गराइयो । २०७० पौष २४ गते अदालतको आदेशअनुसार तीन हजार धरौटी रकम बुझाएपछि अभियुक्तलाई मुक्त गरियो । त्यसैगरी, पक्राउ नगरिएका अरू अभियुक्तहरू भने अदालतमा आफै उपस्थित भए । उनीहरूलाई साधारण तारेखमा सोही दिन मुक्त गरियो ।

**अदालतको फैसला**

अन्तिम सुनुवाइपछि मुख्य आरोपी शशीभुषण पाण्डेलाई रू. १५०० जरिबाना गरियो र अन्य तीन जनालाई सफाइ दिइयो । उक्त फैसला विरूद्ध पुनरावेदन अदालतमा पुनरावेदन गरेकोमा सुरू सदर भएकोमा हाल दोहोऱ्याई पाउनको लागि सर्बोच्च अदालतमा मुद्दा दर्ता भएको छ ।

### *मुद्दा १६: जन्तरजातीय विवाहका कारण जातीय भेदभाव तथा छुवाछूत*

**घटनाको विवरण**

लापु गाविस-८, गोरखा जिल्लास्थित जितबहादुर सुनार (दलित केटा) र सुनिता गुरूङ (गैरदलित वा जनजाति केटी) बीच भएको अन्तरजातीय विवाहका कारण यो घटना भएको थियो । विवाहको सुरूआतमै केटीका परिवार र नातागोताहरूले केटालाई बन्धनमा पारे अनि एक लाख रूपैयाँ जरिबाना गरे । उनीहरूले केटाले कथित उच्च जातको केटीलाई विवाह गरेको आरोप लगाएका थिए ।

**जाहेरी दर्ता**

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअन्तर्गत तीन जना अभियुक्तविरूद्ध जिल्ला प्रहरी

कार्यालय गोरखामा जाहेरी दर्ता गरियो । तर प्रहरीले उनीहरूमध्ये एक जनालाई मात्र अनुसन्धानका लागि पक्राउ गऱ्यो भने अरू दुई जना फरार भए ।

**अदालतमा मुद्दा दायर**

अनुसन्धान प्रक्रिया सम्पन्न भएपश्चात् जिल्ला अदालत, गोरखामा मुद्दा दायर गरियो र पुर्पक्षपछि अभियुक्तलाई दश हजार रूपैयाँ धरौटीमा रिहा गरियो ।

**अदालतको फैसला**

अन्तिम सुनुवाइपश्चात् तीन जना अभियुक्तले जनही दश हजार रूपैयाँ जरिबाना तथा पीडितलाई २५ हजार रूपैयाँ क्षतिपूर्ति तिरे । अभियुक्तहरूले केटाबाट लिएको एक लाख रूपैयाँ पनि फिर्ता गराइयो । उक्त फैसला विरूद्ध पुनरावेदन अदालत पोखरामा पुनरावदेन गरीएकोमा पुनरावेदन अदालत पोखराबाट पुनरावेदन नलाग्ने निर्णय गरी मुद्दा अन्तिम भइसकेका छ ।

***मुद्दा १७: जातीय भेदभाव तथा छुवाछूतसँगै साङ्घातिक आक्रमण***

**घटनाको विवरण**

मोरङ जिल्ला, उर्लाबारी-१, क्याम्पस रोडमा २०६८ पौष २० गते आकाश भुजेल र अन्य नौ जनाले लेखनाथ विश्वकर्मालाई साङ्घातिक आक्रमण गरे । जातीय आधारमा बनेका अपमानजनक शब्द प्रयोग गरी उनीहरूले "तँ अछूत, तल्लो जातको होस्" भन्दै आक्रमण गरी निर्घात कुटपिट गरेका थिए ।

**जाहेरी दर्ता**

जाहेरी दर्तापश्चात् प्रहरीले आकाश भुजेल, सुनिल चौधरी र कुमार लिम्बुलाई पक्राउ गऱ्यो । अन्य अभियुक्त सुजन मादेन, पेमा लामाङ, पासाङ्ग लामा, राजन फागो, जितबहादुर गहतराज, राकेश लिम्बु र संजय आचार्य फरार भए ।

अदालतमा मुद्दा दायर मोरङ जिल्ला सरकारी वकिल सूर्य बस्नेतले दश जना अभियुक्तविरूद्ध २०६८ पौष २१ गते जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (२) (ख) कसूरका लागि भाग ७ (१) (क) अन्तर्गत जरिबाना र सजाय र भाग ९ अन्तर्गत क्षतिपूर्तिको माग गर्दै मुद्दा दायर गरे ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

न्यायिक पुर्पक्षका अवधिमा अदालतले जनही रू. १५ सय रकम धरौटीमा लिई रिहा गर्ने आदेश दिए अनुसार अभियुक्तहरूलाई प्रहरी हिरासतबाट मुक्त गरियो ।

**अदालतको फैसला**

जिल्ला अदालत, मोरङमा २०६८ माघ १२ गते अन्तिम सुनुवाइ सम्पन्न भयो । अदालतको निर्णयअनुसार सबै अभियुक्तहरूमाथि लागेको अभियोग प्रमाणित भयो र जनही एक हजार रूपैयाँ जरिबाना गरियो । उनीहरूबाट पीडितले रू. २५ हजार क्षतिपूर्ति प्राप्त गरे ।

*मुद्दा १८: होटेलभित्र चिया पिउन नदिई पीडितको अनुहारमा चिया छ्यापियो*

**घटनाको विवरण**

२०७० पौष २० गते पार्वती होटेल, धरान नगरपालिका-४, सुनसरी जिल्लामा होटेल सञ्चालक रम्भादेवी साहले विनोद बास्फर र अजय मरिकलाई "तिमीहरू डोम (तल्लो जात) हौ, तिमीहरू तुरून्त बाहिर जाओ" भन्दै उनीहरूको अनुहारमा चिया खन्याइदिइन् भने होटेलभित्र चिया दिन पनि अस्वीकार गरिन् । उक्त घटनामा रम्भादेवी साहका श्रीमान् नन्दलालप्रसाद साह र छोरा राजकिशोर साहसमेत सङ्लग्न थिए ।

**जाहेरी दर्ता**

२०७० पौष २० गतेकै दिन जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनको भाग ४ (१, २,र ३) अन्तर्गत घटनाको अनुसन्धान र छानबिनको माग गर्दै इलाका प्रहरी कार्यालय, धरानमा जाहेरी दर्ता गरियो । जाहेरीपश्चात् प्रहरीले नन्दलालप्रसाद साह र राजकिशोर साहलाई तत्कालै पक्राउ गर्‍यो र अनुसन्धान प्रक्रिया थाल्यो । यद्यपि, पीडित र साक्षीहरूलाई अदालतमा उपस्थित गराई मुद्दाको सहयोगका लागि बयान गराइएन ।

अदालतमा मुद्दा दायर अनुसन्धान प्रक्रिया पूरा भएपश्चात् सुनसरी जिल्ला सरकारी वकिलले २०७० पौष ३० गते जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनअनुसार जरिबाना र सजायको माग गर्दै जिल्ला अदालत, सुनसरीमा मुद्दा दायर गर्‍यो ।

**न्यायिक पुर्पक्ष र सुनुवाइ**

अदालतले अभियुक्तहरूबाट जनही रू. पाँच हजार धरौटी रकम लिई प्रहरी हिरासतमुक्त गर्न आदेश दियो र न्यायिक प्रक्रिया अघि बढायो ।

**अदालतको फैसला**

जिल्ला अदालत, सुनसरीले २०७१ जेठ ८ गते अन्तिम निर्णय दियो । सबै अभियुक्तलाई निर्दोष भएको भन्दै सफाइ दियो । अदालतको यो निर्णयविरूद्ध कसैले पनि पुनरावेदन गरेन ।

# सन्दर्भ सामग्री

आहुति । २०६६ । नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष । राजेन्द्र महर्जन, सं. । काठमाडौँः समता फाउण्डेशन ।

पौडेल, एम.एस. । २०७१ । कार्यपत्र प्रस्तुति "जातीय भेदभाव र छुवाछूत अनुसन्धान तथा यसको अभियान", जुरी नेपाल र राष्ट्रिय दलित आयोगद्वारा संयुक्त रूपमा नेपाल बार एसोसियसनको हल, काठमाडौँमा आयोजित अन्तर्क्रिया कार्यक्रम ।

महर्जन, राजेन्द्र र किसान, यामबहादुर, सं. । २०७१ दलन विरूद्ध प्रतिरोध । ललितपुरः समता फाउण्डेशन ।

Awasthi, G. D. & Adhikary, R. 2012. Changes in Nepalese Civil Service After the Adoption of Inclusive Policy and Reform Measures. Kathmandu: Support to Participatory Constitution Building in Nepal/SPCBN/UNDP.

Bishwakarma, T. 2013. Incentive for Inter Caste Marriage between Dalit and Non-Dalit: Challenges and Opportunities in the Context of Nepal. Lalitpur: SIRF/SNV, retrieved on 21 August 2014 from socialinclusion.org.np

CAT. 2005. Conclusions and recommendations of the Committee against Torture NEPAL. Geneva: UN/Committee Against Torture (CAT/C/NPL/CO/2).

CBS. 2011. National Population and Housing Census 2011 (National Report). Volume 01, NPHC 2011. Kathmandu: Government of Nepal/National Planning Commission Secretariat Central Bureau of Statistics.

CEDAW. 2011. Concluding Observations of the Committee on the Elimination of Discrimination Against Women Nepal. Geneva: UN/Committee on the Elimination of Discrimination against Women (CEDAW/C/NPL/CO/2-5).

CERD. 2002. General Recommendation XXIX: General Recommendation on Descent-Based Discrimination. Geneva: UN/Committee on the Elimination of Racial Discrimination (CERD/C/61/Misc.29/rev.1).

CERD. 2004. Concluding Observations of the Committee on the Elimination of Racial Discrimination NEPAL. Geneva: UN/Committee on the Elimination of Racial Discrimination (CERD/C/64/CO/5).

CERD. 2005. General Recommendation XXXI on the Prevention of Racial Discrimination in the Administration and Functioning of the Criminal Justice System. Geneva: UN/Committee on the Elimination of Racial Discrimination (A/60/18, pp. 98-108).

CESCR. 2008. Concluding Observations of the Committee on Economic, Social and Cultural Rights NEPAL. Geneva: UN/Committee on Economic, Social and Cultural Rights (E/C.12/NPL/CO/2).

FEDO. 2013. Annual Report 2013. Lalitpur: Feminist Dalit Organisation/FEDO.

Gautam, R., Upadhyaya U. and Rimal B. 2002. General Federation of Nepalese Trade Unions Report Submission to the Anti-slavery International, UK. accessed on 28 August 2014 www.gefont.org/uploads/articles/Dalits.doc).

HRC. 2009. Draft UN Principles and Guidelines on the Effective Elimination of Discrimination Based on Work and Descent: A Comprehensive Legal Framework to Eliminate Caste Discrimination Globally. Geneva: UN/Human Rights Council (2009 (A/HRC/11/CRP.3).

HRC. 2011. Universal Periodic Report: Report of the Working Group on the Universal Periodic Review Nepal. Geneva: UN/Human Rights Council (A/HRC/17/5).

HRC. 2014. Concluding Observations on the Second Periodic Report of Nepal. Geneva: UN/ Human Rights Committee (CCPR/C/NPL/CO/2).

INSEC. 2013. Nepal Human Rights Year Book 2013. Kathmandu : Informal Sector Service Centre/INSEC.

INSEC. 2014. Nepal Human Rights Year Book 2014. Kathmandu : Informal Sector Service Centre/INSEC.

International Convention on the Elimination of All Forms of Racial Discrimination, 1965

International Covenant on Civil and Political Rights, 1966

International Covenant on Economic, Social and Cultural Rights, 1966

Kisan, Y.B. 2005. The Nepali Dalit Social Movement. Kathmandu: Legal Rights Protection Society.

Kisan, Y.B. 2013. ‘Participatory Democracy and Social Inclusion in Nepal: An Overview of National Policies’. This paper is prepared for the Conference on ‘Inclusion and Participatory Democracy in Nepal’ held in Kathmandu, Nepal, 12-13 December, 2013, conducted by Forum for Participatory Democracy.

LANCAU Nepal. 2013. Final Evaluation of Project ‘Enhancing Access to Justice for Dalits’. Kathmandu: Lawyer’s Campaign for Elimination of Caste Discrimination/LANCAU.

Mulmi, Shreekrishna. (n.d.). National Judicial Academy’s Human Rights Training: The Nepal Experience in Human Rights Education in Asia-Pacific. pp 26 accessed on 23 August 2014 from http://www.hurights.or.jp/archives/asia-pacific/section1/pdf/1%20-%20National%20Judicial%20Academy%27s%20Human%20Rights%20Training-%20Nepal.pdf

Nepali, S.B. 2011. Human Rights Situation of Dalit in Nepal. Lalitpur: Nepal National Dalit Social Welfare Organisation/NNDSWO.

Nepalnews.com. 2014. 'Couples Get Allowance in Inter-Caste Marriage'. 21 August 2014. retrieved on 21 August 2014 from Nepal News.com

NHRC. 2013. Mid-Term Report on the Implementation of Status of Conclusion and Recommendations of Universal Periodic Review of Nepal. Lalitpur: National Human Rights Commission/NHRC

NJA. 2010/2011. Annual Report, 2010/011. Lalitpur: National Judicial Academy/NJA.

NNDSWO. 2012. Annual Report FY 2011/2012. Lalitpur: Nepal National Dalit Social Welfare Organisation/NNDSWO.

NPC. 2013. Nepal Millennium Development Goals, Progress report 2013. Kathmandu: National Planning Commission/NPC-GoN.

OHCHR-Nepal. 2011. Opening the Door to Equality: Access to Justice for Dalits in Nepal. Kathmandu: the Office of the High Commissioner for Human Rights (OHCHR) in Nepal.

PDRC 2011. Report on Preparation Class of Section Officer on Public Service. Kathmandu: Professional Development and Research Centre/PDRC.

SAMATA Foundation. 2014. Benchmarking the Draft UN Principle and Guideline on the Elimination of (Caste) Discrimination based on Work and Descent, NEPAL REPORT. Kathmandu: SAMATA Foundation.

Tuladhar, S.M. 2007. My View of the Nepal Administrative College in Administrative and Management Review, Vol.19, No. 2. Lalitpur: NSAC.

UNDP. 2004. Access to Justice: Practice Note, 9/3/2004.